# कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता


शोधार्थी

धर्मबहादुर शाही

म.प.वि.दर्ता नं. : २०१६-६८-३-१००२-०१४५

परीक्षा क्रमाङ्क : ६८०४००३४


स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टर अन्तर्गत नेपा.शि.५४३ पाठ्यांशको प्रयोजनका लागि नेपाली शिक्षा शिक्षण समितिमा प्रस्तुत

## शोधपत्र

२०७६/२०२०


शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

# प्रतिबद्धता पत्र

प्रस्तुत **कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता** शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय,शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । शोधपत्र मैले सम्बन्धित विषयका पाठ्यपुस्तक, पुराना सन्दर्भग्रन्थ, शोधकार्यहरूको खोज र गहन अध्ययनका साथ सङ्कलन गरिएका सामग्रीहरूको विशेष अध्ययन विश्लेषणबाट तयार पारेको छु । यस शोधपत्रमा मैले कुनै पनि पाठ्यपुस्तक, लेख रचना, पुराना शोधपत्रबाट हुबहु साभार गरेको छैन । प्रस्तुत शोधपत्रलाई सहयोग पुग्ने गरी उपयोग गरिएका कृतिहरूको उही स्थानमा नै सन्दर्भाङ्कन गरिएको छ । यदि मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रूपमा मिलेको भेटिएमा सम्बन्धित संस्थाले रद्द गर्नसक्ने मञ्जुरी दिँदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको छु ।

....................

शोधार्थी

धर्मबहादुर शाही

मध्यपश्चिमाञ्चल विश्वविद्यालय ०८३- ५२३४८५
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
पत्र सं.:
सुर्खेत, नेपाल
चलानी नं.:
मिति : ............

## सिफारिस पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता** शीर्षकको शोधपत्र शोधार्थी धर्मबहादुर शाहीले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उपयुक्त देखिएकाले आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा शिक्षण समिति समक्ष स्वीकृतिका लागि सिफारिस गर्दछु ।

.............................

मिति : वि.सं. २०७६/११/५

उपप्रा. खुमबहादुर खड्का

शोध निर्देशक

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
०८३- ५२३४८५
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
पत्र सं.:
चलानी नं.:
सुर्खेत, नेपाल
मिति : ...........

# स्वीकृति पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय,शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. (५४३) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता** शीर्षकको शोधपत्र शोधार्थी धर्मबहादुर शाहीद्वारा तयार पारिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उपप्रा. खुमबहादुर खड्का | शिक्षण समिति प्रमुख/शोधनिर्देशक | ------------- |
| २. | उपप्रा. रामप्रसाद कँडेल | बाह्य सुपरीवेक्षक | ------------- |
| ३. | उपप्रा. जसवीर रोका | क्याम्पस प्रमुख | ------------- |

मिति : वि.सं. २०७६/११/२३

(सन् मार्च ६, २०१९)

## कृतज्ञता ज्ञापन

प्रस्तुत **कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता** शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय केन्द्रीय क्याम्पस, अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । यस अध्ययनलाई पूर्णता दिनका लागि निकै व्यस्तताका बाबजुद समय उपलब्ध गराई आवश्यक सल्लाह सुझाव दिइ सहयोग गर्नुहुने शिक्षाशास्त्र केन्द्रीय क्याम्पस नेपाली शिक्षा शिक्षण समिति प्रमुख आदरणीय गुरू शोधनिर्देशक उपप्राध्यापक खुमबहादुर खड्का ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र लेखनमा सहयोग गर्नुहुने शिक्षाशास्त्र केन्द्रीय क्याम्पसका क्याम्पस प्रमुख जसविर रोका लगायत निरन्तर परामर्श गरिदिनुहुने गुरूहरू उपप्राध्यापक हरिजङ्ग शाह, उपप्राध्यापक रामप्रसाद कँडेल, उपप्राध्यापक फूलमती खराल, उपप्राध्यापक द्रोणलता खत्री, उपप्राध्यापक लक्ष्मीप्रसाद आचार्य लगायत सम्पूर्ण गुरूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोध कार्यलाई यहाँसम्म पुऱ्याउन तथ्याङ्क उपलब्ध गराइ सहयोग गर्नुहुने नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका प्र.अ., नेपाली विषय शिक्षक तथा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै सामग्री उपलब्ध गराई सहयोग गर्ने पुस्तकालयीय कर्मचारीप्रति हार्दिक आभार प्रकट गर्दछु । अन्तमा छिटो, छरितो र शुद्ध कम्प्युटर सेटिङमा सहयोग गरी दिने नोबेल कम्प्युटर इन्स्टिच्यूटलाई धन्यवाद प्रकट गर्दछु ।

धर्मबहादुर शाही

शोधार्थी

# शोधसार

प्रस्तुत शोधपत्र **कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता** शीर्षकमा केन्द्रित गरिएको छ । यस शोध अध्ययनका उद्देश्यहरू सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्रश्नोत्तर लेखन क्षमताको अवस्था पहिचान गर्नु, कक्षा आठमा अध्ययनरत विद्यार्थीले प्रश्नोत्तर लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु, कक्षा आठमा अध्ययनरत विद्यार्थीले प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको निराकरणका लागि सुझाव दिनु यस अध्ययनका उद्देश्य रहेका छन् । प्रस्तुत अनुसन्धानको ढाँचा गुणात्मक तथा परिमाणात्मक गरी मिश्रित रहेको छ । यो शोधकार्य सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । जसमा सुर्खेत जिल्लाका दुई सामुदायिक विद्यालय र दुई संस्थागत विद्यालय गरी जम्मा चार वटा विद्यालयमा अध्ययन गर्ने ६० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । नमुना छनोट सम्भावनायुक्त नमुना छनोट अन्तर्गत यादृच्छिक नमुनाका रूपमा छनोट गरिएको छ । प्रस्तुत अध्ययन सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रशनोत्तर लेखनमा गर्ने त्रुटिको अध्ययनमा केन्द्रित रहेकाले सोही अनुसार क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधिको उपयोग गरी तथ्याङ्क सङ्कलनका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ ।

यस अध्ययनमा समावेश गरिएका जम्मा २ वटा सामुदायिक र २ वटा संस्थागत गरी जम्मा चार वटा विद्यालयका जम्मा ६० जना विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमता पहिचानका लागि नमुना छनोट गरिएका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूलाई ३० पूर्णाङ्कको प्रश्नावली निर्माण गरिएको छ । कक्षा आठमा अध्ययनर विद्यार्थीहरूको प्रश्नोत्तर लेखनका लागि छुट्टाछुट्टै परीक्षा लिई सोधिएको प्रश्नावलीका आधारमा उत्तरपुस्तिका परीक्षण गरिएको छ । विद्यालयमा गई विद्यार्थीको प्रश्नावलीमा प्रश्नोत्तर लेखनका क्षेत्रहरू यान्त्रिक पक्ष ५, विषयगत ज्ञान १०, वर्णविन्यासमा ५ र वाक्य विन्यासमा १० पूर्णाङ्क निर्धारण गरी मूल्याङ्कन गरिएको छ । उक्त मूल्याङ्कनका आधारमा प्राप्ताङ्क दिई विद्यार्थीको स्तर निर्धारण गरिएको छ ।

यान्त्रिक पक्षका सामान्य स्तरको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीको स्तर कमजोर रहेको छ । विषयगत ज्ञानका आधारमा ७-९ अङ्क अर्थात ७० देखि ९० प्रतिशत ल्याएको देखिन्छ । संस्थागत विद्यालयका उत्तम श्रेणीको अङ्क

प्राप्त गर्ने विद्यार्थी बढी रहेका छन् भने मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेकाले वाक्यविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता रामो रहेको छ ।

प्रश्नोत्तर लेखनको तुलनात्मक अध्ययनमा यान्त्रिक पक्षका आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू उत्तम श्रेणीमा ७ जना अर्थात २३.३३ प्रतिशत र सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयको यान्त्रिक पक्षमा प्रश्नोत्तर लेखन क्षमता राम्रो रहेको छ । विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू उत्तम श्रेणीमा बढी क्रमशः ९ जना अर्थात ३० प्रतिशत रहेकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयको विषयगत ज्ञानका आधारमा प्रश्नोत्तरलेखन क्षमता राम्रो रहेको छ । वर्णविन्यासका आधारमा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू उत्तम श्रेणीमा बढी ५ जना अर्थात १६.६६ प्रतिशत रहेकाले संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयको वर्णविन्यास प्रश्नोत्तर लेखन क्षमता राम्रो रहेको छ । वाक्यविन्यासका आधारमा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू उत्तम श्रेणीमा बढी १५ जना अर्थात ५० प्रतिशत रहेकाले सामुदायिक विद्यालयको राम्रो रहेको छ । यान्त्रिक पक्षका आधारमा सामान्य श्रेणीमा सामुदायिक विद्यालय १६ जना अर्थात ५३.३४ प्रतिशत र संस्थागत विद्यालयका ७ जना अर्थात २३.३३ प्रतिशत विद्यार्थी रहेका छन् । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा यान्त्रिक पक्ष राम्रो रहेको छ । विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीमा ५ जना अर्थात १६.६६ प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयका ९ जना अर्थात ३० प्रतिशत रहेका छन् । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा विषयगत ज्ञान राम्रो रहेको छ । वर्णविन्यासमा उत्तम श्रेणीमा ५ जना अर्थात १६.६६ प्रतिशत र संस्थागत विद्यालयका १५ जना अर्थात ५० प्रतिशत रहेका छन् । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वर्णविन्यास क्षमता राम्रो रहेको छ । वाक्यविन्यासमा उत्तम श्रेणीमा १५ जना अर्थात ५० प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयका १२ जना अर्थात ४० प्रतिशत रहेका छन् । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वाक्यविन्यास क्षमता कमजोर रहेको छ ।

# विषय सूची


| क्र.सं. शीर्षक | पृष्ठ सङ्ख्या |
| --- | --- |
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| शोधसार | ङ |
| विषय सूची | छ |
| तालिका सूची | ञ |
| सङ्क्षिप्त शब्दावलीको पूरा रूप | ट |
| चिन्ह सूची | ठ |
| अध्याय : एक | |
| शोध परिचय | १-५ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | २ |
| १.३ अध्ययनको उद्देश्य | ३ |
| १.४ अध्ययनको औचित्य | ३ |
| १.५ अध्ययनको परिसीमा | ४ |
| १.६ शोधपत्रको रूपरेखा | ५ |
| अध्याय : दुई | |
| पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा | ६-४० |
| २.१ पूर्वकार्यको समीक्षा र उपादेयता | ६ |
| २.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा | १० |
| २.२.१ मूल्याङ्कनको परिचय | १३ |
| २.२.२ मूल्याङ्कनको परिभाषा | १३ |
| २.२.३ परीक्षा र मूल्याङ्कन | १५ |
| २.२.४ भाषिक मूल्याङ्कन र परीक्षा | १६ |
| २.२.५ भाषिक मूल्याङ्कनको प्रकृति | १६ |
| २.२.६ परीक्षणका प्रचलित युक्ति | १९ |

२.२.७ परीक्षाका अन्य युक्ति २०
२.२.८ प्रश्नका प्रकार २२
२.३.९ परीक्षण अङ्कन वा मापन विधि प्रविधि र तिनको प्रयोग २७
२.३ त्रुटि विश्लेषणको परिचय ३०
२.३.१ त्रुटि विश्लेषणको महत्व ३२
२.३.२ त्रुटिको वर्गीकरण ३३
२.३.३ त्रुटि विश्लेषण प्रक्रिया ३८
२.४ अध्ययनको अवधारणात्मक खाका ४०
**अध्याय : तीन**
**अनुसन्धान विधि र प्रक्रिया ४१-४४**
३.१. अनुसन्धानको ढाँचा ४१
३.२ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट ४१
३.३ तथ्याङ्कको प्रकृति र स्रोत ४१
३.४ सामग्री निर्माण र मानकीकरण ४२
३.५ तथ्याङ्क सङ्कलनका विधि ४२
३.६ तथ्याङ्कको व्याख्या विश्लेषण ४३
३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा ४४
**अध्याय : चार**
**तथ्याङ्कको व्याख्या र विश्लेषण ४५-७८**
४.१ कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्रश्नोत्तर लेखनमा क्षमता ४५
४.१.१ यान्त्रिक पक्ष ४५
४.१.२ विषयगत ज्ञान ४७
४.१.३ वर्णविन्यास ५७
४.१.४ वाक्यविन्यास ६३
४.२ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनको तुलना ७०
४.२.१ यान्त्रिक पक्षको तुलना ७०
४.२.२ विषयगत ज्ञानको तुलना ७१
४.२.३ वर्णविन्यासको तुलना ७३
२.२.४ वाक्यविन्यासको तुलना ७३

२.२५ समग्र क्षेत्रका आधारमा प्रश्नोत्तर लेखन क्षमता ७५
४.३ प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको निराकरण ७६

**अध्याय : पाँच**

**निष्कर्ष र सुझाव ७९-८६**

५.१ निष्कर्ष ७९
५.२ सुझाव ८३
५.२.१ नीतिगत तह ८३
५.२.२ कार्यान्वयन तह ८४
५.२.३ अनुसन्धानात्मक तह ८५
५.२.३ भावी अनुसन्धानका शोध शीर्षक ८६

**सन्दर्भ ग्रन्थसूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिका सूची


| तालिका नं. | | पृष्ठ सं. |
|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा यान्त्रिक पक्ष | ४७ |
| २ | श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि.को प्रश्नोत्तरमा यान्त्रिक पक्ष | ४७ |
| ३ | डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलको प्रश्नोत्तरमा यान्त्रिक पक्ष | ४९ |
| ४ | ह्युरिष्टिक स्कुल एण्ड रिसर्च सेन्टरको प्रश्नोत्तरमा यान्त्रिक पक्ष | ५० |
| ५ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान | ५२ |
| ६ | श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्रामका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान | ५३ |
| ७ | डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान | ५५ |
| ८ | ह्युरिष्टिक स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान | ५६ |
| ९ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास | ५८ |
| १० | श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्रामका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास | ५९ |
| ११ | डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास | ६० |
| १२ | ह्युरिष्टिक स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास | ६२ |
| १३ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा वाक्यविन्यास | ६४ |
| १४ | श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि.का विद्यार्थीको प्रश्नोत्तरमा वाक्यविन्यास | ६५ |
| १५ | डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा वाक्यविन्यास | ६७ |
| १६ | ह्युरिष्टिक स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा वाक्यविन्यास | ६७ |
| १७ | यान्त्रिक पक्षको तुलना | ६९ |
| १८ | विषयगत ज्ञानको तुलना | ६९ |
| १९ | वर्णविन्यासको तुलना | ७१ |
| २० | वाक्यविन्यासको तुलना | ७२ |
| २१ | समग्र क्षेत्रका आधारमा प्रश्नोत्तर लेखन क्षमता | ७५ |

# सङ्क्षिप्त शब्दावलीको पूरा रूप

| | | |
|---|---|---|
| उपप्रा. | : | उपप्राध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| एम.एड. | : | मास्टर अफ एजुकेसन |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| न.पा. | : | नगरपालिका |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प्रा. | : | प्राध्यापक |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ.सं. | : | पृष्ठ सङ्ख्या |
| म.प.वि. | : | मध्यपश्चिमाञ्चल विश्वविद्यालय |
| वि.सं. | : | विक्रम संवत् |
| संस्क. | : | संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |

# चिन्ह सूची

| | | |
|---|---|---|
| ( ँ ) | : | चन्द्रविन्दु |
| ( । ) | : | पूर्ण विराम |
| ( ? ) | : | प्रश्नवाचक |
| ( , ) | : | अल्पविराम |
| ( / ) | : | विकल्प बोधक |
| (  ) | : | कोष्ठक |
| ( ‘ ’ ) | : | एकल उद्धरण |
| (“  ”) | : | युगल उद्धरण |
| ( : ) | : | विसर्ग |
| ( ं ) | : | शिरविन्दु |
| ( - ) | : | योजक |

# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा सिक्ने सिकारूले के कस्तो त्रुटि गर्दछन् र ती त्रुटि के कसरी हुन्छन् भनी अध्ययन गर्ने विषयलाई त्रुटि विश्लेषण भनिन्छ । कुनै कुरा सिक्दा प्रयत्न भूल अनुकरण अनुसार सिक्छन् । त्रुटिबिना भाषाको सिकाइ सम्भव हुँदैन, त्यसैले त्रुटिलाई भाषा सिकाइका क्रममा देखापर्ने स्वभाविक प्रक्रिया वा सिकाइक्रमगत प्रवृत्तिका रूपमा लिनुपर्छ । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा विविध कारणले विविधता पाइन्छ । फरक पृष्ठभूमिबाट आएका विद्यार्थीको सिक्ने क्षमता पनि विविध कारणले फरक नै देखिन्छन् । विद्यालयमा फरक पृष्ठभूमि तथा क्षमताका कारणले गर्दा उनीहरूको सिकाइ क्षमतामा पनि फरक देखिन्छ । पठन पाठनको क्रममा फरक फरक पृष्ठभूमि र क्षमताका विद्यार्थी एकै किसिमले नभई फरक किसिमले अग्रगामी हुन्छन् । अन्य विषय जस्तै भाषा सिकाइमा पनि विद्यार्थीहरूमा विविधता देखिन्छ । सिक्ने क्रममा विद्यार्थीहरू भूल र प्रयत्नका माध्यमले अगाडि बढी रहन्छन् । अन्य विषयको जस्तै भाषा सिकाइको क्रममा पनि विद्यार्थीहरूमा विविधता देखिन्छ । सिक्ने क्रममा विद्यार्थीहरू भूल र प्रयत्नका माध्यमले अगाडि बढी रहन्छन् ।

अन्य विषयको जस्तै भाषा सिकाइको क्रममा पनि विद्यार्थीहरूले त्रुटि गर्ने गर्दछन् । त्रुटि गर्दै भाषा सिक्छन् । विद्यार्थीले अध्ययनका क्रममा के कस्ता कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा अध्ययन गर्ने सिद्धान्त त्रुटि विश्लेषण हो । प्रश्नोत्तर, वाक्य रचना र शब्द प्रयोग उपयुक्तता, वैचारिक सिलाबद्ध, अनुच्छेद गठन, प्रवाहमयता, विषयवस्तुको प्रासङ्गिकता तथा वर्णविन्यास, विराम चिह्न प्रयोग किनारा छोडाइ, सफा शुद्धाशुद्धि लेखन सीपको विकास गर्दै त्रुटिको निराकरण गरिन्छ । अभिव्यक्ति सीपका लागि स्वतन्त्र र निर्देशित प्रकृतिका प्रश्नहरू राख्न सकिन्छ । सिकारूले सिक्दै गरेको भाषा प्रत्यक्ष प्रक्रियाद्वारा त्रुटि विश्लेषण गरी प्राप्त हुने सूचनाहरू भाषा सिकाइका समस्या समाधान गर्ने महत्वपूर्ण आधार हुन सक्छन् भन्ने मान्यता यस सिद्धान्तले राख्दछ । भाषा सिक्ने क्रममा विद्यालयले गर्ने त्रुटिलाई त्रुटि विश्लेषणको

स्वभाविक प्रक्रिया ठान्दछन् । त्रुटि विश्लेषणले विद्यार्थीले गर्ने त्रुटिको अध्ययन विश्लेषण र वर्गीकरण गर्ने काम गर्दछ । विद्यार्थीले सिकाइका क्रममा विभिन्न खालका त्रुटिहरू गर्दछन् । यो अध्ययन पनि विशेष गरी कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले गर्ने त्रुटिमा केन्द्रित छ । यस शोध अध्ययनमा सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूले प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको अध्ययन गरिएको छ । विद्यार्थीले प्रश्नोत्तर लेखन सिलसिलामा गर्ने त्रुटिको अध्ययन यस शोध अध्ययनमा गरिएको छ । मूलतः यो शोध विद्यार्थीले गर्ने यान्त्रिक पक्ष, विषगत ज्ञान, वर्णविन्यास र वाक्यविज्ञास सम्बन्धी अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्या कथन

अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याको कथनको रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धान कार्यका सिलसिलामा समस्या भन्नाले अनुसन्धानको विषयवस्तु भन्ने बुझ्नु पर्दछ । समस्या शोधको महत्वपूर्ण अङ्ग हो । शोधकार्य सम्बन्धित विषयका समस्यालाई घोषणात्मक र प्रश्नात्मक रूपमा प्रस्तुत गर्नुपर्दछ । प्रश्नोत्तर लेखन लेखाइ सीपको महत्वपूर्ण आधार हो । प्रश्नोत्तर लेखनको अभ्यासले व्यक्तिको शुद्धाशुद्धि लेखन सीपको विकास हुन्छ । सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ ।

(क) सुर्खेत जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्रश्नोत्तर लेखनमा गर्ने त्रुटि कस्ता छन् ?

(ख) विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा त्रुटिको अन्तर के कति रहेको छ ?

(ग) सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीको प्रश्नोत्तर लेखनमा कमजोरी हटाउन के कस्तो उपायहरू अवलम्बन गर्न आवश्यक छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्यनयका उद्देश्य यस प्रकार रहेका छन् :

(क) सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अवस्था पहिचान गर्नु,

(ख) कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु,

(ग) कक्षा आठमा अध्ययनरत विद्यार्थीले प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको निराकरणका लागि सुझाव दिनु ।

## १.४ अध्ययनको औचित्य

भाषा सिकाइको क्रममा विद्यार्थीहरूले विभिन्न किसिमका त्रुटिहरू गर्ने गर्दछन् । त्रुटिलाई सच्याउँदै सिकाइ प्रक्रिया अघि बढ्दछ । भूल र प्रयत्नका आधारमा सिकाइ अगाडि बढ्ने भएका कारणले भाषा सिकारूले त्रुटि निराकरण गर्दै त्रुटिलाई सच्याउँदै अगाडि बढ्नु पर्छ । भाषा सिकारूले गर्ने त्रुटि निराकरण गरी शिक्षणलाई प्रभावकारी बनाउन सिकारूले गर्ने त्रुटिको पहिचान, विश्लेषण र निराकरण गर्न त्यतिनै आवश्यक देखिन्छ । भाषा सिकाइको क्रममा सिकारूले गर्ने त्रुटिको पहिचान गरी सही शिक्षणका लागि त्रुटि विश्लेषण आवश्यक देखिन्छ । प्रस्तुत शोध अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीले प्रश्नोत्तर लेखन क्षमतामा गर्ने त्रुटिको अध्ययन विश्लेषणमा केन्द्रित छ । प्रश्नोत्तर शिक्षणको क्रममा गरिने त्रुटि विश्लेषण विद्यार्थीका भाषिक त्रुटिको निराकरण गर्न, त्रुटि विश्लेषणबाटै शिक्षकलाई शिक्षण विधि र सामग्रीको छनोट गर्न र पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा सहयोग पुग्दछ । यस अध्ययनको औचित्य निम्नानुसार रहेका छन् :

(क) यस अध्ययनबाट भाषा सिकाइको क्रममा सिकारूले गर्ने त्रुटि पहिचान गरी निराकरण गर्न सहयोग पुग्ने भएकाले,

(ख) यो अध्ययनबाट विद्यार्थीका भाषिक त्रुटिले निराकरणमा सहयोग पुगी प्रभावकारी भाषिक अभिक्षमताको विकास गर्न सहयोग पुग्ने भएकाले,

(ग) यसका साथसाथै शिक्षणको क्रममा विद्यार्थीले के कस्ता त्रुटिहरू पर्दछन् र ती त्रुटिको निराकरण गर्न के कस्ता शिक्षण विधि,क्रियाकलाप तथा सामग्रीको छनोट गर्ने भन्ने कुरामा शिक्षकलाई समेत यस अध्ययनले सहयोग पुग्ने भएकाले,

(घ) विद्यार्थीको प्रकृतिका आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री र सन्दर्भ सामग्री निर्माणमा समेत यस अध्ययनले सहयोग पुऱ्याउने भएकाले,

(ङ) यस अध्ययनले लेखनका क्रममा विद्यार्थीमा देखिने त्रुटिको पहिचान, विश्लेषण भाषिक अभिक्षमताको विकास गर्न, शिक्षकलाई शिक्षणको कौशलको विकास गर्न सहयोग गर्ने भएकाले,

(च) यस शोधपत्रले भावी अध्ययन र अनुसन्धानका लागि समेत शोधार्थीलाई यस शोध अध्ययनले सहयोग पुऱ्याउने भएकाले यो शोध अध्ययन औचित्यपूर्ण छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोध अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्रश्नेत्तर लेखन क्षमताको अध्ययनमा केन्द्रित छ । प्रस्तुत अध्ययन सुर्खेत जिल्लाका निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीमा केन्द्रित छ ।

(क) प्रस्तुत शोध प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको अध्ययनमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोध अध्ययन सुर्खेत जिल्लाका चार वटा विद्यालयका १५/१५ जना विद्यार्थी पर्ने गरी जम्मा ६० जना विद्यार्थीको प्रश्नोत्तर लेखनमा केन्द्रित रहेको छ ।

(ग) प्रस्तुत अध्ययनमा सङ्क्षिप्त तथा निबन्धात्मक प्रश्नोत्तर लेखनमा विद्यार्थीले गरेका त्रुटिहरूको अध्ययनमा सीमित रहेको छ ।

(घ) प्रस्तुत शोध अध्ययनमा यान्त्रिक पक्ष, विषयगत ज्ञान, वर्णविन्यास र वाक्यविन्यास सम्बन्धी त्रुटिमा सीमित रहेको छ ।

(ङ) यस अध्ययनमा कक्षा आठका विद्यार्थीहरूको बाहेक अन्य कक्षाको अध्ययन गरिएको छैन ।

(च) यस अधययनमा प्रश्नोत्तर लेखनका  अन्य लेखनको अध्ययन गरिएको छैन ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र स्पष्ट बनाउन विभिन्न अध्यायहरूमा विभाजन गरी विभिन्न शीर्षक र उपशीर्षकहरू राखिएको छ । यस शोधकार्यको मोटामोटी रूपरेखा यस प्रकार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अनुसन्धान विधि र प्रक्रिया

अध्याय चार : तथ्याङ्कको व्याख्या विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भ ग्रन्थसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा र उपादेयता

प्रस्तुत अध्ययनमा सम्बन्धित सैद्धान्तिक पुस्तक र शोध प्रतिवेदनहरूको समीक्षा निम्नानुसार गरिएको छ :

दौल्याल (२०६४) द्वारा **कञ्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध अध्ययन भएको पाइयो । उक्त अनुसन्धानमा कञ्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, लिङ्गगत, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका दृष्टिले कञ्चनपुर जिल्लाका विद्यार्थीहरू पहिचान गरी निराकरणका उपयोग पहिल्याउनु उद्देश्य रहेको छ । प्रस्तुत अनुसन्धानमा क्षेत्रीय अध्ययन विधिको उपायेग गरिएको छ । प्रस्तुत शोधकार्य कञ्चनपुर जिल्लाका चार गा.वि.स.का विद्यालय र चार नगरपालिकाका आठ विद्यालयका १०/१० जना गरी जम्मा ८० जना विद्यार्थीलाई नमुना छनोटको रूपमा छनोट गरिएको छ । सामग्रीको निर्माणका क्रममा एउटा निबन्ध लेखनको शीर्षक तयार पारिएको छ । पूर्व परीक्षणका क्रममा छनोटमा परेका मध्ये एउटा विद्यालयका १० जना विद्यार्थीलाई चारवटा शीर्षकमा परीक्षण गरी उपयुक्तताका आधारमा शीर्षक छनोट गरिएको छ । तथ्याङ्क सङ्कलनका निम्ति छनोट भएको शीर्षकमा सम्बन्धित विद्यालयका ८० जना विद्यार्थीलाई परीक्षा लिइएको छ । त्यसबाट प्राप्त उत्तरपुस्तिकालाई उत्तरकुञ्जिकाका आधारमा परीक्षण गरी तथ्याङ्क लिई प्रतिशतमा रूपान्तरण गरी त्यसैका आधारमा व्याख्या र विश्लेषण गरिएको पाइन्छ । उक्त अध्ययनमा प्रतिशत र मध्यमानको आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको पाइन्छ । तुलनात्मक रूपमा सरकारी विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमता कमजोर रहेको पाइन्छ । दोस्रो भाषी नेपालीभन्दा पहिलो भाषी नेपाली विद्यार्थीको निबन्ध लेखन क्षमता राम्रो रहेको, छात्राको तुलनामा छात्रको निबन्ध लेखन क्षमता राम्रो रहेको

र ग्रामीण क्षेत्रका विद्यार्थीहरूको तुलनामा सहरी क्षेत्रका विद्यार्थीको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यसले प्रस्तुत अध्ययनको पृष्ठभूमि निर्माण गर्न सहयोग गर्ने भएकाले उपादेयता छ ।

वली (२०६६) द्वारा **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले लेखनमा गर्ने त्रुटिको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा रुकुम जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले लेखनमा गर्ने त्रुटिहरूको पहिचान गर्न, लेखनमा गर्ने त्रुटिको वर्गीकरण र विश्लेषण गरी त्रुटि निराकरणका लागि सुझाव दिनु जस्ता उद्देश्य राखिएको छ । यो शोधपत्र रुकुम जिल्लाको पश्चिमी भेगमा अवस्थित पाँच ओटा विद्यालयका कक्षा सातमा अध्ययनरत १०/१० जना जना ५० जना विद्यार्थीहरूलाई यादृच्छिक नमुना छनोट पद्धतिबाट छनोट गरी सामग्री सङ्कलन गरी त्रुटिको विश्लेषण गरिएको छ । प्रस्तुत शोध अध्ययनलाई पाँच भागमा विभाजन गरिएको छ । यस शोधलाई पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी कक्षा सातका विद्यार्थीको लेखन क्षमताको परीक्षण गरिएको छ । प्रस्तुत शोध अध्ययनमा गुणात्मक र परिमाणात्मक दुवै ढाँचाको प्रयोग गरिएको छ भने तथ्याङ्क संकलनका साधनका रुपमा प्राथमिक र द्वितीय सामग्रीको प्रयोग गरिएको छ । यस शोधपत्रमा कक्षा सातका विद्यार्थीहरूको त्रुटिहरूको विश्लेषण गर्दा सबैभन्दा बढी विद्यार्थीहरूको ह्रस्व र दीर्घ सम्बन्धी त्रुटि गरेको, अन्य वर्ण विन्यासको त्रुटिहरू ह्रस्व र दीर्घको सापेक्षतामा कम गरेको जस्ता निष्कर्षहरू समावेश गरिएको छ । यस शोधपत्रको अध्ययनले प्रस्तुत अध्ययनको सीमा निर्धारण, उद्देश्य निर्माण गर्नमा सहयोग गर्ने भएकाले यसको उपादेयता रहेको छ ।

कार्की (२०६९) द्वारा **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषा लेखनमा गर्ने वर्णविन्यासगत त्रुटिको अध्ययन** शीर्षकमा शोधकार्य गरेका छन् । यस शोधकार्यको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्णविन्यास सम्बन्धी त्रुटिको पहिचान गर्नु र वर्णविन्यासगत त्रुटिका कारण पत्ता लगाई निराकरणका लागि अपनाइने उपायहरू पत्ता लगाउनु जस्ता उद्देश्य रहेका छन् । प्रस्तुत अनुसन्धानमा क्षेत्रीय अध्ययन विधिको र स्थलगत अध्ययन विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधकार्य चौरजहारी रुकुमका दुईवटा निजी र दुईवटा सामुदायिक विद्यालय गरी जम्मा चारवटा विद्यालयका कक्षा ९ मा अध्ययरनत विद्यार्थीहरूलाई

समेटिएको छ । चार विद्यालयका १५/१५ जना गरी जम्मा ६० जना विद्यार्थीहरूलाई नमुना छनोटको रुपमा गरिएको छ । शब्दादिमा रही जवाफ दिने ५७ जना र गलत जवाफ दिने ३ जना भेटिएको छन् । शीतल उ.मा.वि. १ जनाले बेठीक गरेका, भ्याली पब्लिक उ.मा.वि. मा पनि एक जनाले गल्ती गरेको, सरस्वती एड्भान्स उ.मा.वि. पनि एक जनाले मात्र गल्ती गरेको भेटिएको छ । प्रस्तुत शोध अध्ययनमा श., ष, स को प्रयोगमा निजी विद्यालयका विद्यार्थीहरूले गल्ती गरेका छन् । ऋ, रि, री को प्रयोगमा पनि निजी विद्यालयमा नै देखाएको छ । प्रस्तुत शोधपत्रमा सुझावका रुपमा विद्यार्थीहरूलाई कालोपाटीमा प्रशस्त अभ्यास गराउनुपर्ने कुरा उल्लेख छ । कालोपाटीमा शब्दलेखि मेटाएर  लेखन लगाउनुपर्छ भनीएको छ । यस शोधमा समूह प्रदान गरी अङ्कका आधारमा उत्साह जगाउने, मातृभाषाको अभ्यास बढी गराउने, सस्वरवाचन गृहकार्यमा बढी अभ्यास गराउने, वर्णविन्यास सम्बन्धी थपकक्षा सञ्चालन गर्ने जस्ता सल्लाह सुझाव सहित यो शोधकार्य तयार गरिएको छ । यस शोधले प्रस्तुत शोधकार्यमा विद्यार्थीले गर्ने वर्णविन्यास र सबल सक्षम भाषाको प्रयोग समाचार दाताले गर्ने वर्णविन्यासगत त्रुटिको भिन्न्ता पहिल्याउनका लागि सहयोग गरेकाले उपयोगी रहेको छ ।

सिंह (२०६९) द्वारा **शैक्षिक अनुसन्धान पद्धति** नामक पुस्तक प्रकाशित गरिएको छ । जुन पुस्तकमा अनुसन्धनका कार्य क्षेत्रहरू समावेश गरिएको छ । यसमा अनुसन्धानका समस्या तथा उद्देश्य जनसङ्ख्या नमुना छनोट तथ्याङ्क सङ्कलनका विधि र साधनहरूको बारेमा स्पष्ट गराएको छ । प्रस्तुत पुस्तकले अनुसन्धान कार्यमा सहयोग पुऱ्याएको छ । यस पुस्तकले विभिन्न नमूनाका त्रुटिहरू सम्बन्धी विभिन्न जानकारी प्रस्तुत गरिएको छ । यस पुस्तकले प्रस्तुत शोधकार्यको सैद्धान्तिक खण्डमा सहयोग गर्ने भएकाले यो उपयोगी रहेको छ ।

निउरे र घिमिरे (२०७२) द्वारा **भाषिक अनुसन्धान विधि** नामक पुस्तक प्रकाशित गरिएको छ । यस पाठ्यपुस्तकमा भाषिक अनुसन्धानका सामान्य विधिहरू रहेका छन् । विशेष विधिहरूमा अन्त्यः प्रेक्षाप्तक अध्ययन विधि, समस्या अध्ययन विधि, जाति भाषिक अध्ययन विधिको चर्चा गरिएको छ । यस भाषिक अनुसन्धानमा सामग्री निर्माण नमूना छनोट, मानकीकरण, तथ्याङ्क सङ्कलनका स्रोत, प्रश्नावली, अन्तर्वार्ता, मतावली, जाँचसूची, अवलोकन, मध्यमान, प्रतिशत, मानक विचलन आदि गणितीय सिकाइ उपलब्धीहरू रहेका छन् । यसले प्रस्तुत शोधको

तथ्याङ्क सङ्कलनका स्रोत, प्रश्नावली निर्माण कार्यमा सहयोग गर्ने भएकाले उपयोगी रहेको छ ।

बोहरा (२०७२) द्वारा **लिम्सा स्रोतकेन्द्र अन्तर्गतका कक्षा सातमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमता** नामक शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना गर्नु, शब्दभण्डार क्षमताको अभिवृद्धि गर्ने उपायहरू पहिल्याउनु यस अध्ययनका उद्देश्य रहेका छन् । यस शोधपत्रमा क्षेत्रीय र पुस्तकालय अध्ययन विधिको उपयोग गरिएको छ । प्रस्तुत शोधमा लिम्सा स्रोतकेन्द्र अन्तर्गत पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीलई नमुनाको छनोटका रूपमा रहेका छन् । प्रत्येक विद्यालयका १० प्रतिशत विद्यार्थीलाई चिठ्ठा प्रणालीद्वारा नमुनाका रूपमा छनोट  गरिएको छ । नमुनाका  रूपमा छनोट गरिएका विद्यालयमा गई प्रश्नावलीको उपयोग गरी उक्त परीक्षण पश्चात् उत्तरकुञ्जिका तयार पारी तथ्याङ्क सङ्कलन गरिएको छ । सो शोधकार्यमा तथ्याङ्कको अध्ययन विश्लेषण गर्दा सम्बन्धित पाठ्यपुस्तकमा समावेश गरिएको शब्दभण्डारमा विद्यार्थीको क्षमता स्तर मध्यम रहेको देखिएको छ । विद्यार्थीको शब्दभण्डार क्षमता अभिवृद्धि गर्न तालिम प्राप्त शिक्षक, शिक्षण व्याकरण खण्डको अभ्यास बढी गराई विद्यार्थीको रूचि, चाहना र आवश्यकता अनुसार साामग्रीको प्रयोगमा जोड दिनुपर्ने सुझाव दिइएको छ । उक्त शोधपत्रले प्रस्तुत अध्ययनलाई समस्या कथन र उद्देश्यहरू निर्माण गर्न र अध्ययनको पृष्ठभूमि र उद्देश्य तयार गर्नमा सहयोग गर्ने भएकाले उपयोगी रहेको छ ।

खड्का (२०७३) द्वारा **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको व्याकरणिक क्षमताको अध्ययन** नामक शोधपत्र तयार गरिएको छ । प्रस्तुत अध्ययनको मुख्यउद्देश्य सामुदायिक र संस्थागत विद्यालयमा अध्ययरत कक्षा नौका विद्यार्थीहरूको व्याकणिक क्षमताको पहिचान गर्नु रहेको छ । विद्यार्थीको व्याकरण क्षमतामा देखिएका कमजोरी सुधारका लागि सुझाव दिने अर्को उद्देश्य रहेको छ । उक्त शोधकार्यलाई पूरा गर्न क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधकार्य सुर्खेत उपत्यका भित्रका तीनवटा सामुदायिक र तीनवटा संस्थागत विद्यालयका १५/१५ जना गरी जम्मा ९० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा छनोट गरिएको छ । सामग्रीका रूपमा प्रश्नपत्र र लक्षित समूह छलफललाई तथ्यांक सङ्कलन गर्ने साधनको रूपमा

लिइएको छ । यस शोधकार्यलाई हेर्दा सामुदायिक विद्यालयका तुनलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूले बढी अङ्क ल्याएको देखिन्छ । यसै आधारमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको व्याकरणगत क्षमता, शब्द निर्माण, काल शब्दवर्ग र पदसङ्गतिमा क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको अध्ययनले उद्देश्य तयार गर्न सहयोग गर्ने भएकाले उपयोग गरिएको छ ।

ढकाल (२०७३) द्वारा लिखित **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम** नामक पुस्तक प्रकाशित गरिएको छ । शिक्षाशास्त्र सङ्कायका स्नातकोत्तर तहमा ऐच्छिक नेपाली लिएर पढ्ने विद्यार्थीहरूको सिकाइलाई सबलीकरण गर्नका लागि सहयोग पुऱ्याएको छ । प्रस्तुत पुस्तक त्रुटि विश्लेषणसँग सम्बद्ध पुस्तक हो । एकाइ सात पृष्ठ १३८ देखि १५२ सम्ममा त्रुटिको परिचय, आवश्यकता, त्रुटिको क्षेत्र, त्रुटिको वर्गीकरण, त्रुटिको सैद्धान्तिक अवधारणा र त्रुटि विश्लेषणको प्रक्रियाहरू समावेश गरिएको छ । यसले यस शोध अध्ययनको सैद्धान्तिक अवधारणा निर्माण गर्नमा सहयोग पुऱ्याउने भएकाले उपयोगी रहेको छ ।

पौडेल (२०७३) द्वारा लिखित **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू** नामक पुस्तक प्रकाशन गरिएको छ । यो पुस्तक त्रि.वि.वि. शिक्षा सङ्काय अन्तर्गत दुई वर्षे एम.एड. को नेपाली शिक्षा ५२३ को त्रुटि विश्लेषणसँग सन्दर्भ पुस्तक हो । यस पुस्तकको (एकाइ सात पृष्ठ १९८) मा त्रुटि विश्लेषणको परिचय, आवश्यकता र महत्त्व, त्रुटिमा पाइने प्रमुख क्षेत्र र वर्गीकरण त्रुटि विश्लेषण प्रक्रियाहरू समावेश गरिएको छ । उक्त पुस्तकले यस अनुसन्धान कार्यको त्रुटि सम्बन्धी सैद्धान्तिक अवधारणा उल्लेख गरिएको र यसले सैद्धान्तिक खण्ड निर्माणमा सहयोग पुऱ्याउनुका साथै र त्रुटि सम्बन्धी ज्ञान प्रदान गर्ने भएकाले प्रस्तुत शोधमा यसको उपयोग गरिएको छ ।

शर्मा र पौडेल (२०७३) द्वारा **नेपाली भाषा र साहित्य शिक्षण** शीर्षक नामक पुस्तक प्रकाशन भएको छ । प्रस्तुत पुस्तक त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९१ विषयको पाठ्यांशमा आधारित पाठ्यसामग्री हो । एकाइ सातमा व्याकरण शिक्षणसँग सम्बन्धित र एकाइ एघारमा मूल्याङ्कन र प्रश्न निर्माण तथा परीक्षण र मापन आधारहरूको निर्धारण राखिएको छ । भाषिक शुद्धता र व्याकरणिक सेचतता, वर्णविन्यास

शिक्षणको परिचय र प्रयोजन, वर्णविन्यासका प्रमुख त्रुटिको क्षेत्र उल्लेख गरिएको छ । उक्त पुस्तकले शोधयकार्यलाई सैद्धान्तिक खण्ड लेखनमा अगाडि बढाउन सहयोग गर्ने भएकाले उपयोगी रहेको छ ।

शर्मा र पौडेल (२०७४) द्वारा लिखित **नेपाली भाषा शिक्षणका सन्दर्भहरू** पुस्तक त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय चार वर्षे स्नातक (बी.एड.) नेपा.शि. ४९० को भाषा शिक्षणसँग सम्बद्ध सन्दर्भ पुस्तक हो । यस पुस्तकमा वर्णविन्यास शिक्षणको परिचय आवश्यकता त्रुटि क्षेत्र शिक्षण कार्यकलापको व्याख्या र विश्लेषण यसमा गरिएको छ । यस पुस्तकले यो शोधकार्यमा अध्ययनको पृष्ठभूमि तथा सैद्धान्तिक खण्ड निर्माणमा सहयोग भएकाले उपयोग गरिएको छ ।

लुइटेल (२०७४) द्वारा तयार पारिएको **नेपाली वर्णविन्यास (नियम, समस्या र समाधान)** नामक पुस्तक प्रकाशन गरेका छन् । यस पुस्तकमा ह्रस्व-दीर्घ सम्बन्धी नियम, ब, व को प्रयोग सम्बन्धी नियम, य, यि, इ, यी, ई ये, ए को प्रयोग सम्बन्धी नियम ऋ, रि को प्रयोग सम्बन्धी नियम, श, ष, स को प्रयोग सम्बन्धी नियम, क्ष/क्षे/क्ष्य को प्रयोग सम्बन्धी नियम, छ/छे/छ्य को प्रयोग सम्बन्धी नियम, ज्ञ, ग्या, ग्य को प्रयोग सम्बन्धी नियम, चन्द्रबिन्दु र शिरबिन्दु र पञ्चम वर्णको प्रयोग सम्बन्धी नियम, पदयोग र पदवियोग सम्बन्धी नियमहरू व्यापक रूपमा व्याख्या र विश्लेषण गरिएको छ । उक्त पुस्तकले यस शोधकार्यमा सैद्धान्तिक खण्डको लेखन गर्न, प्रश्नावली तयार गर्न र विद्यार्थीहरूबाट सङ्कलित तथ्याङ्क सामग्रीलाई नतिजाको रूपमा व्याख्या र विश्लेषण गर्नमा सहयोग पुऱ्याएकाले उपयोग गरिएको छ ।

अधिकारी (२०७५) द्वारा **कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषामा गर्ने भाषिक त्रुटिको विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यको उद्देश्य कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्णविन्यासमा गर्ने त्रुटिको पहिचान गर्नु, नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि पत्ता लगाउनु, त्रुटि निराकरणका लागि सल्लाह सुझाव दिनुमा आधारित रहेको छ । यस शोधकार्यमा तथ्याङ्क सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस शोध अध्ययनमा सुर्खेत जिल्लाका दुईवटा सामुदायिक र दुईवटा संस्थागत गरी चारवटा विद्यालयबाट कक्षा दसमा अध्ययनरत ६० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा राखिएको छ । यस शोधमा त्रुटिहरूमा शब्द रचनागत त्रुटि, वर्णविन्यासीय त्रुटि, रूपसंरचनागत

त्रुटि, अर्थगत त्रुटि, शब्दचयनगत त्रुटि आदि सातवटा त्रुटिहरूमा केन्द्रित छ । उक्त शोधमा भाषिक क्षेत्रका आधारमा त्रुटि गर्ने विद्यार्थी सङ्ख्या सबैभन्दा बढी द्व र द्ध को प्रयोगमा ९८.३३ प्रतिशत त्रुटि गरेको देखाइएको छ । यस शोधकार्यमा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थी वर्णविन्यासगत क्षमतामा कमजोर रहेको निष्कर्ष उल्लेख गरिएको छ । यस शोधकार्यमा सुझावका रूपमा नेपाली पाठ्यपुस्तकमा वर्णविन्यास सम्बद्ध अभ्यास पर्याप्त मात्रामा राखिनुपर्ने, नेपाली भाषा शिक्षणका क्रममा सिकारुका वर्णविन्यासगत त्रुटि पहिचान गरी शिक्षण गरिनुपर्ने, भाषिक क्षेत्रका आधारमा द्व र द्ध एवम् ह्रस्वदीर्घ सम्बन्धी बढी त्रुटि गरेकाले उक्त क्षेत्रमा बढी अभ्यास गराउनु पर्ने सुझाव दिइएको छ । यस शोधपत्रले प्रस्तुत शोधकार्यमा उद्देश्य निर्माण गर्न सहयोग पुऱ्याएकोले उपयोग गरिएको छ ।

यी माथि उल्लेख गरिएका प्रश्नोत्तर लेखनमा हुने भाषिक त्रुटिसँग सम्बन्धित अध्ययन अनुसन्धान सबै अनुसन्धेय दृष्टिले उपयुक्त छन् । विद्यार्थीहरूले नेपाली भाषालाई सजिलो विषयका रूपमा लिने र घर परिवारमा जे बोलिन्छ त्यो लेखिन्छ भनेझैं गरेकाले स्तरीय र मानक भाषामा लेखनमा प्रभाव परेको र त्रुटि हुने गरेको देखिन्छ । भाषा समय अनुसार परिवर्तन भई रहने हुनाले दिनानुदिन नयाँ शब्दको आगमन, निर्माण, कोड मिश्रण, सिकारुका रुचि, तत्परता र सिकाइ क्षमता आदिले प्रभाव पार्ने गर्दछ । त्यसैले भाषा सिक्दा पनि त्रुटि भइरहने हुँदा अध्ययन अनुसन्धान निरन्तर गरिरहनु पर्दछ । यस अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीले प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिमा पनि प्रभाव पर्न गएकाले त्यस अनुसार यस शोध अध्ययनसँग सम्बन्धित शोधको प्रयोग गरी यस शोधलाई पूर्णता दिने जमर्को गरिएको छ ।

## २.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा

पाठ्यक्रमले तोकेअनुसार पाठ्यपुस्तक बनाइने गरिन्छ । पाठ्यपुस्तक निश्चित अवधिभरि पढाइने र पढाइ सकेपछि विद्यार्थीहरूका भाषिक उपलब्धि मापन गर्न मूल्याङ्कनको प्रयोग गरिन्छ । प्रस्तुत अध्ययनको विषय क्षेत्र पनि भाषिक मूल्याङ्कन रहेकाले मूल्याङ्कनका लागि परीक्षा लिइने गरिन्छ । मूल्याङ्कन तथा परीक्षणमा पनि विभिन्न साधन हुने गर्दछ । जसमा स्तरयुक्त परीक्षा, शिक्षक निर्मित परीक्षा आदि पर्दछन् । परीक्षाका युक्तिका आधारमा मूल्याङ्कन गर्ने

गरिन्छ । जसमा मौखिक परीक्षा, लिखित परीक्षा, प्रयोगात्मक परीक्षा समेत दिनु पर्ने भएकाले ती विषयवस्तुहरूको सङ्क्षिप्त व्याख्या यहाँ मूल्याङ्कन, यसका साधन, मापन प्रविधि र त्रुटि सम्बन्धी विषयको सैद्धान्तिक परिचय निम्न लिखित रुपमा गरिएको छ ।

### २.२.१ मूल्याङ्कनको परिचय

'मूल्याङ्कन' शब्द मूल्य+अङ्कन मिलेर बनेको हुन्छ । जसको अर्थ कुनै पनि कार्यको सङ्ख्या वा अङ्कद्वारा मूल्य निर्धारण गर्नु भन्ने हुन्छ । मूल्याङ्कन विद्यार्थीका सिकाइ सम्बन्धित जानकारी प्राप्त गर्न प्रयोग गरिने सबै प्रकार विधि (जस्तैः लिखित, परीक्षा, अवलोकन, श्रेणीमापन) र तिनीहरूबाट प्राप्त जानकारीका आधारमा सिकाइको गुणस्तर लेखाजोखा गर्ने प्रक्रियालाई जनाउँछ ।

यस अर्थमा हेर्दा मूल्याङ्कन एक जटिल र बृहत प्रक्रिया हो । मूल्याङ्कनले मापनबाट प्राप्त जानकारीको आधारमा विद्यार्थीको समग्र सिकाइ प्रगतिको लेखाजोखा गर्दछ । मूल्याङ्कन शिक्षा तथा मनोविज्ञानका क्षेत्रमा नयाँ अवधारणा हो । जुन मापन भन्दा भिन्न प्रकृतिको हुन्छ । मूल्याङ्कन शब्दको प्रयोग हाल प्रचलनमा भए पनि यसले परीक्षा वा जाँच जस्ता प्राचीन शब्दहरू मार्फत चिनाउने गरिएको पाइन्छ । मूल्याङ्कन मापन र मूल्य निर्धारणको सम्मिलित रूप हो । शिक्षा तथा मनोविज्ञानमा भने व्यक्तिको कुनै पनि आन्तरिक वा बाह्य तरिकाबाट वा शिक्षण सिकाइ प्रक्रियाबाट के कति मात्रामा व्यवहारिक परिवर्तन गऱ्यो ? व्यक्तित्वमा के कति परिमार्जन भयो ? भन्ने लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ ।

### २.२.२ मूल्याङ्कनको परिभाषा

कुनै पनि वस्तुको मूल्य निर्धारण गर्ने लेखाजोखा गर्ने प्रक्रिया नै मूल्याङ्कन हो । यसमा विद्यार्थीको व्यवहारको गुणात्मक र परिमाणात्मक दुवैको व्यवहारसँग सम्बन्धित मूल्य निर्धारण समेत पर्दछ ।

Ornstin र Hunkins ले "मूल्याङ्कनलाई पाठ्यक्रमको सहायताले हुने सिकाइ तथा अनुभवहरूको मात्रा निर्धारण गर्न आवश्यक तथ्याङ्क सङ्कलनको प्रक्रिया भनेका छन् ।" ( खनाल र अन्य, २०७०: ४)

"कसैको कार्य वा योग्यता जाँच्ने काम, परीक्षा लिएर स्तर ठम्याउने काम, स्तरको निर्धारण गर्ने कामलाई मूल्याङ्कन भनिन्छ ।" -प्रयोगात्मक नेपाली शब्दकोश

गुडको शिक्षाको शब्दकोश अनुसार "कुनै पनि प्रक्रियाको मूल्य निर्धारण गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ ।" (जबरा र अन्य, २०६८: १२)

राल्फ डब्लु टायलरका अनुसार "व्यवहारमा ऐच्छिक परिवर्तनहरू वास्तविक रूपमा कुनै हदसम्म भइरहेका छन् भन्ने कुराको निर्धारण गर्नुलाई मूल्याङ्कन भनिन्छ ।" (जबरा र अन्य, २०६८: १२)

Robert L.Linm र Norman E. Grouland ले "मूल्याङ्कनको परिभाषा दिँदै लेखेका छन्, मूल्याङ्कनले विद्यार्थीको सिकाइ सम्बन्धी जानकारी प्राप्त गर्ने सम्पूर्ण र सिकाइ प्रगतिको मूल्य निर्धारण गर्ने प्रक्रियालाई जनाउँछ" (खनाल र अन्य, २०७०: ४)

Murry Print ले मूल्याङ्कनलाई तोकिएका सिकाइ हासिल भए नभएको निर्णय गर्न मापनबाट प्राप्त तथ्याङ्कलाई यथोचित रूपमा विवेचना गर्ने प्रक्रियाको रूपमा व्याख्या गरेका छन् (खनाल र अन्य, २०७० : ४)

मूल्याङ्कन विद्यार्थीका सिकाइ सम्बन्धित जानकारी प्राप्त गर्न प्रयोग गरिने सबै प्रकारका विधि, तिनीहरूबाट प्राप्त जानकारीका आधारमा सिकाइको गुणस्तर लेखाजोखा गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ (खनाल र अन्य, २०७०: ४) ।

माथि उल्लेखित परिभाषाको आधारमा हेर्दा मूल्याङ्कनमा परीक्षा जस्तो माध्यमबाट प्राप्त हुने सङ्ख्यात्मक प्राप्ताङ्क र परीक्षाबाहेकका अन्य साधनहरू (जस्तै अवलोकन, अन्तर्वार्ता, तथा रेडिङ स्केल) द्वारा प्राप्त हुने गुणात्मक तथ्याङ्कका आधारमा लिइएको विद्यार्थी प्रगति सम्बन्धी जानकारीहरू समावेश हुन्छन् । कुनै पनि शैक्षिक कार्यक्रमको उद्देश्य कार्यान्वयन र परिप्रेक्ष, साधन र सुविधा तथा उपलब्धिहरूको लेखाजोखा गरेर मूल्य निर्धारण गर्नमा संलग्न रहेको हुन्छ । प्रशासनिक कार्य विद्यार्थी परामर्श सेवा सम्बन्धी कार्य लगायत शैक्षिक कार्यक्रमकै समग्र लेखाजोखा मूल्याङ्कन हो । जस अन्तर्गत वस्तु अवस्था वा घटनाको गुणात्मक पक्षको लेखाजोखा गर्ने प्रक्रियाबारे निर्णय पनि गरिन्छ । शैक्षिक मूल्याङ्कनको औचित्य शिक्षण

सिकाइमा सुधार गर्नुका साथै परीक्षा प्रणालीमा सुधार गर्नु, प्रभावकारी शैक्षिक प्रणाली निर्माण गर्नु, स्तर निर्धारण गर्नु, विभिन्न अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याउनु समेत रहेको छ ।

### २.२.३ परीक्षा र मूल्याङ्कन

परीक्षाले विद्यार्थीको सिकाइ उपलब्धीको लेखाजोखा गरी विभिन्न प्रकारका शैक्षिक निर्णयमा सघाउ पुऱ्याउनु हो । यसका साथै परीक्षाले विद्यार्थीको बुद्धिमता, कौशल, आभिवृत्ति, रूचि जस्ता मनोवैज्ञानिक गुणहरू मापन गर्दछ । परीक्षा विद्यार्थीको उपलब्धिको परीक्षण गर्ने एउटा प्रक्रिया हो भने मूल्याङ्कन व्यापक प्रक्रिया हो । यस अर्थमा परीक्षा त यसको एउटा महत्वपूर्ण साधन मात्र हो । परीक्षा सञ्चालन पश्चात प्राप्त हुने अङ्कका आधारमा विद्यार्थीको मूल्याङ्कन गरिन्छ । कतिपय परीक्षाहरू यस प्रकारका गुणहरू मापन गर्ने उद्देश्यले निर्माण नगरिएर विद्यार्थीका सिकाइ समस्याहरू पहिचान गरी शिक्षक तथा विद्यार्थी दुवैलाई पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले यसरी मापन भौतिक तथा अभौतिक वस्तु शक्ति अथवा अवस्थाहरूमा निहित गुणको परिमाणात्मकलाई जनाउँछ (ढुङ्गेल र दाहाल, २०७२ : २२१) ।

मापनले मात्रात्मक निर्णय गर्न सकेपनि मूल्याङ्कन वा गुणात्मक निर्णय गर्न सकिदैन । यसमा विश्वसनीयता र वैधताको कमी हुने भएकाले मूल्याङ्कनबाट निर्णय गरिन्छ । परीक्षाले मूल्याङ्कनलाई आवश्यक सूचना प्रदान गर्ने काम गर्दछ । परीक्षा मूल्याङ्कनको साधन मात्र हो । शैक्षिक कार्यक्रमको उद्देश्य सामग्री प्रक्रिया, शिक्षक दक्षता, विद्यार्थी उपलब्धी प्रभावकारिता तथा संशोधन परिमार्जन र परिष्कार गरी निदानात्मक उद्देश्यमा पाइला चाल्न समेत परीक्षाले सहयोग गर्ने हुनाले शैक्षिक जगतमा यसको महत्व स्वीकार्य छ । निर्णयको आधार तथा कार्य विश्लेषणबाट परीक्षाले मूल्याङ्कनलाई सहयोग पुऱ्याउने भएकाले मूल्याङ्कनको सूचनात्मक साधनका रूपमा परीक्षालाई लिने गरेको पाइन्छ । परीक्षा भेदहरू विषयगत, प्रवृत्ति र प्रयोगात्मक परीक्षाका पनि विभिन्न भेदहरू रहेका छन् । स्तरयुक्त परीक्षा, प्रवेश परीक्षा, सीपगत परीक्षा, वार्षिक परीक्षा, आदि रहेका छन् (ढुङ्गेल र दाहाल, २०७२ : २२२) । यसरी मुख्य रूपमा लिखित, मौखिक, प्रयोगात्मक परीक्षाहरू नै प्रयोगमा आएका छन् । मूल्याङ्कनमा निरन्तर, निर्माणात्मक, निर्णयात्मक, निदानात्मक र आन्तरिक र बाह्य प्रकृतिका मूल्याङ्कन हुन्छन् ।

### २.२.४ भाषिक मूल्याङ्कन र परीक्षा

भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण भएकाले भाषिक मूल्याङ्कन पनि भाषिक सीपका अपेक्षासितै शिक्षणको अभिन्न प्रक्रिया बनेको हुन्छ । सीपगत अपेक्षासित सान्दर्भिक हुने भाषातात्विक सुझ र ज्ञानको सीमित सैद्धान्तिक प्रसङ्गमा बाहेक यो मूलतः भाषाका ग्रहण (सुनाइ, पढाइ) र अभिव्यक्ति (बोलाइ, लेखाइ) पक्षसँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा केन्द्रित हुन्छ । यसको मुख्य उद्देश्य विद्यार्थीहरूको भाषिक क्षमता स्तर आकलन गर्नु मात्र नभई शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठ्यांशका सरल र जटिल अंश छुट्याउनु, शिक्षण सामग्रीहरूको उपयोगिता र प्रभावकारिताको अध्ययन गर्नु शिक्षण विधि र प्रक्रियाका प्रभावकारिता परीक्षण गर्नु तथा भाषा सिकाइका कठिनाइ र समस्या क्षेत्र पत्ता लगाई निराकरणात्मक शिक्षण सिकाइमा मद्दत पुऱ्याउनु पनि रहेको हुन्छ । भाषिक मूल्याङ्कन सम्बद्ध भाषा सिक्ने विद्यार्थी र भाषा सिकाउने शिक्षकसँग मात्र सम्बन्धित नभएर भाषा पाठ्यक्रम निर्माण, पाठ्यसामग्री निर्माण तथा भाषा शिक्षण विधि, प्रविधि र पद्दति विकासका क्षेत्रमा कम गर्ने शिक्षाविद्, भाषाविद् एवम् अनुसन्धानदाताहरूका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको हुन्छ । सम्बन्धित कक्षा तह विद्यार्थीको भाषिक मूल्याङ्कनबाट प्राप्त सूचना र तथ्यहरूका आधारमा नै सम्बद्ध, विशेषज्ञहरूको भाषा पाठ्यक्रम, भाषा पाठ्य सामग्री तथा भाषा शिक्षण विधि, प्रविधिहरूको परिष्कार र परिमार्जन गर्ने दिशामा वास्तविक खुराक प्राप्त गर्दछन् । पहिलो भाषी र दोस्रो भाषी परिवेशका विशिष्ट समस्या र कठिनाइहरू पत्ता लगाई सोही अनुरूपका भाषा शिक्षण स्रोत, साधन, प्रक्रिया र गतिविधिका लागि मार्गनिर्देशन प्राप्त गर्दछन् (शर्मा र पौडेल, २०६७: २१८) । यसर्थ भाषाको मूल्याङ्कनका लागि विभिन्न सामग्रीहरूको प्रयोग गरी मूल्याङ्कनका आधारमा परीक्षण गरिनु पर्दछ ।

### २.२.५ भाषिक मूल्याङ्कनको प्रकृति

भाषिक मूल्याङ्कन भनेको भाषिक सीपहरूको मूल्याङ्कन हो । जसको सम्बन्ध भाषा शिक्षणसँग रहेको हुन्छ । भाषाका विषयमा गरिने मूल्याङ्कनलाई भाषिक मूल्याङ्कन भनिन्छ । भाषिक सीपशिक्षण नै भाषा शिक्षण हो । भाषाका चार सीपको सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीपको दक्षता बुद्धिसँग सम्बन्धित हुन्छ । परम्परागत दृष्टिमा लेखाइ सीपलाई मात्र महत्व दिएर

भाषिक मूल्याङ्कन गर्ने प्रचलन थियो । हालका दिनहरूमा चारै सीपलाई तहगत आधार बनाएर मूल्याङ्कन गर्ने प्रचलन बढेको देखिन्छ । तल्ला कक्षाहरूमा सुनाइ र बोलाइ जस्ता सीपहरूलाई महत्व दिइन्छ भने माथिल्ला कक्षाहरूमा पढाइ र लेखाइलाई बढी जोड दिएर भाषिक सीपको परीक्षण मूलतः प्रयोगात्मक हुने र भाषिक धारणाहरूको परीक्षण सैद्धान्तिक प्रकृतिको हुन्छ (जबर र अन्य,२०६८:१३६) । भाषा शिक्षणको मूल अभिप्राय भाषिक सीपहरूको कुशलताका विकासमा केन्द्रित रहने भएकाले यसरी परीक्षण पनि स्वभावतः प्रयोगात्मक प्रकृति तर्फ झुकेको हुन्छ । भाषिक मूल्याङ्कनका सन्दर्भमा चर्चा गर्नुपर्दा भाषिक परीक्षणका प्रचलित प्रकृति माथि क्रमशः चर्चा निम्नानुसार गरिएको छ :

**(क) विषयगत र वस्तुगत परीक्षा**

भाषिक मूल्याङ्कनलाई विभिन्न पक्षमा मूल्याङ्कन गर्ने विधिहरू मध्ये विषयगत र वस्तुगत परीक्षा पनि एक हो । "विद्यार्थी वा परीक्षार्थीहरूले आफ्नै भाषामा केही बोलेर वा लेखेर मूल्याङ्कनीय अभिष्टिहरूले परिपूर्ति गर्ने खालको मूल्याङ्कनलाई विषयगत मूल्याङ्कन भनिन्छ । विषयगत परीक्षालाई उत्पादनात्मक परीक्षा पनि भनिन्छ । जसको उत्तर विद्यार्थीहरूले आफ्नै भाषा शैलीमा प्रश्नको प्रकृति हेरी दिने गर्दछन् । वस्तुगत भाषिक अभिव्यक्तिलाई केवल चिनो लगाएर, धर्का लगाएर प्रस्तुत गर्नुपर्ने किसिमको मूल्याङ्कनलाई वस्तुगत मूल्याङ्कन भनिन्छ । वस्तुगतमा वहुबैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने प्रश्नको पहिचानात्मक प्रकृतिका हुन्छन् (पौडेल, २०६७: ८) ।"

**(ख) निर्माणात्मक परीक्षा**

शिक्षण प्रक्रियाका क्रममा विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा गरी आवश्यकता अनुसार शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न शिक्षक र विद्यार्थी दुवैलाई पृष्ठपोषण दिने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । विद्यार्थीलाई दिइने पृष्ठपोषणले सफल सिकाइका लागि सकारात्मक पुनर्बल प्राप्त हुन्छ भने सिक्न नसकेका वा त्रुटि भएका ठाउँमा त्यसका सुधारका लागि अवसर प्राप्त हुन्छ । शिक्षकलाई प्रदान गरिने पृष्ठपोषणले पनि सफल शिक्षणका लागि सकारात्मक पुनर्बल हुनका साथै शिक्षण रणनीतिलाई आवश्यकता अनुसार

परिवर्तन तथा सुधार गर्न थप बल पुग्छ । यस प्रकारको मूल्याङ्कन बढी अनौपचारिक प्रकृतिको हुन्छ र निरन्तर रुपमा चलिरहन्छ । यस कार्यका लागि मुख्य दायित्व विषय शिक्षकको नैं हुने गर्छ । अर्थात विषय शिक्षकले शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्कका रुपमा मूल्याङ्कन कार्यलाई अघि बढाइ कुन अवस्थामा कस्तो विधि प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गर्ने भनी निधो गर्नुपर्छ ।

निर्माणात्मक मूल्याङ्कनमा पनि आवश्यकता अनुसार विभिन्न साधन र विधिको प्रयोग हुन्छ । यस्ता साधनहरू अधिकांश रुपमा विषय शिक्षकले निर्माण गरेका परीक्षाहरू, अनौपचारिक अवलोकन, मौखिक प्रश्न, कक्षाकार्य, गृहकार्य, समूहकार्य, आदि हुने गर्दछन् । निर्माणात्मक मूल्याङ्कनमा गृहकार्य, समूहकार्य, आदि पनि समावेश हुने गर्दछन् । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य नै  शिक्षण सिकाइमा सुधार गर्न विद्यार्थी र शिक्षकलाई महत्वपूर्ण सुझाव प्रदान गर्ने भएकाले यसले विद्यार्थीको ग्रेडिङ गर्ने, कक्षा चढाउने तथा प्रमाणपत्र प्रदान गर्ने कार्यमा भने खासै भूमिका राख्दैन (खनाल र अन्य, २०७४ : ४३) । विद्यार्थीलाई तत्कालै आफ्ना कमीकमजोरी थाहा पाइ सुधारात्मक र अग्रगामी सिकाइमा प्रवृत्त हुन पाउने अवसर यस प्रकारको मूल्याङ्कनबाट प्राप्त हुन्छ ।

(ख) **निर्णयात्मक परीक्षा**

शिक्षण सिकाइको निश्चित अवधिपछि वा अन्त्यमा विद्यार्थीले तोकिएका सिकाइ उपलब्धिहरू के कति हासिल गऱ्यो भनी लेखाजोखा गऱ्यो भनी गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ सम्बन्धी निश्चित निर्णय लिनु हो । आवधिक रुपमा लिइने यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई वर्गीकरण गर्न ग्रेडीङ गर्न, कक्षा चढाउन तथा प्रमाणपत्र प्रदान गर्न निश्चित जानकारीहरू प्रदान गर्दछ । यस प्रकारको मूल्याङ्कन कतिपय अवस्थामा विषयशिक्षक भन्दा पनि बाह्य व्यक्ति तथा संस्थाद्वारा सञ्चालन गरिन्छ भने मूल्याङ्कनका लागि औपचारिक कार्यक्रम नै तय गरिएको हुन्छ । निर्णयात्मक मूल्याङ्कनका लागि कुन साधन तथा विधिको प्रयोग गर्ने भन्ने कुरा शैक्षणिक उद्देश्यमा निर्भर गर्छ । शिक्षक वा विशेषज्ञद्वारा निर्मित परीक्षालाई नै यस कार्यमा बढी प्रयोग गर्ने प्रचलन छ । यस बाहेक विषयवस्तु अनुसार प्रयोगात्मक वा मौखिक परीक्षाको प्रयोग गर्नुपर्ने हुन सक्छ ।

कतिपय अवस्थामा विद्यार्थीद्वारा तयार गरेको कार्यको सङ्ग्रह कार्य सञ्चीयका जस्तैः पेन्टिङ तथा चित्र, अनुसन्धान रिपोर्ट, थेसिस, पोजेक्ट कार्य मूल्याङ्कनका आधारका रुपमा लिइन्छ । यस प्रकार गरिने अन्तिम मूल्याङ्कनको उद्देश्य विद्यार्थीको सिकाइको गुणस्तर लेखाजोखा गरी अन्तिम निर्णय लिने भए पनि यस मूल्याङ्कनले समग्र शैक्षिक कार्यक्रमको प्रभावकारी लेखाजोखा गर्न मद्दत पुऱ्याइरहेको हुन्छ (खनाल र अन्य, २०७४ : ४६) । सबैको अनुपातिक योगका आधारमा सुनिश्चित उद्देश्यहरूको निर्णयमा पुग्ने किसिमको मूल्याङ्कनात्मक प्रकृतिलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ ।

### (ग) औपचारिक र अनौपचारिक परीक्षा

भाषिक मूल्याङ्कनका विभिन्न साधनको प्रयोगका क्रममा औपचारिक र अनौपचारिक परीक्षालाई पनि मुख्य मानिएको हुन्छ । "भाषिक परीक्षण विकासात्मक, निर्माणात्मक खालको नभई निर्णयात्मक खालको पनि हुने औपचारिक परीक्षा हो । औपचारिक परीक्षण शैक्षिक सत्रको अन्त्यमा विद्यार्थीहरूलाई सफल वा असफल घोषणा  गर्नका लागि मात्र केन्द्रित रहन्छ (भुसाल र भट्ट, २०७४: २६४) ।" यस्तो परीक्षण शिक्षण सिकाइको साधन नभएर साध्य बन्न जान्छ जुन भाषा शिक्षणका लागि स्वीकार्य हुँदैन । कुनै पनि सङ्गठित संस्थाको निर्धारित  समय र परिधि भन्दा बाहिर रहेर जुनसुकै अवस्था र अवसरमा पनि विद्यार्थीको उपलब्धीको लेखाजोखा गर्ने परीक्षण अनौपचारिक प्रकृतिको परीक्षण हो । भाषाको विधि सीप पक्षहरूको परीक्षण निर्धारित समयमा गरेर अधुरो अपुरो रहने भएकाले निरन्तर लेखाजोखा गरी अभिलेख राख्ने कार्य अनौपचारिक परीक्षणमा गर्नु सान्दर्भिक र उपयोगी हुन्छ ।

## २.२.६ परीक्षणका प्रचलित युक्ति

विभिन्न विषयका परीक्षणमा जस्तै भाषा परीक्षण हाल सम्म प्रचलनमा रहेका परीक्षणका युक्तिहरू दुई प्रकारका छन् :

### (क) स्तरयुक्त परीक्षा

स्तरयुक्त परीक्षामा अनुभवी दक्ष विषय विशेषज्ञ भाषाविद् शिक्षा विद् वा मूल्याङ्कन विद्हरू

मिलेर सचेततापूर्ण तोकिएको विभिन्न प्रक्रिया विधि प्रविधिहरू अपनाएर यस प्रकारको परीक्षाको तयारी गरिएको हुन्छ । "कुनै खास स्तर वा कक्षाका लागि राष्ट्रिय, क्षेत्रीय अञ्चल स्तरीयको योजना तयार गरिएको हुन्छ । परीक्षाको मुख्य उद्देश्य व्यापक क्षेत्रभित्रका समान स्तर, उमेर, कक्षा वा समूहका विद्यार्थीहरूको संज्ञान, सीप, अभिवृत्ति र क्षमता पत्ता लगाउनु र तिनलाई मानकका आधारमा तुलना गर्नु रहेको हुन्छ (पौडेल र शर्मा, २०६७: ३३) ।" यसको क्षेत्र व्यापक हुन्छ । जसले गर्दा यसमा बढी विश्वसनीयता र वैधता पाइन्छ । यो राष्ट्रिय र अन्तराष्ट्रिय स्तरसम्म फैलिएको हुन्छ ।

### (ख) शिक्षक निर्मित परीक्षा

यो स्तरयुक्त परीक्षा जस्तो पूर्व घोषित नभएर विद्यालयहरूमा भाषा शिक्षणका क्रममा कक्षाको आवश्यकता अनुसार सम्बन्ध भाषा शिक्षकहरू द्वारा तयार गरी सञ्चालन गरिने परीक्षा हो । "स्तरयुक्त परीक्षामा जस्तै यावत् वैज्ञानिक प्रक्रियाहरू पूरा गरेर परीक्षण कार्य सम्पादन गर्न सकिन्छ तर पनि त्यसका निम्ति प्रशस्त धन, प्रविधि र समय लाग्ने भएकाले स्तरयुक्त परीक्षाका सम्पूर्ण प्रक्रियाहरूको उपयुक्त एवम् अध्यावधिक व्यवस्था मिलाउन विद्यालयमा गाह्रो हुन्छ ( पौडेल, २०६७: ३३) ।" मूल्याङ्कन निरन्तर रूपमा गर्नु पर्दछ । त्यसैले यसलाई उपलब्धी मापन, उपलब्धी परीक्षा, कक्षा कोठा परीक्षा आदि नामले चिनिन्छ ।

## २.२.७ परीक्षाका अन्य युक्ति

परीक्षाका युक्तिहरू निम्न प्रकारका छन् :

### (ख) लिखित परीक्षा

लिखित परीक्षा व्यापक र निरन्तर रुपमा प्रयोग हुँदै आएको विद्यार्थीको भाषिक उपलब्धिको लेखाजोखा गर्ने प्रामाणिक आधार हो । "लिखित परीक्षाकै माध्यमबाट मात्र लिखित परीक्षा हुने परिपाटी विद्यमान छ । लिखित परीक्षाका माध्यमबाट विद्यार्थीहरूमा रहेका अक्षर लेखन, वाक्यगठन, बोध र लेखाइ क्षमताको मूल्याङ्कन गर्न सकिन्छ (ढुङ्गेल र दाहाल, २०७२:३२४) ।" लिखित विषयगत प्रश्नहरू हुन् । वस्तुगतमा ठिक, बेठिक छुट्याउने, खाली ठाउँ भर्ने, जोडा मिलाउने, बहुवैकल्पिक प्रश्नहरू पर्दछन् । विषयगतमा निबन्धात्मक, संक्षिप्त उत्तरात्मक प्रशनहरू पर्दछन् । हाल लिखित परीक्षा मूल्याङ्कनको मुख्य आधार बनेको छ ।

(क) **मौखिक परीक्षा**

विद्यार्थीलाई शैक्षिक मापनका क्रममा मौखिक रुपमा अन्तरवार्ताको माध्यमबाट विभिन्न प्रश्नोत्तर सोधि गरिने परीक्षा तथा मूल्याङ्कन नै मौखिक परीक्षा हो । “विभिन्न किसिमका मौखिक प्रश्न, अन्तर्वार्ता वा वाह्य परीक्षा जस्ता साधन र प्रक्रियाबाट गरिने परीक्षालाई मौखिक परीक्षा भनिन्छ । यस परीक्षाको उपयोग लिखित र प्रयोगात्मक परीक्षाबाट लेखाजोखा गर्न नसकिने कतिपय पक्षहरूको मूल्याङ्कन गर्ने गरिन्छ । लेख्ने आदतको राम्रो विकास भई नसकेको प्रारम्भिक तहका विद्यार्थीहरूको श्रुतिबोध र पठनबोध क्षमता जाँच गर्न यस्तो युक्ति अपरिहार्य मानिन्छ । त्यस बाहेकका विभिन्न तहका विद्यार्थीहरूको वाक्य गठन, शब्द प्रयोग, रूपान्तरण, संश्लेषण, विश्लेषण, मौखिक वर्णन, सस्वर पठन, लय उच्चारण आदि क्षमता र बोलाइको प्रभावकारिता जाँच गर्न मौखिक परीक्षा युक्ति प्रभावकारिता मानिन्छ (शर्मा र पौडेल, २०७३: २८४) ।” मौखिक परीक्षाका माध्यमबाट विद्यार्थीहरूलाई कमजोरी पक्षको पृष्ठपोषण दिने कार्य गरिन्छ । माथिल्लो कक्षामा भन्दा तल्लो कक्षामा यसको प्रयोग बढी भएको पाइन्छ ।

(ग) **प्रयोगात्मक परीक्षा**

विद्यार्थीहरूका सीपगत व्यवहारको अवलोकनका पर्यवेक्षण गरेर सम्पादन गरिने परीक्षणलाई प्रयोगात्मक परीक्षा भनिन्छ । यो परीक्षाको प्रयोग लिखित र मौखिक परीक्षाका माध्यमबाट गर्न नसकिने कुराको मापन गरी मूल्याङ्कन गर्नका लागि गरिन्छ । विज्ञान विषयमा प्रयोगात्मक परीक्षा आवश्यक देखिए पनि भाषिक सीप परीक्षण गर्ने भाषा शिक्षणमा समेत यसको महत्व रहेको पाइन्छ । सुनाइको एकाग्रता र आंशिक, बोलाइको हाउभाउपूर्ण चेष्टा, स्वर प्रसारण र प्रासङ्गिकता स्वर पढाइ वा वाचनको आरोह, अवरोह, गति, यति, लय, उच्चारण र श्रोताप्रतिको सचेष्टता तथा लेखाइका विविध गतिविधि र प्राविधिक क्षमताको दक्षताको जाच प्रयोगात्मक र परीक्षा बाटै हुन्छ (ढुङ्गेल र दाहाल, २०७२: ३२५) । प्रयोगात्मक परीक्षाको युक्ति अवलोकनलाई मानी जाँच सूची र श्रेणीमापन जस्ता साधनहरूको प्रयोग गरिएको पाइन्छ । २०७२ सालबाट प्रयोगात्मक परीक्षालाई २५ प्रतिशत प्रयोग गरेको देखिन्छ ।

### २.२.८ प्रश्नका प्रकार

प्रश्नहरू विशेष गरी दुई प्रकारका रहेका छन् :

### (क) विषयगत प्रश्न

यस किसिमका प्रश्नलाई व्यक्तिनिष्ठ प्रश्न पनि भन्ने चलन छ । विद्यार्थीमा भाषिक विषय वस्तुको जानकारी र ज्ञानात्मक गहिराइको प्रस्तुति गर्ने सीप र शैलीको स्तर, सङ्गठन, पक्ष, रचना, पक्ष, कला पक्ष, तथा स्वतन्त्र सिर्जनात्मक र मौलिक अभिव्यक्तिको पक्षको स्तरण र क्षमता जाँच्नका लागि विषय प्रश्नको उपयोग गरिन्छ । प्रत्येक परीक्षार्थीले आफ्ना वैयक्तिक क्षमता, सीप र शैलीको प्रयोग देखाउने अवसर पाउने भएकाले नै यस्ता प्रश्नलाई व्यक्तिनिष्ठ प्रश्न भनिन्छ ।

“विषयगत प्रश्नका प्रकृति स्वभावैले वर्णनात्मक, व्याख्यात्मक, विवेचनात्मक, विश्लेषणत्मक, संश्लेषणात्मक, तुलनात्मक, तार्किक, टिप्पणीमूलक र समीक्षात्मक खालका हुन्छन् । सीमित समय र मापन जटिलताका कारणले थोरै प्रश्न बन्ने भएकाले  व्यापक विषयवस्तुलाई समेट्न नसक्ने र मुख्य कुरालाई जोड दिन्छ । विषयगत प्रश्नलाई निबन्धात्मक र संक्षिप्त उत्तरात्मक गरी दुई प्रकारमा बाँडिएको छ (ढुङ्गेल र दाहाल, २०७२: ३२४) ।” निबन्धात्मक प्रश्नको सङ्ख्या कम र संक्षिप्त उत्तरात्मक प्रश्नको सङ्ख्या बढी बनाई प्रयोग गर्ने गरिएको पाइन्छ ।

### (आ) निबन्धात्मक प्रश्न

विषयवस्तुको मौलिकता र सिर्जनसिलता व्यक्त हुने गरी पाठ्यवस्तुको मूल्याङ्कन गरिने तथा विस्तृत उत्तरको अपेक्षा गरिने प्रश्नहरू लामो उत्तरात्मक प्रश्नहरूलाई निबन्धात्मक प्रश्न भनिन्छ । एक पटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने मुख्य विशेषता भएका यस्ता प्रश्नहरू मूलतः बोध, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास र व्याकरण तत्वहरूको पहिचानात्मक परीक्षण गर्न उपयोगी हुन्छन् । यस्ता प्रश्नहरूमा विद्यार्थीले महत्वपूर्ण ठानेको कुनै पनि तथ्यगत सूचनाहरू छनोट गर्ने र विचारलाई एकिकरण एवम् मूल्याङ्कन गर्ने काम गर्दछन् । अभिव्यक्ति सीपको परीक्षण गर्न ज्यादै उपयोगी हुने भएतापनि यस्ता प्रश्नहरू परीक्षणको व्यापकता र

विश्वसनीयताका दृष्टिले उपयोगी हुँदैनन् । समस्याको विश्लेषण गर्ने आफ्ना विचारलाई सङ्गठन गर्ने, आफ्नै शब्दमा व्याख्या गर्ने, तर्क गर्ने क्षमताको विकास गर्ने अवसर भने यस्ता प्रश्नहरूले प्रदान गर्दछन् (भुसाल र भट्ट, २०७४ : ३७) । निबन्धात्मक प्रश्नले विद्यार्थीको उत्पादनात्मक क्षमतामा सहयोग गर्दछ । यस्ता प्रश्नहरू निर्माण गर्न सरल हुन्छ । यस्ता प्रश्नले वैयक्तिक क्षमताको परीक्षण गर्न सकिन्छ ।

तलका मध्ये कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख :

(क) मेरो जीवनको लक्ष्य

(ख) विद्यार्थी जीवनमा अनुशासनको महत्व

(ग) देशभक्ति

**(आ) सङ्क्षिप्त उत्तरात्मक प्रश्न**

सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूमा विद्यार्थीहरूले सोधिएका प्रश्नहरूको उत्तर सङ्क्षिप्त रुपमा दिने गर्दछन् । "लिखित युक्ति देखि मौखिक युक्तिका लागि उपयोगी हुने सङ्क्षिप्त उत्तरात्मक प्रश्नको उत्तर एक शब्देखि लिएर एक वाक्य र एक अनुच्छेदसम्म पनि हुन सक्ने हुनाले यसमा विभिन्नता साथै वस्तुताको पनि मापन गर्न सकिन्छ । सङ्क्षिप्त उत्तरात्मक प्रश्नले प्रतिक्रिया दुवैलाई सीमितकरण गर्दछ (भुसाल र भट्ट, २०७४ : ३६) ।" यो प्रश्न छोटो तथ्यपूर्ण र सरल रूपमा उत्तर लेख्ने प्रकृतिको हुन्छ ।

तलका प्रश्न मध्ये कुनै २ वटा प्रश्नको उत्तर देऊ :

(क) मान्छेले मान्छेलाई नै बेच्ने दुस्साहस किन गर्छ ?

(ख) मानव बेचविखन र ओसारपसारका कार्यलाई नियन्त्रण गर्ने उपाय के के हुन् ?

(ग) मानव बेचविखन र ओसारपसारको तस्करी बढ्नाको कारणहरू के के हुन् ?

**(इ) बोध प्रश्न**

यस्ता प्रश्नहरूको उत्तर दिँदा कुनै अनुच्छेदहरूको अध्ययन गरी त्यसमुनि दिइएका प्रशनको उत्तर दिनुलाई बोध प्रश्न भनिन्छ । कुनै पनि विषयवस्तुलाई अध्ययन गरेर त्यसको बारेमा बुझ्नुलाई बोध प्रश्न भनिन्छ ।

### (ख) वस्तुगत प्रश्न

विषयवस्तुमा आधारित रही विषयवस्तु भित्रबाट वस्तुगत रुपमा सिकाइको उद्देश्य पूरा हुने गरी विभिन्न विकल्प सहित सोधिने प्रश्न नै वस्तुगत प्रश्न हो । "एक पटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने मुख्य विशेषता भएका प्रश्नहरू मूलतः बोध, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्णविन्यास र व्याकरण तत्वहरूको परीक्षण गर्न सकिन्छ (कोइराला र अधिकारी, २०७४ : १४४) ।" विद्यार्थीको भाषिक क्षमता जाँच्ने क्रममा परीक्षणको व्यापकता बढाउन वस्तुगत प्रश्नले निकै मद्दत पुऱ्याउने देखिन्छ ।

### (अ) बहुवैकल्पिक प्रश्न

वस्तुतगत प्रश्नका चार वटा रुपहरू मध्ये बहुवैकल्पिक प्रश्न बढी प्रयोग हुने प्रचलन र उपयोगी प्रश्न हो । यस प्रश्नबाट ठीक बेठीक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, जोडा मिलाउने प्रश्नहरूले जस्तैः सामान्यतयाः ज्ञान तहका सिकाइ उपलब्धीहरूका अतिरिक्त बोध तथा प्रयोग तहका जटिल सिकाइ उपलब्धीहरूको पनि मापन गर्न सकिन्छ । अन्य कुनै प्रकाको वस्तुगत प्रश्नले मापन गर्न नसक्ने सिकाइ उपलब्धि र उच्च गुणको मापन पनि बहुबैकल्पिक प्रश्नले गर्ने हुनाले उपलब्धि मापनको क्षेत्रमा बहुबैकल्पिक प्रश्नलाई उच्च प्राथमिकताका साथ प्रयोग गरिन्छ । यस किसिमको प्रश्नले विद्यार्थीको जटिल सिकाइ उपलब्धिको मापन गर्नुको साटो ज्ञान, बुझाइ र प्रयोग जस्ता क्षमताको पनि मापन गर्दछ । यस्तो प्रश्नमा एउटा समस्या र त्यसका अन्य विकल्पहरू दिइएको हुन्छ । जसमा समस्या प्रश्नको रुपमा पनि दिइएको हुन्छ । कतिपय अवस्थामा अपुरो कथनको रुपमा पनि दिइन्छ (कोइराला र अधिकारी, २०७४ : १४५) । यो प्रश्न निर्माण गर्न कठिन हुन्छ । यस्ता प्रश्नहरूले विद्यार्थीहरूको क्षमता, योग्यता, स्मरण जस्ता गुण तथा क्षमताको विकास गर्न सहयोग गर्ने गर्दछ । जस्तैः

नेपालमा सर्वप्रथम कहिले विश्वविद्यालय योजना सभाको गठन भयो ?

(क) वि.सं. २००५ साल भाद्र १० गते (ख) वि.सं. २००५ साल भाद्र १४ गते

(ग) वि.सं. २००५ भाद्र १८ गते (घ) वि.सं. २००५ साल चैत्र १० गते

### (आ) जोडा मिलाउने प्रश्न

वस्तुगत प्रश्नको विभिन्न रुपहरूमध्ये जोडा मिलाउने प्रश्न पनि एउटा प्रश्न हो । यस्तो प्रश्नमा दुई समूह दिइएको हुन्छ । "एउटा समूहमा कुनै वस्तु, व्यक्ति, ठाउँ, आदिको नाम दिइएको हुन्छ र अर्को समूहमा क्रम नमिल्ने गरी तिनै वस्तु, व्यक्ति, ठाउँ आदिको गुण, विशेषता, महत्व आदि दिइएको हुन्छ । परीक्षार्थीहरूले प्रश्नपत्रमा दिइएको निर्देशन अनुसार धर्का तानेर वा कुनै समूहको अगाडि दिइएको खाली ठाउँमा उपयुक्त मिल्दो विकल्पको अगाडिको अक्षर लेखेर उत्तर दिन्छन् । जोडा मिलाउने प्रश्नमा समस्याको रुपमा दिइएको समूहलाई आधारहरू भनिन्छ भने विकल्पको रुपमा दिइएको उत्तरको समूहलाई प्रतिक्रिया भनिन्छ (कोइराला र अधिकारी, २०७४ : १४२) ।" सामान्यतयाः समूह 'क' ए मा आधारहरू र समूह ख वा बि मा प्रतिक्रियाहरू दिने चलन छ । जस्तैः

| आधार | प्रतिक्रिया |
|---|---|
| समूह 'क' | समूह 'ख' |
| (क) नेपालको राजधानी शहर | १. पोखरा |
| (ख) नेपालको पर्यटकीय शहर | २. विरगञ्ज |
| (ग) नेपालको ठूलो उपत्यका | ३. दाङ |
| (घ) नेपालको सिमानाको शहर | ४. काठमाडौं |

### (इ) खाली ठाउँ भर्ने प्रश्न

वस्तुगत प्रश्नको अर्को महत्वपूर्ण प्रश्न खाली ठाउँ भर्ने प्रश्न हो । यस्तो प्रश्न परीक्षार्थीहरूलाई एउटा पूर्ण वाक्यबाट एउटा वा केही मुख्य शब्दहरू निकाली खाली ठाउँ प्रश्नको रुपमा लिइन्छ । परीक्षार्थीहरूले खाली ठाउँमा उपयुक्त वा मिल्दो शब्द स्मरण गरी भर्नुपर्ने हुन्छ । कतिपय प्रश्नमा अपूर्ण रुपमा दिइएको कथनलाई परीक्षार्थीहरूले सही शब्दको छनोट गरी पूरा गर्नुपर्ने हुन्छ । विद्यार्थीको तह र स्तरको आधारमा खाली ठाउँ भर्ने प्रश्नमा विकल्पहरू प्रश्नपत्रमा नै दिन पनि सकिन्छ । उपयुक्त विकल्प छानी परीक्षार्थीले खाली ठाउँ भर्ने गर्नुपर्दछ । कतिपय प्रश्नमा विकल्पहरू नदिइकन अपूरो कथन मात्र दिइन्छ । त्यस्तो अवस्थामा परीक्षार्थी आफैले

उपयुक्त विकल्प सम्झि खाली ठाउँ भर्नुपर्ने हुन्छ (कोइराला र अधिकारी, २०७४ : १४१) । खाली ठाउँमा भर्ने प्रश्नमा समस्याको कथनको रुपमा प्रश्नपत्रमा दिइएको कथनबाट कसैको नाम, घटना, मिति, सङ्ख्या, स्थान, आदि हटाइएको हुन्छ । उक्त खाली ठाउँमा परीक्षार्थीले उपयुक्त भरी दिइएको कथनलाई पूरा गर्नुपर्ने हुन्छ । जस्तैः

"………… नेपाली साहित्यका कवि हुन् ।" यस कथनमा नेपाली साहित्यका विभिन्न कविहरूको नाम मिल्न सक्छ । यस किसिमको समस्याको कथनलाई अझ बढी विशिष्ट बनाउनका लागि निम्नानुसार लेख्न सकिन्छ । जुन बढी विश्सनीय हुन्छ । "नेपाली साहित्यका महाकवि …..हुन् ।"

**(ई) ठिक बेठिक प्रश्न**

दिइएका कथन मध्ये ठिक वा बेठिक छुट्याउन लगाउने प्रश्न नै यस्ता प्रश्नहरू तल्ला तहका कक्षाका लागि उपयुक्त मानिन्छन् । यस्ता प्रश्नमा निर्देशन दिइएको सङ्केतका आधारमा विद्यार्थीले आफ्नो प्रतिक्रिया दिन्छन् । विशेष गरी विद्यार्थीहरूमा ज्ञानात्मक तहका विषयवस्तु जाँच्न ठिक बेठिक प्रश्नको प्रयोग गरिन्छ । यसमा सम्पूर्ण विषयवस्तुलाई समेट्ने गरी प्रश्न निर्माण गर्नुपर्दछ । कम खर्च र परिश्रममा प्रश्नहरू निर्माण गर्न सकिने हुनाले ठिक बेठिक छुट्याउने प्रश्नहरू बढी व्यावहारिक हुन्छन् । बोध परीक्षणका साथै भाषिक सीपको परीक्षण र अभ्यासका लागि ठिक छुट्याउने प्रश्नको उपयोग गर्न सकिन्छ (अधिकारी, २०६७: १६६) । यसका नमुना प्रश्न यस प्रकार छन् :

(क) रामले कथा सुनेको छ ।

सीताले कथा सुनेको छ ।

आमाले कथा कसुनेको छ ।

बुवाले कथा सुनेको छ ।

(ख) केटो घर जान्छन् ।

भाइहरू गीत गाउँछ ।

बहीनी कथा भन्छ ।

दिदीले भाग खायो ।

### २.२.९ परीक्षण अङ्कन वा मापन विधि प्रविधि र तिनको प्रयोग

परीक्षा सञ्चालन राम्रो भएर मात्र पुग्दैन, त्यसको अङ्कन वा मापन व्यवस्था पनि प्रभावकारी र विश्वसनीय हुनुपर्दछ । परीक्षा योजना निर्माण गर्दा खेरी नै मापन र अङ्कन विधि र प्रविधिका बारेमा सचेतता अँगाल्नु उपयुक्त हुन्छ । परीक्षाको प्रक्रियागत प्रविधि र परीक्षा मापनका उपयुक्त र स्पष्ट निर्देशन दिइनु आवश्यक हुन्छ । आवश्यकता अनुसार परीक्षक वा पर्यवेक्षकलाई अङ्क मापन सम्बन्धी अभिमुखीकरण तालिम गराएर स्पष्ट पार्नुपर्ने हुन्छ । मापनमा वैधता कायम गर्न उपयुक्त र सम्बद्ध व्यक्तिबाट उद्देश्यपूर्ण प्रभावकारी मापन गराउनु पर्नेछ । मापनीय सूचनाद्वारा भएपर्दो मूल्याङ्कनीय अभिष्ट साध्य गर्न अङ्कन वा प्रविधिहरूको यथाचीत जानकारी गराइ तिनको प्रयोग गर्ने सीपबारे सम्बद्ध निकायले उपयुक्त व्यवस्था गर्नुपर्ने हुन्छ ।

लिखित युक्तिद्वारा सञ्चालन गरिने परीक्षामा प्रश्न निर्माणकै क्रममा विभिन्न उपायहरू अपनाएर मापनीय आधार तयार गर्न सकिन्छ । वस्तुगत प्रश्नका लागि पहिले नै उत्तर कुञ्जिका निर्माण गरेर सम्बद्ध परीक्षकहरूलाई उपलब्ध गराई विश्वसनीयता र वैधता मापन गराउन सकिन्छ । विषयगत प्रश्नहरूको मापनका लागि भने विशेष सचेतता अपनाउनु पर्ने हुन्छ । उपयुक्त प्रबन्ध र निर्देशन हुन नसकेमा विश्वसनीयता र वैधताका विभिन्न समस्याहरू आइपर्दछन् (पौडेल, २०६७: ६०-६२) । मापन वा अङ्कन विधि र तिनको प्रयोग निम्न अनुसार छन् :

#### १. बुँदागत अङ्क मापन

प्रश्नका परीक्षणीय आशयहरूलाई विभिन्न बुँदामा परिणत गरी तिनको महत्व अनुसार निर्धारित अङ्कलाई विभाजन गरेर परीक्षकलाई उपलब्ध गराई सोही अनुरुप अङ्न वा मापन गर्न निर्देशित गर्ने विधिलाई बुँदागत अङ्क मापन भनिन्छ । यो विधि धेरै हदसम्म र सुगम हुनुका साथै मापनीय विश्वसनीयताका दृष्टिले पनि प्रभावकारी हुने देखिन्छ ।

#### २. प्रश्नगत अङ्ग मापन

एउटा प्रश्नको उत्तर पत्रमा जाँची सकेपछि क्रमश: अन्य प्रश्नहरूको उत्तर जाँच्दै अङ्कन गर्ने विधिलाई प्रश्नगत अङ्क मापन भनिन्छ । यस विधिलाई फरक फरक बसाइमा मापन गर्दा एउटै

खाले उत्तरमा पनि भिन्न भिन्न मापन हुन सक्ने अविश्वसनीयतालाई कम गर्न सकिन्छ । यस विधिलाई झन्झटिलो मानी त्यति उपयोगमा ल्याइएको पाइदैन ।

### ३. समूहगत अङ्क मापन

सरसर्ती उत्तर पत्रहरूलाई हेरेर अतिउत्तम, उत्तम, मध्यम, निम्न र अतिनिम्न समूहमा विभाजन गरी राखेर एउटा समूहको उत्तर जाँच गरी सकेपछि अर्को समूहको उत्तर जाँच्ने र मापन गर्ने विधिलाई समूहगत अङ्क मापन विधि भनिन्छ । मापनीय विश्वसनीयताका दृष्टिले यो विधि निकै प्रभावकारी हुन सक्ने स्थिति भए पनि दोहोरो झन्झट पर्ने भएकाले यसलाई पनि त्यति उपयोगमा ल्याइएको पाइदैन ।

### ४. बुह परीक्षकद्वारा अङ्क मापन

एउटै परीक्षकद्वारा मात्र मापन नगराई तिन, चार जनासम्म परीक्षकहरूद्वारा अङ्कन वा मापन गर्न लगाउने र औसतमा अङ्क निर्धारण गर्ने विधिलाई बहुपरीक्षकद्वारा अङ्क मापन भनिन्छ । यो राम्रो र भरपर्दो विधि भए पनि प्रशासनिक झन्झट र परीक्षकहरू बीचमा मनमोटाब सिर्जना हुने सम्भावनालाई ख्याल गरेर पनि त्यति प्रयोगमा ल्याएको पाइदैन ।

### ५. अङ्कन वा मापनका केही थप धारणा र प्रविधि

सिकाइका क्रममा विद्यार्थीको सिकाइ प्रक्रियालाई निश्चित अङ्क मापन गरी दिने आधार वा मापन विन्दुलाई अङ्क मापन भनिन्छ । “भाषा सम्बन्धी विषयगत परीक्षाका उत्तर पत्रहरूको जाँच वा मापनमा विभिन्न विधि र प्रविधिहरूलाई अपनाउन सकिने भएपनि भाषा परीक्षाको प्रकृतिलाई पनि विशेष ध्यान दिनु जरुरी हुन्छ । कक्षा र तह हेरी मूलतः अभिव्यक्तिपरक र विषयवस्तुको ज्ञानपरक प्रश्नहरू पनि हुन सक्ने भएकाले सोही अनुरुपको बेग्लै र एकीकृत मापन विधि अपनाउनु पर्ने स्थिति भाषा परीक्षणमा हुन्छ (पौडेल, २०६७: ६१) ।” प्रश्नगत परीक्षणीय आशय अनुसार विभिन्न बुँदामा अङ्क विभाजन गरेर मापन र अङ्कन गर्नुपर्ने हुन्छ । जस्तैः

(क) यान्त्रिक पक्ष (किनारा, अक्षराकार, हिज्जे सफाइ आदि) १० %

(ख) शब्द छनोट तथा प्रयोग १० %

(ग) व्याकरण (रुप विन्यास, वाक्य गठन, वाक्यान्तरण सङ्गति आदि) १० %

(घ) शैली र सङ्गठन १० %

(ङ) विषयवस्तुको ज्ञान र अवधारणा ६० %

यस्तो किसिमको अङ्क मापन त्यति सजिलो छैन । सिङ्गो अभिव्यक्तिमा कुन कुन र कति त्रुटिमा के के अङ्कभार छुट्याउने भन्ने निधो गर्न निकै समस्यापूर्ण र अझ एउटै त्रुटि बारम्बार दोहोरिएमा त्यसको अङ्कभारको निश्चय गर्न झन समस्या हुने देखिन्छ ।

खण्डीकृत गरेर प्रतिशतमा हेर्ने काममा अलमलिँदा परीक्षणीय विषयवस्तुबाटै मापनमा विचलन आउने सम्भावना बढेर आउँछ । बुँदागत विश्लेषण गरेर प्रतिशतमा अङ्क छुट्याउँदै मापन गर्नुभन्दा सम्प्रेषणीयतालाई विशेष महत्व दिइएर मापन गर्ने सोच बनाउनु पर्छ । मापनमा अभिव्यक्ति पक्षलाई खासै असर नपर्ने त्रुटिहरू गौण हुन जान्छन् । ससानो अर्थ अघातक सतही त्रुटि गर्दैमा बढी दण्डित गर्ने प्रवृत्तिले प्रोत्साहन पाउँदैन । यान्त्रिक पक्षलाई समग्रमा १० प्रतिशत शब्दछनोट तथा प्रयोग १० प्रतिशत, व्याकरणात्मक समग्र पक्षलाई १० प्रतिशत, शैली सङ्गठन पक्षलाई १० प्रतिशत र विषयवस्तुगत धारणा र त्यसको अभिव्यक्ति स्तरलाई ६० प्रतिशत अङ्कभारको मानसिक धारणा बनाएर अङ्कन वा मापन गर्नु उपयोगी हुन सक्छ । आवश्यक परे अतिउत्तम, उत्तम, मध्यम, सामान्य र निम्न जस्ता समूहमा श्रेणीकरण गरेर पनि मापन गर्न सकिन्छ ।

मौखिक परीक्षाको अङ्कन मापन जाँच सूची र श्रेणी मापनमा सूचीकृत वा श्रेणीकृत शीर्षक र तिनका अङ्कभार अनुरुप फारामहरूमा अङ्कन गरी अभिलेख गर्नुपर्ने हुन्छ । मौखिक परीक्षा र प्रयोगात्मक परीक्षाको अङ्कन वा प्रशिक्षणका उपयुक्त प्रबन्ध मिलाउनु जरुरी हुन्छ । यसो गरेमा धेरै हदसम्म विश्सनीय मापनका गुणहरू प्राप्त गर्न सकिन्छ (पौडेल, २०६७: ६०-६२) ।

यसरी शिक्षा तथा मनोवैज्ञानिक क्षेत्रको अवधारणाका रूपमा मूल्याङ्कनलाई चिनिन्छ । मानवका मात्रै नभई हरेक वस्तुको मूल्य निर्धारण तथा कार्यको लेखाजोखा गर्नका लागि समेत यसको महत्व रहेको छ । शैक्षिक क्षेत्रका सम्पूर्ण पक्षलाई लेखाजोखा गरी सुधार तर्फ अग्रपङ्क्तिमा बढाउन सहयोग गरेको छ । शिक्षा क्षेत्र पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक, विद्यार्थीलाई लेखाजोखा गरी आवश्यक सुधारका उपायतिर लगेको छ ।

भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सीपको धारणाको प्राप्ति र विकासमा जोड दिइएको छ । यो समग्र कार्यक्रमको मुख्य मूल्याङ्कन गर्ने केन्द्रविन्दु पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक, विद्यार्थीको सम्पूर्ण कार्यक्रम नै मूल्याङ्कन हुन् । यसमा लिखित, मौखिक र प्रयोगात्मक परीक्षालाई मूल्याङ्कनको साधन बनाएता पनि प्रयोगात्मक र मौखिक भन्दा पनि लिखित परीक्षा नै सबैभन्दा प्रचलित परीक्षा हो । प्रश्नबाट लिइएको मूल्याङ्कनको प्रभावकारिता प्रश्नको अध्ययन विश्लेषणबाट प्राप्त हुन्छ ।

## २.३ त्रुटि विश्लेषणको परिचय

त्रुटि विश्लेषण प्रक्रियाको जन्म पनि व्यतिरेकी विश्लेषण प्रक्रिया जस्तै दोस्रो भाषा भन्ने सन्दर्भलाई लिएर नै भएको देखिन्छ । “भाषा सिकाइका कठिनाइहरू के हुन सक्छन् र तिनको निदान कसरी हुन सक्छ भन्ने सन्दर्भमा खोजी नै त्रुटि विश्लेषणको पनि मुख्य ध्येय हो (ढकाल, २०७३: १३८) ।” दोस्रो भाषा सिकाइलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने मूल अभिप्रायले त्रुटि विश्लेषणको विकास भएको हो । दोस्रो भाषा सिकाइलाई प्रभावकारी बनाउन त्रुटि विश्लेषणको विकास भएतापनि यसको उपादेयता पहिलो भाषा शिक्षणमा पनि देखिन्छ । भाषाका शैलीगत तथा स्थानगत भेदका कारणले देखिने त्रुटिको निराकरणका लागि पहिलो भाषा शिक्षणको क्रममा यसको महत्व देखिन्छ ।

भाषा सिकाइका क्षेत्रमा त्रुटि विश्लेषणको महत्व सन् १९७० को दशकपछि बढ्न थालेको देखिन्छ । त्रुटिको स्वरूप यसको शैक्षणिक उपादेयता, भाषा शिक्षणका सन्दर्भमा निकै महत्वपूर्ण छ । त्रुटि विश्लेषण मूलतः भाषा सिकाइका सन्दर्भमा विकसित दृष्टिकोण तथा पद्धति हो । त्रुटिलाई सिकाइ प्रक्रियाको कमजोर ठान्नु हुँदैन । त्रुटिलाई भाषा सिकाइको स्वाभाविक प्रक्रिया

ठानेर निराकरणका लागि सम्बन्धित पक्षले विशेष सावधान हुनु जरूरी हुन्छ ।

त्रुटि विश्लेषणले समभाषिक पृष्ठभूमिका सिकारूले मानकभाषाभन्दा प्रयोगलाई न्यूनिकरण र निराकरण गर्ने प्रयासमा सघाउँछ । त्रुटि विश्लेषणका आधारभूत मान्यताका आधारमा पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन र सम्पादन गर्न गराउन सकिन्छ । यसले पढ्ने पढाउने क्रमलाई अग्रगति दिन्छ । भाषाको सिकाइ त्रुटि रहित रूपमा नहुने कुरा स्पष्ट छ । मातृभाषी वा विमातृभाषी सिकारूले भाषा प्रयत्न र भूलका सिद्धान्तमा आधारित हुँदै सिक्ने प्रक्रियाका रूपमा देखा पर्छ । भाषाको सिकाइका लागि एकनासको वातावरण उपलब्ध हुँदैन । वातावरणीय भिन्नता भए पनि भाषाको प्रयोगमा स्तरीयताको निर्वाह गर्ने प्रयासमा यो केन्द्रित हुन्छ ।

त्रुटि विश्लेषण भाषा सिकाइको प्रक्रियाको अध्ययन गर्ने एउटा महत्वपूर्ण प्रक्रिया हो । व्यतिरेकी विश्लेषण दोस्रो भाषाको सिकाइमा हुने त्रुटिको अध्ययन गर्न थालेपछि प्रायोगिक भाषाविज्ञानको छुट्टै शाखाको रूपमा यसको विकास भएको हो । भाषा शिक्षणको क्षेत्रमा यसको महत्व सन् १९७० पछि बढ्न थालेको देखिन्छ । त्रुटि विश्लेषण मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित दृष्टिकोण वा पद्धति हो । भाषा सिक्ने सिकारूले के कस्ता त्रुटिहरू गर्दछन् र ती त्रुटिहरू के कसरी हुन्छन् भनी अध्ययन गर्ने विषयलाई त्रुटि विश्लेषण भनिन्छ । यस सिद्धान्तअनुसार सिकारूले सिकाइका क्रममा स्वभाविक त्रुटि गर्दछ । त्यसैले यसलाई सिकाइगत प्रक्रिया ठान्नु उपयुक्त हुन्छ ।

त्रुटि विश्लेषणको माध्यमबाट विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण तथा व्यवस्थित व्याख्या गरिन्छ । भाषा सिकारूले भाषिक सामार्थ्य कुन तहसम्म प्राप्त सकेको छ । सो कुरा उसले गरेका त्रुटिहरूबाट व्यवस्थित ढङ्गले झल्किन्छ । सिकारूले दोस्रो भाषा सिक्दा गर्ने दोस्रो भाषा भित्रकै विभिन्न त्रुटिहरूको तुलनात्मक अध्ययन गरिन्छ । त्रुटि विश्लेषणका लागि सर्वप्रथम विद्यार्थीहरूले गरेका त्रुटि तथा गल्तीका बारे भाषा विज्ञानको क्षेत्रमा त्रुटिलाई विदेशी भाषा सिकारूले नियमित तथा व्यवस्थित रूपमा प्रयोग गर्ने भाषाको प्रवृत्तिका रूपमा लिइन्छ । गल्तीहरू कहिलेकाही देखा पर्ने प्रवृत्तिगत कार्यहरू हुन, जो व्यवस्थित किसिमका हुन्छन् । जसलाई सिकारू आफैले सच्याउन सक्छ र भाषा सिकारूले त्रुटिको क्षेत्र पहिल्याई त्यसको विश्लेषण गर्ने कार्यमा जोड दिइएको हुन्छ । अन्तरभाषिक

शब्दावलीको दोस्रो भाषाको व्यवस्थित ज्ञानलाई जनाउँछ । सिकारूले पहिलो र दोस्रो भाषा दुवैबाट भने स्वतन्त्र रहेको हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने त्रुटि सिकारूले सिकिरहेको भाषासँग सम्बन्धित प्रक्रिया हो ।


### २.३.१ त्रुटि विश्लेषणको महत्व

कुनै पनि भाषा सिकाइका क्रममा त्रुटिहरू हुनु स्वभाविकै हो । विना त्रुटि सिकाइ सम्भव नहुने हुनाले भाषा सिकाइका क्रममा भएका त्रुटिको पहिचान गरी पुनः ती गल्ती नदोहोऱ्याउन सकिएमा भाषा सिकाइ राम्रारी हुन सक्छ । सामान्यतया शिक्षक तथा विद्यार्थी दुवैले भाषा सिकाइका क्रममा हुने त्रुटिहरूलाई सिकाइको कमजोरी मान्ने गरेको पाइन्छ तर उक्त सोचाइ गलत हो । वास्तवमा त्रुटिलाई सफलताको द्योतक मानिन्छ । सिइको कमजोरी तथा त्रुटि पत्ता लगाई त्यसलाई न्यूनिकरण गर्न सकेमा उक्त त्रुटि फेरी नदोहोरिन सक्छ । यसले गर्दा सिकाइलाई प्रभावकारी बनाउँछ । यसरी त्रुटिलाई भाषा सिकाइको सहज, असम्भवी र अभिन्न अङ्ग मान्दछ । भाषा शिक्षणमा त्रुटि विश्लेषण एक महत्वपूर्ण प्रक्रिया हो, किनभने त्रुटि विश्लेषणले विद्यार्थीहरूका सिकाइ कठिनाइहरूको प्रकृति र प्रकृति बुझ्न र तिनको व्यवस्थित अध्ययन गरी न्यूनिकरण गर्दै निराकरण गर्न एवम् विद्यार्थी दुवैलाई महत्वपूर्ण सहयोग पुऱ्याउँछ । यसबाट शिक्षण योजना निर्माण, शिक्षण सामग्री र विधिहरूको छनोट एवम् प्रयोग गर्न शिक्षकलाई महत्वपूर्ण सहयोग पुग्दछ । त्रुटि विश्लेषण विद्यार्थीका व्यक्तिगत कमजोरी पत्ता लगाई उसलाई सही ढङ्गले पृष्ठपोषण गर्न पनि सघाउँछ ।

त्रुटिको स्वरूप र स्रोत पहिचान गर्न, त्रुटि क्षेत्रहरू पहिल्याउन, भाषा शिक्षण एवम् सिकाइका त्रुटिहरूको निराकरण गर्ने उपाय पत्ता लगाउन, भाषा शिक्षणका क्रममा त्रुटिका प्रकृति, त्रुटि क्षेत्र पहिल्याई भाषा शिक्षणको स्वभाविक प्रक्रियाका अवलम्बन गर्न भाषा शिक्षण कार्यलाई प्रभावकारी र व्यवहारिक बनाउन महत्वपूर्ण भूमिका त्रुटि विश्लेषण हो । त्यस्तै स्वयम् सिकारूलाई आफ्ना त्रुटि थाहा पाई त्यस्ता त्रुटि नदोहोऱ्याउन सजग र सर्तक राख्न तथा त्रुटि विश्लेषण गरी तिनका निराकरण अवलम्बन गर्न त्रुटि विश्लेषणको महत्व छ ।

### २.३.२ त्रुटिको वर्गीकरण

भाषा शिक्षणका क्रममा विभिन्न किसिमका त्रुटिहरू पाइन्छन् । लेख्य भाषामा कुनै पनि सिकारूले एकै किसिमको त्रुटि मात्र गर्दैनन् । विभिन्न आधारमा त्रुटिलाई छुट्याउने काम नै त्रुटिको वर्गीकरण हो (ढकाल, २०७३: १५) । त्रुटिहरू विभिन्न आधारमा विभिन्न कारणले हुने गर्दछन् । त्रुटिको अवस्थालाई थाहा पाउन त्रुटिको वर्गीकरण गरेर पर्ने हुन्छ । त्रुटिको वर्गीकरण निम्नअनुसार गर्न सकिन्छ ।




#### (क) विकासशीलताको आधारमा

सिकाइ विकासशील हुने भएकाले सिकाइमा हुने त्रुटिलाई विकासशीलताका आधारमा वर्गीकरण गर्न सकिन्छ । एस.पिट. कर्डनले वर्गीकरण गरेको त्रुटिलाई पनि विकासशीलताका आधारमा वर्गीकरण गरिएको त्रुटिका रूपमा लिइन्छ (ढकाल, २०७३: १४४) । यसलाई निम्नानुसार तीन प्रकारका वर्गीकरण गर्न सकिन्छ ।

#### (अ) अव्यवस्थित त्रुटि

यस्ता त्रुटिलाई प्रारम्भिक त्रुटि पनि भनिन्छ । प्रयोक्ताले भाषिक प्रयोग गर्दा कतै शुद्ध र कतै अशुद्ध रूपको प्रयोग गर्नु अव्यवस्थित त्रुटि हो । यसमा प्रारम्भिक प्रकृतिका त्रुटिहरू पर्दछन् । एकपल्ट एकखाले र अर्कोपल्ट अर्कैखाले त्रुटि गर्ने व्यक्तिपरक किसिमले हुन्छ ।

### (इ) व्यवस्थित त्रुटि

सबै ठाउँमा समान किसिमले वा नियमित रूपले दोहोरिने प्रकृतिका त्रुटि व्यवस्थित हुन्छन् । यस्ता त्रुटिहरू अनुमयेय हुन्छन् । व्यवस्थित त्रुटिको शुद्धिकरण व्यक्ति प्रयोक्ताको सचेतताबाट हुन सक्दैन । त्यसैले यस्ता त्रुटिहरूको शैक्षणिक महत्व बढी हुन्छ । व्यवस्थित किसिमका त्रुटिहरू सुधार्न शिक्षक वा जानकारहरूको आवश्यकता हुन्छ । व्यवस्थित त्रुटिले अन्तरभाषिक व्यवस्थाको पनि सङ्केत गर्दछन् । भण्डा, बञ्चरो, भण्डै, सञ्चै, मूल्याङ्कन, विपरीत व्यवस्थित त्रुटि हुन् । एक जना कुकुर आयो । मैले पनि थाहा छ हिजो लगातार १५ घण्टा कर्फ्यु लाग्छ जस्ता वाक्यले वाक्यात्मक त्रुटि जस्ता वाक्यले सिकाइको अपूर्णता पनि देखाउँछन् (ढकाल, २०७३ : १४५) । यसरी सिकाइका क्रममा हुने यस्ता त्रुटि व्यवस्थित त्रुटि हुन् ।

### (ई) उत्तर व्यवस्थित त्रुटि

उत्तर व्यवस्थित त्रुटि असावधानिका कारणले जन्मन्छन् । यस्ता त्रुटि कहिलेकाही मात्र देखिन्छन् । "अभिव्यक्तिमा प्रायः नियमितता पाइन्छ, तर पनि यदाकता देखिने भएकाले यस्तालाई Pen slip र Tongue slip भन्ने भनाई अङ्ग्रेजीमा देखिन्छ भने कलम रड्किनु वा हाड नभएको जिब्रो लटपटिन्छ' जस्ता नेपाली भाषाका भनाईले उक्त त्रुटिलाई नै सङ्केत गर्दछ । यस चरणका सिकारुले नियम जानेको हुन्छ र त्यस नियम अनुसारको प्रयोग पनि जानेको हुन्छ । लेख्य चिन्हको प्रयोग र वर्णविन्यासीय त्रुटिको निराकरणमा प्रयोक्ता स्वंयम् सचेत हुनु जरूरी हुन्छ (ढकाल, २०७३: १४५) ।" यसर्थ सिकारुले वर्णविन्यासको नियमलाई जानेर पनि त्यसको प्रयोगका क्रममा हुने त्रुटि नै अव्यवस्थित त्रुटि हो ।

### (ख) स्रोतका आधारमा

सिकारूले कुन भाषिक स्रोतबाट त्यस्तो त्रुटि गरेको हो, त्यसका आधारमा पनि त्रुटिको वर्गीकरण गर्न सकिन्छ । यस्ता त्रुटि दुई प्रकारका हुन्छन् :

### (अ) भाषान्तरिक त्रुटि

स्रोत वा मातृभाषाको अतिसामान्यीकरणबाट उत्पन्न हुने त्रुटिलाई भाषान्तरिक त्रुटि भनिन्छ ।

यस्तो त्रुटि साहुश्यको नियमसँग पनि सम्बन्धित हुन्छ । भाषा सिकारूले आफूले सिकिरहेको भाषासँग सम्बन्धित रहेर गरिने त्रुटिलाई भाषान्तरिक त्रुटि भनिन्छ । जुन भाषा सिकिरहेको हो, त्यही भाषाको भाषिक अवस्थाका बारेमा स्पष्ट ज्ञान दिन सकेमा जस्तो त्रुटि  कम गर्न सकिन्छ । जस्तैः उसले खायोबाट सामान्यीकरण भई उ बजार जायो बनाउनु भाषान्तरिक त्रुटि हो ।

(आ) **अन्तर भाषिक त्रुटि**

इतरभाषी वक्ताले लक्ष्य भाषाको प्रयोग गर्दा गर्ने त्रुटिलाई अन्तरभाषिक त्रुटि भनिन्छ । नेपाली भाषा राम्ररी जान्न सकेकाहरूले पनि  कोटिकर सम्बन्धी र अन्य कतिपय किसिमका त्रुटि गर्न पुगेका देखिन्छ । जस्तैः एक जना खसी आयो, साथीहरू गयो, हामीहरू काम गर्छ, तिमी मलाई भेट जस्ता त्रुटि राई, लिम्बु, मगर, गुरूङ, सेर्पा, मैथली, भाषी वक्ताका अभिव्यक्तिमा पाइन्छन् । यस्ता त्रुटिलाई अन्तरभाषिक त्रुटि भनिन्छ ।

(ग) **गम्भीरताका आधारमा त्रुटि**

सम्पेषणमा बाधा उत्पन्न गर्ने त्रुटि गम्भीर प्रकृतिका मानिन्छन् भने सम्प्रेषणमा बाधा उत्पन्न नगर्ने चाही कम गम्भीर त्रुटि हुन्छन् । भाषा सम्प्रेषणको उच्चतम माध्यम भएकोले भाषामा सरलता, सहजता र बोधगम्यता हुनै पर्छ । भाषा सिकाइमा गम्भीर किसिमका त्रुटिहरू हुन्छन् । यस्ता त्रुटिहरू २ प्रकारका छन् :

(अ) **अर्थ बाधक त्रुटि**

भाषाको प्रयोगका क्रममा बोल्दा एकै लागेपनि लेखाइमा फरक हुन्छ । बोल्दा अर्थमा फरक तुल्याउने तर लेखाइमा फरक आउँछ भने त्यस्तो त्रुटि अर्थ बाधक हुन्छ । यी त्रुटि धेरै जसो हिज्जे सम्बन्धी हुन्छन् । जस्तैः तिनीहरू, तिनेरू, तिमीहरू, हामेरू आदि ।

(आ) **अर्थबाधक त्रुटि**

त्रुटि हुँदा अर्थ नबुझिने खालका त्रुटि गम्भीर प्रकृतिका हुन्छन् । यी त्रुटिले अर्थमा बाधा पुऱ्याई अर्थको अनर्थ हुन गई त्रुटि हुन सक्छ । जस्तैः आमाबाबुको शब्द निर्माण प्रक्रिया देखाउँदा आमा

+ बुवा हुन्छ भने भातसातको शब्द निर्माण प्रक्रिया देखाउँदा भात+सात बनाउनु यस्ता खालका त्रुटि हुन् ।

(घ) **स्वरूपका आधारमा त्रुटि**

बाह्य स्वरूपका आधारमा पनि त्रुटि वर्गीकृत हुन सक्छ । यस आधारमा त्रुटि दुई प्रकारका हुन्छन् (शर्मा र पौडेल, २०७३: २२३) ।

(अ) **लोपगत त्रुटि**

भाषा बोल्दा वा लेखदा कुनै वर्ण, शब्द अक्षर आदि पक्ष लोप हुन गई भाषामा हुने त्रुटि लोपगत त्रुटि हो । जस्तैः खाएको छ, खाछ, गएको छ, गाछ, यहाँ आएको छ, गएको छ शब्दका बीचमा 'एको' लोपभई खाछ, गाछ मात्र प्रयोग भएको छ ।

(आ) **थपोटगत त्रुटि**

भाषाको प्रयोगमा कुनै शब्द, वर्ण, अक्षर थपिएर आउनुलाई भाषामा थपोटगत त्रुटि भनिन्छ । जस्तैः सकायो- सक्यो, पोखयो- पोख्यो, परमुख-प्रमुख आदि ।

(ङ) **औचित्यका आधारमा त्रुटि**

व्याकरण र सन्दर्भ अनुकूलको अभिव्यक्ति मात्र उचित ठहर्छ । व्याकरणिक हिसाबले ठिक ठानिएका तर सन्दर्भहीन भाषिक प्रयोग अनुचित हुन्छन् भने सन्दर्भ सुहाउँदो अभिव्यक्ति व्याकरणिक हिसाबले बेठिक छ भने पनि उनुचित मान्नु हुँदैन ।

(अ) **औचित्यपूर्ण त्रुटि**

व्याकरणिक दृष्टिकोणले मात्र वाक्य त्रुटिपूर्ण छ, सन्दर्भ अनुरूप त्रुटि छैन भने त्यस्तो त्रुटिलाई औचित्यपूर्ण त्रुटि भनिन्छ । नेपाली भाषामा रीमा भात खान गएकी छ भन्ने वाक्य व्याकरणिक दृष्टिकोणले बेठिक भएतानि वाक्य औचित्यपूर्ण छ । यस्ता त्रुटिलाई औचित्यपूर्ण त्रुटि भनिन्छ ।

(आ) **अनौचित्यपूर्ण त्रुटि**

भाषाको प्रयोगमा प्रयुक्त शब्द वा वाक्य व्याकरण सन्दर्भगत दुवै दृष्टिकोणले त्रुटिपूर्ण भएको अवस्थालाई औचित्यपूर्ण त्रुटि भनिन्छ । शिक्षक कक्षाबाट पढाएर गयो । भाइहरूले गाउँ नै छोड्यो । यी वाक्यमा व्याकरण र सन्दर्भ दुबै दृष्टिले त्रुटिपूर्ण प्रयोग भएको छ ।

(च) **भाषाकोटिका आधारमा**

भाषा सिकाइमा त्रुटि स्वाभाविक पक्ष भएकाले त्रुटिहरू विभिन्न प्रकृतिका हुन्छन् । यस आधारमा त्रुटिलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

(अ) **उच्चारणगत त्रुटि**

उच्चारण गर्दा हुने भाषिक त्रुटिलाई उच्चारणगत त्रुटि भनिन्छ । यस्तो त्रुटि नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्नेहरूमा बढी पाइन्छ । त्यस्तै प्रथम भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने भएपनि स्तरमा उच्चारणगत त्रुटि प्रशस्त हुन्छन् ।

(आ) **वर्णविन्यासगत त्रुटि**

भाषिक प्रयोगमा वर्ण विन्यासगत त्रुटिले धेरै स्थान पाउने गरेको पाइन्छ । वर्ण विन्यासगत त्रुटि नै सिकारूले बढी प्रयोग गर्ने हुनजाने वर्ण विन्यासका नियमका साथै प्रयोगमा धेरै जोड दिन आवश्यक हुन्छ । श,  ष, स, व, ब, इ, ई, उ, ऊ, ग, ग्या, ज्ञ्या, ह्रस्व, दीर्घ, शिरविन्दु, चन्द्रविन्दु आदि सम्बन्धी वर्णविन्यिासगत अवस्थाका बारेमा सिकारूलाई स्पष्ट पार्न आवश्यक हुन्छ ।

(इ) **व्याकरणगत त्रुटि**

भाषिक प्रयोगमा लिङ्ग, वचन, आदर आदिको सही प्रयोग, वाक्य गठन, क्रियाको प्रयोग सम्बन्धी त्रुटि व्याकरणगत त्रुटिहरू हुन् । व्याकरणगत त्रुटि पनि भाषाकोटिका आधारमा हुने महत्वपूर्ण त्रुटि हुन् ।

**(ई) अर्थतात्विक त्रुटि**

भाषाकोटिका आधारमा अर्थतात्विक दृष्टिकोणले पनि विभिन्न भाषिक त्रुटि हुने गर्दछन् । तसर्थ भाषा सिकाइमा अर्थका दृष्टिले पनि स्पष्ट पारिदिनुपर्छ ।

**(उ) शब्द भण्डारगत त्रुटि**

भाषा शिक्षणका क्रममा शब्द भण्डारको प्रयोगमा पनि अन्योलता आउने गर्दछ । कुन ठाउँमा कुन शब्द प्रयोग गर्ने समस्या शब्द भण्डारगत त्रुटि हो ।

**(च) व्यापकताका आधारमा**

त्रुटिहरू वाक्यको श्वास अंश र समग्र वाक्यसँग सम्बन्धित हुन सक्छन् । कतिपय त्रुटिहरू कुनै अंश वा शब्दसँग सम्बन्धित हुन्छन् भने कुनै त्रुटिहरू एक वाक्य वा बढी वाक्यसँग हुन्छन् । यस किसिमका त्रुटि निम्नानुसार छन् :

**(अ) आंशिक त्रुटि**

वाक्यको अंशमा अर्थात कुनै शब्द वा पदको प्रयोगमा हुने त्रुटिलाई आंशिक त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू कुनै एक शब्दसँग सम्बन्धित हुन्छन् । जस्तै सीता गयो । तिमी आयो आदि ।

**(इ) समग्र त्रुटि**

कुनै अंश, पद वा शब्दमा मात्र नभई समग्र पद, उपवाक्य वा वाक्यमा  हुने त्रुटिलाई समग्र त्रुटि भनिन्छ । यस्ता त्रुटि धेरै शब्द वा वाक्यको प्रयोगका क्रममा हुने गर्दछन् । जस्तै : मामाको श्रीमतीको बहिनी आयो ।


**२.३.३ त्रुटि विश्लेषण प्रक्रिया**

भाषा सिकाइका क्रममा भाषा सिकारूले गर्ने त्रुटिको विश्लेषण गर्न केही चरण वा प्रक्रिया आवश्यक पर्दछ । "भाषा सिकाइका सन्दर्भमा विद्यार्थीले के कस्ता त्रुटिहरू गर्छ, सो कुराको निर्क्योल गरी शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थित ढङ्गले अगाडि बढाउनुपर्ने हुन्छ ।

बहुभाषिक समाजमा आएका सिकारूलाई पहिलो भाषाको भाषिक अनुभवले स्वाभाविक रूपमा प्रभाव पार्दछ । त्यस्तो स्थितिमा त्रुटिको पहिचान गर्दा सिकारूले लिखित र मौखिक अभिव्यक्तिको अध्ययन गरी उसमा देखिएका त्रुटिलाई सूचीबद्ध गरी तिनीहरूले लक्ष्य भाषामा कस्तो प्रभाव पार्दछ वा पारिरहेको छ र तिनीहरू व्यवस्थित तथा अव्यवस्थित कुन प्रकारका हुन सोको ख्याल गरेर मात्र निराकरणतर्फ ध्यान दिनुपर्छ (ढकाल, २०७३: १५१) ।" यसर्थ वास्तविक त्रुटिको पहिचान नै नगरी सिकारूमा भएको भाषिक कमजोरीलाई हटाउन सकिदैन । त्यसैले त्रुटिहरू केलाएर त्यसको पर्याप्त विश्लेषण गर्नु आवश्यक हुन्छ ।

## २.४ अवधारणात्मक खाका

यस अध्ययनको अवधारणात्मक खाका निम्नानुसार रहेको छ :




कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन गर्दा सामुदायिक र संस्थागत विद्यालयमा यान्त्रिक पक्ष, विषयगत ज्ञान, वर्णविन्यास र वाक्यविन्यास परीक्षण गरिएको छ । प्रश्नोत्तर लेखन क्षमताको अध्ययन गर्दा प्रश्नपत्रको निर्माण उल्लेखित शीर्षकमा आधारित रही निर्माण गरिएको छ । उक्त प्रश्नपत्रका आधारमा सङ्कलित नतिजालाई परीक्षण गरी प्रतिशत र सङ्ख्यात्मक आधारमा विश्लेषण गरिएको छ ।

# अध्याय : तीन

# अनुसन्धान विधि र प्रक्रिया

यस अध्याय तीनमा अनुसन्धान विधि तथा प्रक्रिया अन्तर्गत यस अध्ययनमा अध्ययनको ढाँचा, जनसङ्ख्या र नमुना छनोट, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलनका सामग्री निर्माण र मानकीकरण, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको व्याख्या र विश्लेषण, अध्ययन प्रतिवेदनको ढाँचा राखेर अध्ययन गरिएको छ । त्यसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धानमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको अध्ययन तार्किक र परिमाणात्मक हुने भएकाले अनुसन्धान ढाँचा मिश्रित रहेको छ । यसर्थ अध्ययनको ढाँचा गुणात्मक तथा परिमाणात्मक गरी मिश्रित रहेको छ ।

## ३.२ जनसङ्ख्या तथा नमुना छनोट

प्रस्तुत शोधकार्य सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । सुर्खेत जिल्लाका दुई सामुदायिक विद्यालय र दुई संस्थागत विद्यालय गरी जम्मा चार वटा विद्यालयमा अध्ययन गर्ने ६० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । नमुना छनोट गर्दा सम्भावनायुक्त अन्तर्गत यादृच्छिक नमुना अन्तर्गत चिठ्ठा प्रणालीको उपयोग गरी छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

### (क) तथ्याङ्कको प्रकृति

प्रस्तुत अध्ययन विद्यार्थीहरूका भाषिक यान्त्रिक पक्ष, विषयगत ज्ञान, वर्णविन्यास, वाक्य विन्यास सम्बन्धी गुणात्मक तथा सङ्ख्यात्मक किसिमको तथ्याङ्क लिइएको हुँदा यसको प्रकृति गुणात्मक र परिमाणात्मक मिश्रित किसिमको रहेको छ ।

(ख) **प्राथमिक स्रोत**

प्रस्तुत शोधकार्य दुई वटा सामुदायिक र दुईवटा संस्थागत विद्यालय अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनका लागि विद्यालयमा गई विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा गर्ने त्रुटि पत्ता लगाउनको लागि लिखित परीक्षा लिएर तथ्याङ्क सङ्कलन गरिएको छ । यसर्थ कक्षा आठका विदार्थीहरू प्राथमिक स्रोत रहेका छन् ।

(ग) **द्वितीय स्रोत**

प्रस्तुत अनुसन्धानमा अप्रकाशित शोधपत्रहरू, पाठ्यपुस्तक, सन्दर्भपुस्तकहरू, शोध निर्देशिका, सम्बन्धित विषयका शिक्षकहरू समेतको सल्लाहलाई द्वितीय स्रोतका रूपमा उयोग गरिएको छ ।

## ३.४ सामग्री निर्माण र मानकीकरण

प्रस्तुत अध्ययन विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको पहिचान गरी तथ्याङ्क सङ्कलन गरिने भएकाले सामग्री सङ्कलनका लागि प्रश्नपत्र बनाएर उक्त प्रश्नलाई शोध निर्देशक र विषय विशेषज्ञबाट उचित सल्लाह लिई संशोधन र सुधार गरिएको छ । साथै शोध निर्देशक, विषय विशेषज्ञको सहायताबाट मानकीकरण गरिएको छ ।

## ३.५ अनुसन्धान विधि

प्रस्तुत अध्ययन सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको अध्ययनमा केन्द्रित रहेकाले सोही अनुसार क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । ती निम्नानुसार छन् :

(क) **क्षेत्रीय अध्ययन विधि**

प्रस्तुत अध्ययनमा सम्बन्धित स्थल र क्षेत्रमा नै गएर सामग्री सङ्कलन गरिने भएकाले क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सुर्खेत जिल्लाका सामुदायिक तर्फका विद्यालय श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्राम, श्री राष्ट्रिय आधारभूत विद्यालय

खजुरा र श्री डाइनामिक बोर्डिङ्ग स्कुल एयरपोर्ट, श्री ह्युरिष्टिक आधारभूत विद्यालय नेवारेमा अध्ययनरत कक्षा आठमा १५/१५ जना विद्यार्थीलाई लिखित प्रश्नको उत्तर लेख्न लगाएर तथ्याङ्क सङ्कलन गरिएको छ ।

**(ख) पुस्तकालयीय विधि**

प्रस्तुत शोधमा प्रश्नोत्तर लेखनमा विद्यार्थीले गर्ने त्रुटिको अध्ययन सम्बन्धी सैद्धान्तिक अध्ययनका लागि विभिन्न किसिमका सन्दर्भ सामग्री कृतिहरू, शोधपत्रहरू, पाठ्यपुस्तकहरू जस्ता द्वितीय सामग्रीको उपयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययनमा प्रस्तुत गरिएका उद्देश्यका आधारमा तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ । विद्यार्थीले दिइएको प्रश्नहरूको उत्तरद्वारा प्राप्त नतिजालाई मिश्रित विधिको उपयोग गर्दै प्रतिशतमा बदली सामुदायिक र संस्थागत विद्यालयमा अध्ययरत कक्षा आठका विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको अध्ययन गरिएको छ ।

प्रश्नावलीमा दिइएको प्रश्नहरूको उत्तर लेखन क्षमताका लागि विभिन्न क्षेत्र यान्त्रिक पक्ष ५, विषयगत ज्ञान १०, वर्णविन्यास ५ र वाक्यविन्यास १० का आधारमा निर्धारण गरी उत्तरपुस्तिका परीक्षण गरिएको छ । विद्यार्थीहरूले लेखेका उत्तरपुस्तिकाहरू परीक्षण पश्चात् प्राप्त गरिएका प्राप्ताङ्कको आधारमा समावेश गरिएका क्षेत्रको पूर्णाङ्क निर्धारण गरी उत्तम, मध्यम र सामान्य तीन श्रेणीमा विभाजन गरिएको छ ।

यस अध्ययनमा विद्यार्थीहरुले गर्ने तथ्याङ्कशास्त्रीय आधारमा विद्यार्थीको प्राप्त नतिजाबाट प्रतिशत र मध्यमान निकाली विद्यार्थीको प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको तुलनात्मक अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण गर्न गुणात्मक र परिमाणात्मक र मिश्रित विधिको प्रयोग गरिएको छ ।

## ३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनको ढाँचा निम्नानुसार रहेको छ :

### (क) पूर्व भाग

यस शोध प्रतिवेदनको पूर्व भागमा आवरण पृष्ठ, मुख पृष्ठ, प्रतिवद्धता पत्र, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषय सूची, तालिका सूची, रेखा चित्र सूची र सङ्क्षिप्त शब्दावलीको पूरा रूप रहेका छन् ।

### (ख) मूल भाग

यस अध्ययन प्रतिवेदनको मूल भागमा अनुसन्धान कार्यको सम्पूर्ण विवरण अनुसार अध्याय एकमा शोध परिचय खण्ड, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, अध्याय तीनमा अनुसन्धान विधि र प्रक्रिया, अध्याय चारमा तथ्याङ्कको व्याख्या विश्लेषण र अध्याय पाँचमा निष्कर्ष तथा सुझाव खण्ड रहेका छन् ।

### (ग) उत्तर भाग

यस शोध प्रतिवेदनको उत्तरभागमा सन्दर्भ सूची, परिशिष्ट अन्तर्गत नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीका लागि प्रश्नावली उक्त विद्यार्थीबाट प्राप्त भरिएका प्रश्नावली राखिएको छ भने अन्तमा शोधार्थीको व्यक्तिवृत्तलाई राखिएको छ ।

# अध्याय : चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ४.१ कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन

प्रस्तुत अध्ययन सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत विद्यालय अन्तर्गत पर्ने दुई वटा सामुदायिक र दुई वटा संस्थागत विद्यालयलाई नमुनाका रुपमा लिइएको छ । उक्त विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमता पत्ता लगाउनका लागि प्रस्तुत अध्ययनको उद्देश्य अनुसार सामुदायिक विद्यालयका ३० जना र संस्थागत विद्यालयका ३० जना गरी जम्मा ६० जना विद्यार्थीहरूलाई प्रश्नावलीको प्रयोग गरिएको छ । प्रश्नावलीमा दिइएको प्रश्नहरूको उत्तर लेखन क्षमताका लागि विभिन्न क्षेत्र यान्त्रिक पक्ष, विषयगत ज्ञान, वर्णविन्यास र वाक्यविन्यासका आधारमा निर्धारण गरी उत्तरपुस्तिका परीक्षण गरिएको छ । विद्यार्थीहरूले लेखेका उत्तरपुस्तिकाहरू परीक्षण पश्चात् प्राप्त गरिएका प्राप्ताङ्कको आधारमा समावेश गरिएका क्षेत्रको पूर्णाङ्क निर्धारण गरी उत्तम, मध्यम र सामान्य तीन श्रेणीमा विभाजन गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको आधारमा प्रश्नोत्तर लेखन क्षमता पहिचान गरी सामुदायिक र संस्थागत विद्यालयका बीचमा तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिएको छ । जसलाई निम्नानुसारका उपशीर्षकमा राखी व्याख्या र विश्लेषण गरिएको छ :

### ४.१.१ यान्त्रिक पक्ष (पूर्णाङ्क ५)

लेखन विद्यार्थीको कला हो । लेखनका क्रममा विद्यार्थीले लेखाइ सीप विकासको लागि विभिन्न प्राविधिक पक्षका आधारमा पनि सफा, शुद्ध आकर्षक लेखन क्षमतामा वृद्धि हुने गर्दछ । जस अन्तर्गत सफाइ, किनारा छोडाइ र अक्षराकार जस्ता पक्षहरूको ध्यान दिइ यान्त्रिक पक्षमा सुधार गरी लेखिनु पर्दछ । उत्तरपुस्तिका लेखन कार्यमा उक्त कुराहरू समावेश गरी लेखिनुमा राम्रो पक्ष मानिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता अन्तर्गत यान्त्रिक पक्षलाई पूर्णाङ्क पाँच तोकिएको छ । जसमा उत्तम श्रेणीलाई ४ देखि ५ अङ्क, मध्यम

श्रेणीलाई २.५ देखि ३.५, र सामान्य श्रेणीलाई ०-२ अङ्क निर्धारण गरिएको छ । यस श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीहरूको यान्त्रिक पक्षका आधारमा प्रश्नोत्तर लेखन क्षमताको अवस्थालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**(क) श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन सम्बन्धी यान्त्रिक पक्ष**

सामुदायिक विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता अन्तर्गत श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीहरूको यान्त्रिक पक्षमा प्रश्नोत्तर लेखनलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. १**

**श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन सम्बन्धी यान्त्रिक पक्ष**

| क.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सिर्जना चौधरी | सामान्य | ५ | २ | ४० |
| २ | सन्जु बस्याल | सामान्य | ५ | २ | ४० |
| ३ | आशिका शाही | सामान्य | ५ | २ | ४० |
| ४ | मञ्जु चौधरी | मध्यम | ५ | २.५ | ५० |
| ५ | बन्दना वि.क. | सामान्य | ५ | २ | ४० |
| ६ | अनिल बुढा | सामान्य | ५ | २ | ४० |
| ७ | मेका शाही | मध्यम | ५ | २.५ | ५० |
| ८ | सुनिता शाही | सामान्य | ५ | २ | ४० |
| ९ | विष्णु सुनार | सामान्य | ५ | २ | ४० |
| १० | मनिसा सिंह | सामान्य | ५ | २ | ४० |
| ११ | सुसिला थापा मगर | मध्यम | ५ | २.५ | ५० |
| १२ | बालिका आले | मध्यम | ५ | ३ | ६० |
| १३ | जानकी चौधरी | मध्यम | ५ | ३ | ६० |
| १४ | सिमरन बस्याल | मध्यम | ५ | ३ | ६० |
| १५ | मञ्जिता रजाली मगर | सामान्य | ५ | २ | ४० |

माथिको तालिका अनुसार सामुदायिक विद्यालय श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको यान्त्रिक पक्षमा कसैले पनि उत्तम श्रेणीको अङ्क प्राप्त गर्न सकेको पाइदैन । मध्यम श्रेणीमा ६ जना विद्यार्थीले २.५ देखि ३ अङ्क अर्थात ५० प्रतिशत देखि ६० प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ९ जना विद्यार्थीले २ अङ्क अर्थात ४० प्रतिशत प्राप्ताङ्क ल्याएका छन् ।

यस आधारमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या नभएको पाइयो । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी ६ जना रहेका छन् र सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी सबैभन्दा बढी रहेकाले यस यान्त्रिक पक्षका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता कमजोर रहेको छ ।

### (ख) श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्राम

सामुदायिक विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता अन्तर्गत श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्रामका विद्यार्थीहरूको यान्त्रिक पक्षका आधारमा प्रश्नोत्तर लेखनलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. २**

**श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि.को प्रश्नोत्तर लेखन सम्बन्धी यान्त्रिक पक्ष**

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मनोज आचार्य | मध्यम | ५ | २.५ | ५० |
| २ | हिक्मत थापा | मध्यम | ५ | २.५ | ५० |
| ३ | अनुप अर्याल | मध्यम | ५ | ३.५ | ७० |
| ४ | कुशल कार्की | मध्यम | ५ | २.५ | ५० |
| ५ | जीवन उपाध्याय | मध्यम | ५ | ३ | ६० |
| ६ | सावित्रा बुढा | सामान्य | ५ | २ | ४० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | रिया शाह | मध्यम | ५ | २.५ | ५० |
| ८ | सुन्दर विष्ट | सामान्य | ५ | २ | ४० |
| ९ | यमुना वली | सामान्य | ५ | २ | ४० |
| १० | सञ्जय देवकोटा | सामान्य | ५ | २ | ४० |
| ११ | सुशिल रिजाल | सामान्य | ५ | २ | ४० |
| १२ | दिव्यानी मल्ल | सामान्य | ५ | २ | ४० |
| १३ | निरुता हमाल | मध्यम | ५ | २.५ | ५० |
| १४ | डेकेन्द्र विष्ट | मध्यम | ५ | २.५ | ५० |
| १५ | पूजा बुढा | सामान्य | ५ | २ | ४० |

माथिको तालिका अनुसार सामुदायिक विद्यालय श्रीकृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तरको यान्त्रिक पक्षमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्न सकेको पाइदैन । मध्यम श्रेणीमा ८ जना विद्यार्थीले २.५-३.५ सम्म अङ्क अर्थात ५० देखि ७० प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ७ जना विद्यार्थीले २ अङ्क अर्थात ४० प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

यसरी निष्कर्षमा हेर्दा सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेका छन् भने उत्तम श्रेणीको अङ्क कुनै पनि विद्यार्थीले प्राप्त गरेका छैनन् । यसर्थ मध्यम श्रेणीको विद्यार्थी सङ्ख्या धेरै रहेकाले यान्त्रिक पक्षका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको छ ।

(ग) **डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुल**

संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता अन्तर्गत डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीहरूको यान्त्रिक पक्षमा प्रश्नोत्तर लेखनलाई निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका नं. ३

डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलको प्रश्नोत्तर लेखन सम्बन्धी यान्त्रिक पक्ष

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सौगात सुनार | उत्तम | ५ | ४ | ८० |
| २ | गणेश रोकाया | मध्यम | ५ | २.५ | ५० |
| ३ | उमेश खनाल | मध्यम | ५ | २.५ | ५० |
| ४ | शिव सारु | सामान्य | ५ | २ | ४० |
| ५ | खेमराज रोकाया | सामान्य | ५ | २ | ४० |
| ६ | हिरासिंह रोकाय | सामान्य | ५ | २ | ४० |
| ७ | प्रकाश भण्डारी | सामान्य | ५ | २ | ४० |
| ८ | मन्जु सुनार | उत्तम | ५ | ४ | ८० |
| ९ | विप्लपविक्रम शाही | मध्यम | ५ | २.५ | ५० |
| १० | तप्तराज सिंह | सामान्य | ५ | २ | ४० |
| ११ | सागर अधिकारी | मध्यम | ५ | ३.५ | ७० |
| १२ | मोहन पौडेल | मध्यम | ५ | ३ | ६० |
| १३ | समीक्षा सुनार | मध्यम | ५ | २.५ | ५० |
| १४ | आशा शाही | उत्तम | ५ | ४ | ८० |
| १५ | हिमानी वि.सी. | उत्तम | ५ | ४ | ८० |

माथिको तालिका अनुसार संस्थागत विद्यालय अन्तर्गत डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको यान्त्रिक पक्षको उत्तम श्रेणीमा ४ जनाले ४ अङ्क अर्थात ८० प्रतिशतसम्मको प्राप्ताङ्क प्राप्त गरेका छन् । मध्यम श्रेणीमा ६ जना विद्यार्थीले २.५ देखि ३.५ सम्म अङ्क अर्थात ५० देखि ७० प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ५ जना विद्यार्थीले २ अङ्क अर्थात ४०

प्रतिशत अङ्क प्राप्त गरेका छन् । यस आधारमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने ४ जना विद्यार्थीले ४ अङ्क अर्थात ८० प्रतिशत ल्याएको देखिन्छ ।

यसरी सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेका छन् र मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेका छन् र उत्तम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी सामान्य श्रेणीको भन्दा अझ कम रहेकाले यान्त्रिक पक्षका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको छ ।

**(घ) ह्युरिष्टिक स्कुल एण्ड रिसर्च सेन्टरको प्रश्नोत्तर लेखन सम्बन्धी यान्त्रिक पक्ष**

संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता ह्युरिष्टिक स्कुल एण्ड रिसर्च सेन्टरका विद्यार्थीहरूको यान्त्रिक पक्षका आधारमा प्रश्नोत्तर लेखन क्षमतालाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका नं. ४**

**ह्युरिष्टिक स्कुल एण्ड रिसर्च सेन्टरको प्रश्नोत्तर लेखन सम्बन्धी यान्त्रिक पक्ष**

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रकृति सापकोटा | मध्यम | ५ | ३ | ६० |
| २ | सविना शाही | मध्यम | ५ | २.५ | ५० |
| ३ | अस्मिता शाही | मध्यम | ५ | २.५ | ५० |
| ४ | शिशिर राना | मध्यम | ५ | २.५ | ५० |
| ५ | भावना शाही | मध्यम | ५ | ३ | ६० |
| ६ | हिमानी सापकोटा | सामान्य | ५ | २ | ४० |
| ७ | रेविका हमाल | सामान्य | ५ | २ | ४० |
| ८ | गणेश रावत | मध्यम | ५ | २.५ | ५० |
| ९ | प्रिमन खाम्चा मगर | उत्तम | ५ | ४ | ८० |
| १० | सुप्रिम सारु | मध्यम | ५ | २.५ | ५० |
| ११ | दिपसागर शाही | मध्यम | ५ | २.५ | ५० |
| १२ | पूजा बुढा | उत्तम | ५ | ४ | ८० |
| १३ | जयन्ति बोहरा | मध्यम | ५ | ३ | ६० |
| १४ | पुनम सोमै मगर | उत्तम | ५ | ४ | ८० |
| १५ | सलिता घर्ती मगर | मध्यम | ५ | २.५ | ५० |

माथिको तालिका अनुसार संस्थागत विद्यालय अन्तर्गत ह्युरिष्टिक स्कुल एण्ड रिसर्च सेन्टरका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको यान्त्रिक पक्षमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी ३ जनाले ४ अङ्क अर्थात ८० प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । मध्यम श्रेणीमा १० जना विद्यार्थीले २.५ देखि ३ सम्म प्राप्ताङ्क अर्थात ५० देखि ६० प्रतिशतसम्म प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा २ जना विद्यार्थीले २ अङ्क अर्थात ४० प्रतिशत प्राप्ताङ्क प्राप्त गरेका छन् । यसरी उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कम रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी सबैभन्दा धेरै रहेका छन् र सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी न्यून रहेकाले यान्त्रिक पक्षका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको छ ।

### ४.१.३ **विषयगत ज्ञान** (पूर्णाङ्क १०)

विषयवस्तु प्रति प्रश्नोत्तर लेखनका क्रममा विद्यार्थी स्पष्ट हुनु पर्दछ । प्रश्नलाई दुई तीन पटकसम्म पढेर विषयवस्तुको बारेमा जानकारी लिई बुझि मात्र विषयगत ज्ञान प्राप्त गरी उत्तर लेख्नु पर्दछ । यस अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता पहिचान गर्न विषयगत ज्ञानलाई जम्मा १० पूर्णाङ्क मानी विद्यार्थीले प्राप्त गरेको जम्मा प्राप्ताङ्कलाई ७ देखि ९ उत्तम ५ देखि ६ मध्यम श्रेणी र १ देखि ४ सम्मको प्राप्ताङ्क लाई सामान्य श्रेणीमा निर्धारण गरी पहिचान गरिएको छ ।

### (क) **श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान**

यस अध्ययनमा समावेश गरिएका सामुदायिक विद्यालय मध्ये श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीहरूको विषयवस्तुगत ज्ञानका आधारमा प्रश्नोत्तर लेखनलाई निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका नं. ५

श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सिर्जना चौधरी | मध्यम | १० | ५.५ | ५५ |
| २ | सन्जु बस्याल | मध्यम | १० | ५ | ५० |
| ३ | आशिका शाही | मध्यम | १० | ५ | ५० |
| ४ | मञ्जु चौधरी | मध्यम | १० | ५.५ | ५५ |
| ५ | बन्दना वि.क. | मध्यम | १० | ५ | ५० |
| ६ | अनिल बुढा | मध्यम | १० | ५.५ | ५५ |
| ७ | मेका शाही | मध्यम | १० | ५ | ५० |
| ८ | सुनिता शाही | मध्यम | १० | ५ | ५० |
| ९ | विष्णु सुनार | मध्यम | १० | ५.५ | ५५ |
| १० | मनिसा सिंह | मध्यम | १० | ५ | ५० |
| ११ | सुसिला थापा मगर | उत्तम | १० | ७ | ७० |
| १२ | बालिका आले | मध्यम | १० | ५.५ | ५५ |
| १३ | जानकी चौधरी | मध्यम | १० | ५.५ | ५५ |
| १४ | सिमरन बस्याल | उत्तम | १० | ७ | ७० |
| १५ | मञ्जिता रजाली मगर | मध्यम | १० | ५ | ५० |

माथिको तालिका अनुसार सामुदायिक विद्यालय अन्तर्गत श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका स्कुलमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको विषयगत ज्ञानमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने २ जनाले ७ अङ्क अर्थात ७० प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । त्यसैगरी मध्यम श्रेणीमा १३ जना विद्यार्थीले ५ देखि ५.५ सम्म अङ्क अर्थात ५० देखि ५५ प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा कुनै पनि विद्यार्थीले

अङ्क प्राप्त गरेका छैनन । तसर्थ उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने कम रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेका छन र सामान्य श्रेणीको अङ्क ल्याउने विद्यार्थी कुनै पनि रहेका छैनन । यसर्थ विषयगत ज्ञानमा मध्यम श्रेणीको अङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको छ ।

**(ख) श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि.इत्रामका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान**

सामुदायिक विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता अन्तर्गत श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्रामका विद्यार्थीहरूको विषयगत ज्ञानका आधारमा प्रश्नोत्तर लेखनलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ६**

**श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्रामका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान**

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मनोज आचार्य | सामान्य | १० | ४ | ४० |
| २ | हिक्मत थापा | सामान्य | १० | ४.५ | ४५ |
| ३ | अनुप अर्याल | मध्यम | १० | ५ | ५० |
| ४ | कुशल कार्की | मध्यम | १० | ५.५ | ५५ |
| ५ | जीवन उपाध्याय | उत्तम | १० | ७ | ७० |
| ६ | सावित्रा बुढा | सामान्य | १० | ४ | ४० |
| ७ | रिया शाह | मध्यम | १० | ५.५ | ५५ |
| ८ | सुन्दर विष्ट | मध्यम | १० | ५.५ | ५५ |
| ९ | यमुना वली | उत्तम | १० | ७ | ७० |
| १० | सञ्जय देवकोटा | मध्यम | १० | ५ | ५० |
| ११ | सुशिल रिजाल | मध्यम | १० | ५ | ५० |
| १२ | दिव्यानी मल्ल | सामान्य | १० | ४.५ | ४५ |
| १३ | निरुता हमाल | मध्यम | १० | ५.५ | ५६ |
| १४ | डेकेन्द्र विष्ट | उत्तम | १० | ७ | ७० |
| १५ | पूजा बुढा | सामान्य | १० | ४ | ४० |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालय अन्तर्गत श्रीकृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको विषयगत ज्ञानमा उत्तम श्रेणीको अङ्क ३ जना विद्यार्थीले ७ अङ्क अर्थात ७० प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । त्यसैगरी मध्यम श्रेणीमा ७ जना विद्यार्थीले ५ देखि ५.५ सम्म अङ्क अर्थात ५० देखि ५५ प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ५ जना विद्यार्थीले ४ अङ्क अर्थात ४० प्रतिशत प्राप्ताङ्क प्राप्त गरेका छन् । यसरी उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी न्यून रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेका छन् र सामान्य श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कम रहेका छन् । यसर्थ मध्यम श्रेणीमा विद्यार्थी सङ्ख्या बढी रहेकाले विषयगत ज्ञानका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको छ ।

**(ग) डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान**

संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता अन्तर्गत डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा विषयगत ज्ञानलाई निम्नानुसार तालिकामा देखाइएको छ :

## तालिका नं. ७

### डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सौगात सुनार | उत्तम | १० | ७ | ७० |
| २ | गणेश रोकाया | उत्तम | १० | ७ | ७० |
| ३ | उमेश खनाल | सामान्य | १० | ४ | ४० |
| ४ | शिव सारु | मध्यम | १० | ५ | ५० |
| ५ | खेमराज रोकाया | मध्यम | १० | ५.५ | ५५ |
| ६ | हिरासिंह रोकाय | मध्यम | १० | ५ | ५० |
| ७ | प्रकाश भण्डारी | मध्यम | १० | ५ | ५० |
| ८ | मन्जु सुनार | सामान्य | १० | ४ | ४० |
| ९ | विप्लपविक्रम शाही | मध्यम | १० | ५.५ | ५५ |
| १० | तप्तराज सिंह | मध्यम | १० | ५ | ५० |
| ११ | सागर अधिकारी | उत्तम | १० | ७ | ७० |
| १२ | मोहन पौडेल | उत्तम | १० | ७.५ | ७५ |
| १३ | समीक्षा सुनार | उत्तम | १० | ७ | ७० |
| १४ | आशा शाही | मध्यम | १० | ५.५ | ५५ |
| १५ | हिमानी वि.सी. | उत्तम | १० | ७ | ७० |

माथिको तालिका अनुसार संस्थागत विद्यालय अन्तर्गत डाइनामिक इङ्लिस बोर्डिङ स्कुलका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनमा विषयगत ज्ञान अन्तर्गत उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने ६ जनाले ७ देखि ७.५ अङ्क अर्थात ७० देखि ७५ प्रतिशतसम्म अङ्क ल्याएका छन् । मध्यम श्रेणीमा ७ जना विद्यार्थीले ५ देखि ५.५ सम्म अङ्क अर्थात ५० देखि ५५ प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा २ जना विद्यार्थीले ४

अङ्क अर्थात ४० प्रतिशत अङ्क प्राप्त गरेका छन् । यसरी उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कम रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी बढी रहेका छन् र सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी न्यून रहेका छन् । यसर्थ मध्यम श्रेणीमा विद्यार्थी सङ्ख्या धेरै रहेकाले विषयगत ज्ञानका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको छ ।

**(घ) ह्युरिष्टिक स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान**

संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता अन्तर्गत ह्युरिष्टिक स्कुलका विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा विषयगत ज्ञानलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ८**

**ह्युरिष्टिक स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा विषयगत ज्ञान**

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रकृति सापकोटा | मध्यम | १० | ५ | ५० |
| २ | सविना शाही | मध्यम | १० | ५.५ | ५५ |
| ३ | अस्मिता शाही | सामान्य | १० | ४ | ४० |
| ४ | शिशिर राना | उत्तम | १० | ७ | ७० |
| ५ | भावना शाही | सामान्य | १० | ४.५ | ४५ |
| ६ | हिमानी सापकोटा | मध्यम | १० | ५.५ | ५५ |
| ७ | रेविका हमाल | सामान्य | १० | ४ | ४० |
| ८ | गणेश रावत | सामान्य | १० | ४ | ४० |
| ९ | प्रिमन खाम्चा मगर | उत्तम | १० | ७ | ७० |
| १० | सुप्रिम सारु | मध्यम | १० | ५ | ५० |
| ११ | दिपसागर शाही | मध्यम | १० | ५.५ | ५५ |
| १२ | पूजा बुढा | उत्तम | १० | ७ | ७० |
| १३ | जयन्ति बोहरा | सामान्य | १० | ४ | ४० |
| १४ | पुनम सोमै मगर | मध्यम | १० | ५.५ | ५५ |
| १५ | सलिता घर्ती मगर | मध्यम | १० | ५.५ | ५५ |

माथिको तालिका अनुसार संस्थागत विद्यालय अन्तर्गत ह्युरिष्टिक स्कुलका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तरको विषयगत ज्ञानमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने ३ जना विद्यार्थीले ७ अङ्क अर्थात ७० प्रतिशत अङ्क ल्याएका छन् । मध्यम श्रेणीमा ७ जना विद्यार्थीले ५ देखि ५.५ सम्म अङ्क अर्थात ५० देखि ५५ प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ५ जना विद्यार्थीले ४ अङ्क अर्थात ४० प्रतिशत प्राप्त गरेका छन् । यसरी उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी न्यून रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेका छन् र सामान्य श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कम रहेका छन् । यसर्थ मध्यम श्रेणीमा विद्यार्थी सङ्ख्या बढी रहेकाले प्रश्नोत्तर लेखनमा विषयगत ज्ञानको क्षमता मध्यम स्तरको रहेको छ ।

### ४.१.३ वर्णविन्यास (पूर्णाङ्क ५)

लेखन शुद्धताको प्रमुख पक्ष वर्णविन्यास हो । वर्णविन्याले नै विद्यार्थीको लेखन क्षमतलाई भाषामा शुद्धता ल्याउन सक्छ । भाषिक क्षेत्रका आधारमा नेपाली विषय अध्ययन गर्ने विद्यार्थीका लागि वर्णविन्यासको ठूलो महत्व रहेको हुन्छ । यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता पहिचान गर्नका लागि वर्णविन्यासलाई ५ पूर्णाङ्क निर्धारण गरी ४ देखि ५ सम्म उत्तम श्रेणी, २.५ देखि ३.५ सम्म मध्यम श्रेणी र ० देखि २ सम्म अङ्क प्राप्त गर्नेलाई सामान्य श्रेणीमा विभाजन गरिएको छ । उक्त श्रेणीका आधारमा निम्नानुसार तालिकामा राखी विश्लेषण गरिएको छ :

#### (क) श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास

सामुदायिक विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता अन्तर्गत श्री नेपाल राष्ट्रिय आधारभूत विद्यार्थीको प्रश्नोत्तर लेखनमा वर्णविन्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका नं. ९

श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सिर्जना चौधरी | सामान्य | ५ | २ | ४० |
| २ | सन्जु बस्याल | मध्यम | ५ | २.५ | ५० |
| ३ | आशिका शाही | मध्यम | ५ | २.५ | ५० |
| ४ | मञ्जु चौधरी | मध्यम | ५ | २.५ | ५० |
| ५ | बन्दना वि.क. | मध्यम | ५ | ३ | ६० |
| ६ | अनिल बुढा | मध्यम | ५ | ३ | ६० |
| ७ | मेका शाही | सामान्य | ५ | २ | ४० |
| ८ | सुनिता शाही | मध्यम | ५ | २.५ | ५० |
| ९ | विष्णु सुनार | मध्यम | ५ | ३ | ६० |
| १० | मनिसा सिंह | सामान्य | ५ | २ | ४० |
| ११ | सुसिला थापा मगर | मध्यम | ५ | २.५ | ५० |
| १२ | बालिका आले | मध्यम | ५ | २.५ | ५० |
| १३ | जानकी चौधरी | सामान्य | ५ | २ | ४० |
| १४ | सिमरन बस्याल | मध्यम | ५ | ३.५ | ७० |
| १५ | मञ्जिता रजाली मगर | सामान्य | ५ | २ | ४० |

माथिको तालिका अनुसार सामुदायिक विद्यालय अन्तर्गत श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका  कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको वर्णविन्यासमा उत्तम श्रेणीको अङ्क कुनै पनि विद्यार्थीले प्राप्त गरेका छैनन । मध्यम श्रेणीमा १० जना विद्यार्थीले २.५ देखि ३.५ सम्म अङ्क अर्थात ५० देखि ७० प्रतिशत प्राप्ताङ्क

ल्याएका छन् । सामान्य श्रेणीमा ५ जना विद्यार्थीले २ अङ्क अर्थात ४० प्रतिशत अङ्क प्राप्त गरेका छन् । यसरी उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कुनै पनि रहेका छैनन् । मध्यम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै रहेका छन्  र सामान्य श्रेणीमा प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेका छन् । तसर्थ मध्यम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै रहेकाले प्रश्नोत्तर लेखनमा वर्णविन्यास क्षमता मध्यम स्तरको रहेको छ ।

**(ख) श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्रामका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास**

सामुदायिक विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता अन्तर्गत श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्रामका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वर्णविन्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका नं. १०

**श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. इत्रामका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वर्णविन्यास**

| क.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मनोज आचार्य | मध्यम | ५ | २.५ | ५० |
| २ | हिक्मत थापा | मध्यम | ५ | २.५ | ५० |
| ३ | अनुप अर्याल | सामान्य | ५ | २ | ४० |
| ४ | कुशल कार्की | सामान्य | ५ | २ | ४० |
| ५ | जीवन उपाध्याय | मध्यम | ५ | २.५ | ५० |
| ६ | सावित्रा बुढा | मध्यम | ५ | ३ | ६० |
| ७ | रिया शाह | सामान्य | ५ | २ | ४० |
| ८ | सुन्दर विष्ट | सामान्य | ५ | २ | ४० |
| ९ | यमुना वली | उत्तम | ५ | ४ | ८० |
| १० | सन्जय देवकोटा | मध्यम | ५ | ३ | ६० |
| ११ | सुशिल रिजाल | मध्यम | ५ | २.५ | ५० |
| १२ | दिव्यानी मल्ल | मध्यम | ५ | २.५ | ५० |
| १३ | निरुता हमाल | उत्तम | ५ | ४ | ८० |
| १४ | डेकेन्द्र विष्ट | उत्तम | ५ | ४ | ८० |
| १५ | पूजा बुढा | सामान्य | ५ | २ | ४० |

माथिको तालिका अनुसार सामुदायिक विद्यालय अन्तर्गत श्रीकृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनमा वर्णविन्यासमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी ३ जना रहेका छन् । मध्यम श्रेणीमा ७ जना विद्यार्थीले २.५ देखि ३ सम्म अङ्क अर्थात ५० देखि ६० प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ५ जना विद्यार्थी २ अर्थात ४० प्रतिशत अङ्क प्राप्त गरेका छन् । यस आधारमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी न्यून रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेका छन् । सामान्य श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कम रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी बढी रहेकाले प्रश्नोत्तर लेखनमा वर्णविन्यास क्षमता मध्यम स्तरको रहेको छ ।

**(ग) डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास**

संस्थागत विद्यालय अन्तर्गत डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनमा वर्णविन्यास सम्बन्धी क्षमताको पहिचान गरी निम्नानुसारको प्राप्ताङ्कलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ११**

**डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास**

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सौगात सुनार | मध्यम | ५ | ३ | ६० |
| २ | गणेश रोकाया | सामान्य | ५ | २ | ४० |
| ३ | उमेश खनाल | सामान्य | ५ | २ | ४० |
| ४ | शिव सारु | सामान्य | ५ | २ | ४० |
| ५ | खेमराज रोकाया | मध्यम | ५ | २.५ | ५० |
| ६ | हिरासिंह रोकाय | मध्यम | ५ | २.५ | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | प्रकाश भण्डारी | मध्यम | ५ | २.५ | ५० |
| ८ | मन्जु सुनार | सामान्य | ५ | २ | ४० |
| ९ | विप्लपविक्रम शाही | मध्यम | ५ | ३ | ६० |
| १० | तप्तराज सिंह | मध्यम | ५ | ३ | ६० |
| ११ | सागर अधिकारी | मध्यम | ५ | २.५ | ५० |
| १२ | मोहन पौडेल | मध्यम | ५ | २.५ | ५० |
| १३ | समीक्षा सुनार | सामान्य | ५ | २ | ४० |
| १४ | आशा शाही | उत्तम | ५ | ४ | ८० |
| १५ | हिमानी वि.सी. | उत्तम | ५ | ४ | ८० |

माथिको तालिका अनुसार संस्थागत विद्यालय अन्तर्गत डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका कक्षा आठका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वर्णविन्यासको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको वर्णविन्यासमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने २ जना विद्यार्थीले ४ जना अर्थात ८० प्रतिशत अङ्क प्राप्त गरेका छन् । मध्यम श्रेणीमा ८ जना विद्यार्थीले २.५ देखि ३ अङ्क अर्थात ५० देखि ६० प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ५ जना विद्यार्थीले २ अङ्क अर्थात ४० प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

यसरी उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या न्यून रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेका छन् । सामान्य श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कम रहेका छन् । यसर्थ मध्यम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै रहेकाले प्रश्नोत्तर लेखनमा वर्णविन्यास क्षमता मध्यम स्तरको रहेको छ ।

**(घ) ह्युरिष्टिक स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास**

संस्थागत विद्यालय अन्तर्गत ह्युरिष्टिक स्कुलका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनमा वर्णविन्यास सम्बन्धी क्षमताको पहिचान गरी निम्नानुसारको प्राप्ताङ्कलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. १२

ह्युरिष्टिक स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा वर्णविन्यास

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रकृति सापकोटा | सामान्य | ५ | २ | ४० |
| २ | सविना शाही | मध्यम | ५ | २.५ | ५० |
| ३ | अस्मिता शाही | सामान्य | ५ | २ | ४० |
| ४ | शिशिर राना | सामान्य | ५ | २ | ४० |
| ५ | भावना शाही | सामान्य | ५ | २ | ४० |
| ६ | हिमानी सापकोटा | उत्तम | ५ | ४ | ८० |
| ७ | रेविका हमाल | मध्यम | ५ | २.५ | ५० |
| ८ | गणेश रावत | सामान्य | ५ | २ | ४० |
| ९ | प्रिमन खाम्चा मगर | मध्यम | ५ | २.५ | ५० |
| १० | सुप्रिम सारु | मध्यम | ५ | २.५ | ५० |
| ११ | दिपसागर शाही | मध्यम | ५ | २.५ | ५० |
| १२ | पूजा बुढा | मध्यम | ५ | ३ | ६० |
| १३ | जयन्ति बोहरा | सामान्य | ५ | २ | ४० |
| १४ | पुनम सोमै मगर | मध्यम | ५ | ३.५ | ७० |
| १५ | सलिता घर्ती मगर | उत्तम | ५ | ४ | ८० |

माथिको तालिका अनुसार संस्थागत विद्यालय अन्तर्गत ह्युरिष्टिक स्कुलका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा वर्णविन्यास क्षमताको विवरण प्रस्तुत गरिएको छ। उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ। जस अन्तर्गत प्रश्नोत्तर लेखनको वर्णविन्यासमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने २ जना विद्यार्थीले ४ अङ्क अर्थात ८० प्रतिशत अङ्क प्राप्त गरेका छन। मध्यम श्रेणीमा ७ जना विद्यार्थीले २.५ देखि ३.५ सम्म अङ्क अर्थात ५० देखि ७०

प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ६ जना विद्यार्थीले २ अर्थात ४० प्रतिशत प्राप्ताङ्क प्राप्त गरेका छन् ।

यसरी उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी न्यून मात्रामा रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी बढी रहेका छन् । सामान्य श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कम रहेका छन् । यसर्थ मध्यम श्रेणीको अङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले प्रश्नोत्तर लेखनमा विद्यार्थीको वर्णविन्यास क्षमता मध्यम स्तरको रहेको छ ।

### ४.१.४ **वाक्यविन्यास** (**पूर्णाङ्क १०**)

वाक्य एक शब्द र अर्को शब्द बीचको मिलन भई अर्थयुक्त गर्दछ । वाक्यमा पद, पदावली र क्रियासँग सम्बन्ध भई एक अर्काको भूमिका देखाइएको पाइन्छ । वाक्य अन्तर सम्बन्धित हुनु पर्दछ । अर्थयुक्त भएन भने वाक्यको प्रयोगमा अर्थ हुँदैन । यसर्थ यस अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता पहिचान गर्नका लागि वाक्य गठनलाई पूर्णाङ्क १० निर्धारण गरी ७ देखि ९ प्राप्ताङ्क ल्याउने विद्यार्थीलाई उत्तम, ५ देखि ६ प्राप्ताङ्क ल्याउने विद्यार्थीलाई मध्यम र १ देखि ४ प्राप्ताङ्क ल्याउने विद्यार्थीलाई सामान्य श्रेणीमा विभाजन गरिएको छ । उक्त श्रेणीका आधारमा विद्यार्थीको प्राप्ताङ्कलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

#### (क) **श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा वाक्यविन्यास**

सामुदायिक विद्यालय अन्तर्गत श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतामा वर्णविन्यास सम्बन्धी प्राप्ताङ्कलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. १३

श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीको प्रश्नोत्तरमा वाक्यविन्यास

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सिर्जना चौधरी | मध्यम | १० | ५ | ५० |
| २ | सन्जु बस्याल | मध्यम | १० | ५ | ५० |
| ३ | आशिका शाही | उत्तम | १० | ७ | ७० |
| ४ | मञ्जु चौधरी | मध्यम | १० | ५.५ | ५५ |
| ५ | बन्दना वि.क. | उत्तम | १० | ७ | ७० |
| ६ | अनिल बुढा | मध्यम | १० | ५ | ५० |
| ७ | मेका शाही | मध्यम | १० | ५ | ५० |
| ८ | सुनिता शाही | सामान्य | १० | ४.५ | ४५ |
| ९ | विष्णु सुनार | उत्तम | १० | ७ | ७० |
| १० | मनिसा सिंह | सामान्य | १० | ४.५ | ४५ |
| ११ | सुसिला थापा मगर | मध्यम | १० | ५ | ५० |
| १२ | बालिका आले | उत्तम | १० | ७ | ७० |
| १३ | जानकी चौधरी | सामान्य | १० | ४.५ | ४५ |
| १४ | सिमरन बस्याल | उत्तम | १० | ७ | ७० |
| १५ | मञ्जिता रजाली मगर | सामान्य | १० | ४ | ४० |

माथिको तालिका अनुसार सामुदायिक विद्यालय अन्तर्गत श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा वाक्य विन्यास क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनमा वाक्यविन्यासमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी ५ जनाले ७ अङ्क अर्थात ७० प्रतिशत प्राप्त गरेका छन् । त्यसैगरी मध्यम श्रेणीमा ६ जना विद्यार्थीले ५

देखि ५.५ अङ्क अर्थात ५० देखि ५५ प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ४ जना विद्यार्थीले ४ अङ्क अर्थात ४० प्रतिशत प्राप्त गरेका छन् । यस आधारमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कम रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेका छन् । सामान्य श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी न्यून मात्रामा रहेका छन् । यसर्थ मध्यम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी बढी भएकाले प्रश्नोत्तर लेखनमा वाक्यविन्यास लेखन क्षमता मध्यम स्तरको रहेको छ ।

**(ख) श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि.का विद्यार्थीको प्रश्नोत्तरमा वाक्यविन्यास**

सामुदायिक विद्यालय अन्तर्गत श्रीकृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा वाक्यविन्यास सम्बन्धी प्राप्ताङ्कलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. १४**

**श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि.का विद्यार्थीको प्रश्नोत्तरमा वाक्यविन्यास**

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मनोज आचार्य | मध्यम | १० | ५ | ५० |
| २ | हिक्मत थापा | उत्तम | १० | ७ | ७० |
| ३ | अनुप अर्याल | उत्तम | १० | ७ | ७० |
| ४ | कुशल कार्की | मध्यम | १० | ५.५ | ५५ |
| ५ | जीवन उपाध्याय | मध्यम | १० | ५ | ५० |
| ६ | सावित्रा बुढा | उत्तम | १० | ७ | ७० |
| ७ | रिया शाह | मध्यम | १० | ५.५ | ५५ |
| ८ | सुन्दर विष्ट | उत्तम | १० | ७ | ७० |
| ९ | यमुना वली | मध्यम | १० | ५ | ५० |
| १० | सञ्जय देवकोटा | मध्यम | १० | ५ | ५० |
| ११ | सुशिल रिजाल | उत्तम | १० | ७ | ७० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | दिव्यानी मल्ल | उत्तम | १० | ७ | ७० |
| १३ | निरुता हमाल | उत्तम | १० | ७ | ७० |
| १४ | डेकेन्द्र विष्ट | उत्तम | १० | ७ | ७० |
| १५ | पूजा बुढा | उत्तम | १० | ७ | ७० |

माथिको तालिका अनुसार सामुदायिक विद्यालय अन्तर्गत श्री कृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको वाक्यविन्यासमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी ९ जनाले ७ अङ्क अर्थात ७० प्रतिशत प्राप्त गरेका छन् । तयसैगरी मध्यम श्रेणीमा ६ जना विद्यार्थीले ५ देखि ५.५ अङ्क अर्थात ५० देखि ५५ प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कुनै पनि रहेका छैनन् ।

यसरी उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी बढी रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेका छन् । सामान्य श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कुनै पनि रहेका छैनन् । तसर्थ उत्तम श्रेणीमा विद्यार्थी सङ्ख्या बढी रहेकाले वाक्यविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता राम्रो रहेको छ ।

**(ख) डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वाक्यविन्यास**

संस्थागत विद्यालय अन्तर्गत डाइनामिक इङ्लिस बोर्डिङ स्कुलका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा वाक्यविन्यास सम्बन्धी प्राप्ताङ्कलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. १५

डाइनामिक इङ्लिस मिडियम बोर्डिङ स्कुलका विद्यार्थीको प्रश्नोत्तरमा वाक्यविन्यास

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सौगात सुनार | उत्तम | १० | ७ | ७० |
| २ | गणेश रोकाया | मध्यम | १० | ५ | ५० |
| ३ | उमेश खनाल | उत्तम | १० | ७ | ७० |
| ४ | शिव सारु | सामान्य | १० | ४ | ४० |
| ५ | खेमराज रोकाया | मध्यम | १० | ५.५ | ५५ |
| ६ | हिरासिंह रोकाय | सामान्य | १० | ४ | ४० |
| ७ | प्रकाश भण्डारी | उत्तम | १० | ७ | ७० |
| ८ | मन्जु सुनार | उत्तम | १० | ७ | ७० |
| ९ | विप्लपविक्रम शाही | उत्तम | १० | ७ | ७० |
| १० | तप्तराज सिंह | सामान्य | १० | ४ | ४० |
| ११ | सागर अधिकारी | मध्यम | १० | ५ | ५० |
| १२ | मोहन पौडेल | मध्यम | १० | ५.५ | ५५ |
| १३ | समीक्षा सुनार | सामान्य | १० | ४ | ४० |
| १४ | आशा शाही | उत्तम | १० | ७ | ७० |
| १५ | हिमानी वि.सी. | उत्तम | १० | ७ | ७० |

माथिको तालिका अनुसार संस्थागत विद्यालय अन्तर्गत डाइनामिक इङ्लिस मिडियम बोर्डिङका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको वाक्यविन्यासमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी ७ जना विद्यार्थीले ७ अङ्क अर्थात ७० प्रतिशत प्राप्त गरेका छन् । त्यसैगरी मध्यम श्रेणीमा ४ जनाले ५ देखि ५.५ अङ्क अर्थात ५०

प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ४ जना विद्यार्थीले ४ अङ्क अर्थात ४० प्रतिशत प्राप्त गरेका छन् ।

यसरी उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी बढी रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेका छन् । सामान्य श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी न्यून रहेका छन् । तसर्थ उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै रहेकाले वाक्यविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता सामान्य रहेको छ ।

### (ख) ह्युरिष्टिक स्कुलका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वाक्यविन्यास

संस्थागत विद्यालय अन्तर्गत ह्युरिष्टिक स्कुलका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखनमा वाक्यविन्यास सम्बन्धी प्राप्ताङ्कलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. १६**

**ह्युरिष्टिक स्कुलका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वाक्यविन्यास**

| क्र.सं. | विद्यार्थीको नाम | श्रेणी | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रकृति सापकोटा | उत्तम | १० | ७ | ७० |
| २ | सविना शाही | मध्यम | १० | ५ | ५० |
| ३ | अस्मिता शाही | उत्तम | १० | ७ | ७० |
| ४ | शिशिर राना | सामान्य | १० | ४ | ४० |
| ५ | भावना शाही | मध्यम | १० | ५ | ५० |
| ६ | हिमानी सापकोटा | उत्तम | १० | ७ | ७० |
| ७ | रेविका हमाल | उत्तम | १० | ७ | ७० |
| ८ | गणेश रावत | मध्यम | १० | ५.५ | ५५ |
| ९ | प्रिमन खाम्चा मगर | मध्यम | १० | ५ | ५० |
| १० | सुप्रिम सारु | मध्यम | १० | ५.५ | ५५ |
| ११ | दिपसागर शाही | उत्तम | १० | ७ | ७० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | पूजा बुढा | सामान्य | १० | ३ | ३० |
| १३ | जयन्ति बोहरा | सामान्य | १० | ४ | ४० |
| १४ | पुनम सोमै मगर | सामान्य | १० | ४ | ४० |
| १५ | सलिता घर्ती मगर | मध्यम | १० | ५ | ५० |

माथिको तालिका अनुसार संस्थागत विद्यालय अन्तर्गत ह्युरिष्टिक स्कुलका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनको विवरण प्रस्तुत गरिएको छ । उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतालाई उत्तम, मध्यम र सामान्य श्रेणीमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रश्नोत्तर लेखनको वाक्यविन्यासमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी ५ जनाले ७ अङ्क अर्थात ७० प्रतिशत प्राप्त गरेका छन् । त्यसैगरी मध्यम श्रेणीमा ६ जनाले ५ देखि ५.५ अङ्क अर्थात ५० देखि ५५ प्रतिशत प्राप्ताङ्क ल्याएका छन् । सामान्य श्रेणीमा ४ जना विद्यार्थीले ४ अङ्क अर्थात ४० प्रतिशत प्राप्त गर्ने विद्यार्थी रहेका छन् ।

यसरी उत्तम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेका छन् । मध्यम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै रहेका छन् । सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी न्यून रहेका छन् । यसर्थ मध्यम श्रेणीमा विद्यार्थी सङ्ख्या धेरै रहेकाले प्रश्नोत्तर लेखनको वाक्यविन्यास क्षमता मध्यम स्तरको रहेको छ ।

यसरी समग्रमा सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन अन्तर्गत यान्त्रिक पक्षका आधारमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या नभएको र सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीको स्तर कमजोर रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीको सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले यान्त्रिक पक्षका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता कमजोर रहेको छ ।

सामुदायिक विद्यालयमा मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले विषयगत ज्ञानका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको छ । संस्थागत

विद्यालयको मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले विषयगत ज्ञानका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको  पाइयो ।

सामुदायिक विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी थोरै रहेको देखिन्छ भने मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले वर्णविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको छ । संस्थागत विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कुनै पनि रहेका छैनन भने मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी  धेरै रहेकाले प्रश्नोत्तर लेखनमा विद्यार्थीको वर्णविन्यास क्षमता मध्यम स्तरको रहेको छ ।

सामुदायिक विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी बढी रहेको देखिन्छ । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेका छन् । यसर्थ वाक्यविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता राम्रो रहेको  छ । संस्थागत विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी बढी रहेका छन् र मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेकाले वाक्यविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता कमजोर रहेको छ ।

## ४.२ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनको तुलना

यस अध्ययनमा सुर्खेत जिल्ला वीरेन्द्रनगर अन्तर्गत रहेका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताका तुलनात्मक अध्ययनमा यान्त्रिक पक्ष, विषयगत ज्ञान, वर्णविन्यास र वाक्यविन्यासका आधारमा निम्नानुसार तुलनात्मक अध्ययन गरिएको छ :

### ४.२.१ यान्त्रिक पक्षको तुलना

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयका ३० जना र संस्थागत विद्यालयका ३० जना विद्यार्थीहरूको यान्त्रिक पक्षको आधारमा प्रश्नोत्तर लेखन क्षमताको तुलना निम्नानुसार गरिएको छः

तालिका नं. १७

**यान्त्रिक पक्षको तुलना**

| श्रेणी | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| उत्तम | - | - | ७ | २३.३३ |
| मध्यम | १४ | ४६.६६ | १६ | ५३.३३ |
| सामान्य | १६ | ५३.३४ | ७ | २३.३४ |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० |

माथि उल्लेखित तालिका अनुसार सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीको यान्त्रिक पक्षको तुलना गरिएको छ । जसमा उत्तम श्रेणीमा सामुदायिक विद्यालयका कुनै पनि विद्यार्थीहरू नरहेको देखिन्छ भने संस्थागत विद्यालयका ७ जना अर्थात २३.३३ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यस आधारमा उत्तम श्रेणीमा संस्थागत विद्यालयका विद्यार्थी बढी रहेका छन् । त्यसैगरी मध्यम श्रेणीमा सामुदायिक विद्यालयका विद्यार्थी १४ जना अर्थात ४६.६६ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका १६ जना अर्थात ५३.३३ प्रतिशत रहेको देखिन्छ । मध्यम श्रेणीका आधारमा संस्थागत विद्यालयको यान्त्रिक पक्ष राम्रो देखिन्छ । सामान्य श्रेणी अनुसार सामुदायिक विद्यालयका १६ जना अर्थात ५३.३४ प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयका सामुदायिक भन्दा कम ७ जना अर्थात २३.३४ प्रतिशत रहेका छन् ।

समग्र यान्त्रिक पक्षका आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू उत्तम र मध्यम श्रेणीमा बढी क्रमशः ७ जना अर्थात २३.३४ प्रतिशत र १६ जना अर्थात ५३.३३ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयको प्रश्नोत्तर लेखनमा यान्त्रिक पक्ष राम्रो रहेको छ ।

### ४.२.२ विषयगत ज्ञानको तुलना

यस अध्ययनमा दुई वटा सामुदायिक र दुई वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीमा सामुदायिक विद्यालयका ३० जना र संस्थागत विद्यालयका ३० जना

विद्यार्थीहरूको विषयगत ज्ञानको आधारमा प्रश्नोत्तर लेखन क्षमताको तुलना निम्नानुसार गरिएको छ:

**तालिका नं. १८**

**विषयगत ज्ञानको तुलना**

| श्रेणि | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| उत्तम | ५ | १६.६६ | ९ | ३०.० |
| मध्यम | २० | ६६.६७ | १३ | ४३.३४ |
| सामान्य | ५ | १६.६७ | ८ | २६.६६ |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० |

माथि उल्लेखित तालिका अनुसार सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीको विषयगत ज्ञानको तुलना गरिएको छ । जसमा उत्तम श्रेणीमा सामुदायिक विद्यालयका ५ जना विद्यार्थीहरू रहेका छन भने संस्थागत विद्यालयका ९ जना अर्थात ३० प्रतिशत विद्यार्थीहरू रहेका छन् । यस आधारमा उत्तम श्रेणीमा संस्थागत विद्यालयका विद्यार्थी बढी रहेका छन् । त्यसैगरी मध्यम श्रेणीमा सामुदायिक विद्यालयका २० जना अर्थात ६६.६७ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका १३ जना अर्थात ४३.३४ प्रतिशत रहेको देखिन्छ । मध्यम श्रेणीका आधारमा प्रश्नोत्तर लेखनमा सामुदायिक विद्यालयका विद्यार्थीको विषयगत ज्ञान राम्रो रहेको छ । सामान्य श्रेणी अनुसार सामुदायिक विद्यालयका ५ जना अर्थात १६.६७ प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयका सामुदायिक भन्दा बढी ८ जना अर्थात २६.६६ प्रतिशत रहेका छन् ।

प्रश्नोत्तर लेखनमा विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू उत्तम श्रेणीमा बढी क्रमश: ९ जना अर्थात ३० प्रतिशत रहेकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको विषयगत ज्ञानका आधारमा प्रश्नोत्तर लेखन क्षमता राम्रो रहेको छ ।

### ४.२.३ वर्णविन्यासको तुलना

यस अध्ययनमा वीरेन्द्रनगर नगरपालिका अन्तर्गत रहेका दुई वटा सामुदायिक र दुई वटा संस्थागत विद्यालयका  कक्षा आठमा अध्ययनरत विद्यार्थीमा सामुदायिक विद्यालयका ३० जना र संस्थागत विद्यालयका ३० जना विद्यार्थीहरूको वर्णविन्यासको आधारमा प्रश्नोत्तर लेखन क्षमताको तुलना निम्नानुसार गरिएको छः

**तालिका नं. १९**

**वर्णविन्यासको तुलना**

| श्रेणि | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| उत्तम | ५ | १६.६६ | ४ | १३.३४ |
| मध्यम | १४ | ४६.६७ | १५ | ५०.० |
| सामान्य | ११ | ३६.६७ | ११ | ३६.६६ |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० |

माथि उल्लेखित तालिका अनुसार सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीको वर्णविन्यासको तुलना गरिएको छ। जसमा उत्तम श्रेणीमा सामुदायिक विद्यालयका ५ जना अर्थात १६.६६ प्रतिशत विद्यार्थीहरू रहेका छन  भने संस्थागत विद्यालयका ४ जना अर्थात १३.३४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यस आधारमा उत्तम श्रेणीमा सामुदायिक विद्यालयका विद्यार्थी बढी रहेका छन् । त्यसैगरी मध्यम श्रेणीमा सामुदायिक विद्यालयका १४ जना अर्थात ४६.६७ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका १५ जना अर्थात ५० प्रतिशत रहेका छन् । मध्यम श्रेणीका आधारमा संस्थागत विद्यालयको वर्णविन्यास राम्रो रहेको छ। सामान्य श्रेणीमा सामुदायिक विद्यालयका ११ जना अर्थात ३६.६६ प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयका सामुदायिक भन्दा बढी ११ जना अर्थात ३६.६७ प्रतिशत रहेका छन् । समग्र वर्णविन्यासका आधारमा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू उत्तम श्रेणीमा बढी ५ जना अर्थात १६.६६ प्रतिशत रहेकाले संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयको प्रश्नोत्तर लेखन वर्णविन्यास क्षमता राम्रो रहेको छ।

### २.२.४ वाक्यविन्यासको तुलना

यस अध्ययनमा वीरेन्द्रनगर नगरपालिका अन्तर्गत रहेका दुई वटा सामुदायिक र दुई वटा संस्थागत विद्यालयका  कक्षा आठमा अध्ययनरत विद्यार्थीमा सामुदायिक विद्यालयका ३० जना र संस्थागत विद्यालयका ३० जना विद्यार्थीहरूको वाक्यविन्यासको आधारमा प्रश्नोत्तर लेखन क्षमताको तुलना निम्नानुसार गरिएको छः

**तालिका नं. २०**

**वाक्यविन्यासको तुलना**

| श्रेणि | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| उत्तम | १५ | ५०.० | १२ | ४०.० |
| मध्यम | ११ | ३६.६७ | ६ | २०.० |
| सामान्य | ४ | १३.३३ | १२ | ४०.० |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० |

माथि उल्लेखित तालिका अनुसार सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीको वाक्यविन्यासको तुलना गरिएको छ । जसमा उत्तम श्रेणीमा सामुदायिक विद्यालयका १५ जना अर्थात ५० प्रतिशत विद्यार्थीहरू रहेका छन  भने संस्थागत विद्यालयका १२ जना अर्थात ४० प्रतिशत विद्यार्थीहरू रहेका छन् । यस आधारमा उत्तम श्रेणीमा सामुदायिक विद्यालयका विद्यार्थी बढी रहेका छन् । त्यसैगरी मध्यम श्रेणीमा सामुदायिक विद्यालयका ११ जना अर्थात ३६.६७ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका ६ जना अर्थात २० प्रतिशत रहेका छन् । मध्यम श्रेणीका आधारमा सामुदायिक विद्यालयको वाक्यविन्यास राम्रो देखिन्छ । सामान्य श्रेणी अनुसार सामुदायिक विद्यालयका ४ जना अर्थात १३.३३ प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयका १२ जना अर्थात २० प्रतिशत रहेका छन् । समग्र वाक्य विन्यासका आधारमा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू उत्तम श्रेणीमा बढी १५ जना अर्थात ५० प्रतिशत रहेकाले संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयको प्रश्नोत्तर लेखनमा वाक्यविन्यास क्षमता राम्रो रहेको छ ।

### २.२.५ समग्र क्षेत्रका आधारमा प्रश्नोत्तर लेखन क्षमता

सामुदायिक र संस्थागत विद्यालयका जम्मा ६० जना विद्यार्थीहरुको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनमा निर्धारित क्षेत्रका आधारमा प्राप्त प्राप्ताङ्कलाई निम्नानुसार उल्लेख गरिएको छ :

तालिका नं. : २१

**समग्र क्षेत्रका आधारमा प्रश्नोत्तर लेखन क्षमता**


| क्षेत्र | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| यान्त्रिक पक्ष | ७० | १४.५२ | ८५ | १७.५६ |
| विषयगत ज्ञान | १५७ | ३२.५७ | १५३.५ | ३१.७१ |
| वर्णविन्यास | ७८ | १६.१८ | ७८.५ | १६.२२ |
| वाक्य विन्यास | १७७ | ३६.७२ | १६७ | ३४.५० |
| जम्मा | ४८२ | १००.०० | ४८४ | १००.०० |

माथिको तालिका अनुसार सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमा यान्त्रिक पक्षका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको जम्मा प्राप्ताङ्क ७० जना अर्थात १४.५२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीको जम्मा प्राप्ताङ्क ८५ अर्थात १७.५६ प्रतिशत रहेको छ । विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको जम्मा १५७ रहेको छ । जसको प्रतिशत ३२.५७ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीको १५३.५ रहेको छ जसको प्रतिशत ३१.७१ हुन आउँछ । यस क्षेत्रमा संस्थगत विद्यालयको अवस्था कमजोर रहेको छ । वर्णविन्यासका आधारमा हेर्दा सामुदायिक विद्यालयको जम्मा प्राप्ताङ्क ७८ रहेको छ जसको प्रतिशत १६.१८ रहेको छ र संस्थागत विद्यालयका विद्यार्थीको ७८.५ प्राप्ताङ्कमा १६.२२ प्रतिशत हुन आउँछ। वाक्य विन्यासका आधारमा जम्मा सामुदायिक विद्यालयको प्राप्ताङ्क १७७ छ भने त्यसको प्रतिशत ३६.७२ रहेको छ  भने संथागत विद्यालयको १६७ प्राप्ताङ्कमा ३४.५० प्रतिशत रहेको छ ।

यसरी हेर्दा सामुदायिक विद्यालयको प्रश्नोत्तर लेखनमा यान्त्रिक पक्षमा संस्थागत विद्यालयको राम्रो रहेको छ भने विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयको राम्रो रहेको छ । वर्णविन्यासका आधारमा सामुदायिक भन्दा संस्थागत विद्यालयको खासै अन्तर रहेको देदैन भने संस्थागत विद्यालय थारैले मात्र बढी रहेको छ । भने वाक्य विन्यासमा सामुदायिक विद्यालयको प्रश्नोत्तर लेखन राम्रो रहेको छ । माथि उल्लेखित तथ्याङ्कलाई अझ स्पष्ट पार्न निम्नानुसार स्तम्भचित्रमा देखाइएको छ ।

चित्र नं. १

**समग्र क्षेत्रका आधारमा प्रश्नोत्तर लेखन क्षमता**




## ४.३ प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको निराकरण

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमताको अध्ययनमा विद्यार्थीको भाषिक क्षेत्रमा लेखनका क्रममा देखिएका त्रुटि निराकरणका लागि निम्न उपाय अपनाउन सकिन्छ :

- यान्त्रिक पक्षका आधारमा विद्यार्थीले प्रश्नोत्तर लेखनको प्राविधिक पक्षको बारेमा अभ्यासात्मक कार्य गरी परीक्षा हुनुभन्दा अगाडि अभ्यास गरिनुपर्ने ।
- विषयवस्तुको आधारमा विद्यार्थीहरूलाई शिक्षणका क्रममा स्पष्ट हुने गरी शिक्षण गरिनु पर्ने र कक्षा दोहोऱ्याए शिक्षण गरिनु पर्ने ।
- वर्णविन्यासगत त्रुटि निराकरण गर्नका लागि भाषिक त्रुटिका बारेमा स्पष्ट रुपमा ज्ञान र सो अध्ययन गर्न लगाउनु पर्ने ।
- भाषिक ज्ञान लेखनमा गर्ने त्रुटि निराकरणका लागि विद्यार्थीको भाषिक क्षेत्रलाई वृद्धि हुने गरी सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमता वृद्धि हुने गरी शिक्षण गरिनु पर्ने ।
- वाक्यविन्यासमा गरिएका कमजोरी हटाउन विद्यार्थीलाई वाक्य लेखनमा अभ्यासात्मक कार्यक्रम र शिक्षण गरिनुका साथै वाक्यमा पद पदावली र संगती मिलाएर लेख्ने कार्यमा निरन्तरता दिनुपर्ने ।

## सारांश

यसरी समग्रमा सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन अन्तर्गत यान्त्रिक पक्षका आधारमा उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या नभएको र सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीको स्तर कमजोर रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीको सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले यस यान्त्रिक पक्षका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता कमजोर रहेको पाइयो । सामुदायिक विद्यालयमा मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले यस विषयगत ज्ञानका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको पाइयो । संस्थागत विद्यालयको मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले यस विषयगत ज्ञानका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको पाइयो । सामुदायिक विद्यालयका उत्तम श्रेणीको अङ्क कुनै पनि विद्यार्थीले प्राप्त गरेका छैनन । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेकाले वर्णविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता कमजोर स्तरको रहेको

पाइयो । संस्थागत विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने कुनै पनि विद्यार्थी रहेका छैनन । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले प्रश्नोत्तर लेखनमा विद्यार्थीको वर्णविन्यास क्षमता मध्यम स्तरको रहेको पाइयो । सामुदायिक विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी बढी रहेको देखिन्छ भने मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेकाले वाक्यविन्यासमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता राम्रो रहेको छ । संस्थागत विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी बढी रहेका छन् । मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेकाले वाक्यविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता राम्रो रहेको छ ।

# अध्याय : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

यस शोध अध्ययनमा सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूले प्रश्नोत्तर लेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनमा सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको पहिचान गर्नु, कक्षा आठमा अध्ययनरत विद्यार्थीले प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको तुलनात्मक विश्लेषण गर्नु, कक्षा आठमा अध्ययनरत विद्यार्थीले प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको निराकरणका लागि सुझाव दिनु उद्देश्यमा केन्द्रित गरिएको छ । प्रस्तुत शोध अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्रश्नेत्तर लेखनमा गर्ने त्रुटिको अध्ययनमा केन्द्रित छ । यस अध्ययनमा दुई वटा सामुदायिक विद्यालय र दुई वटा संस्थागत विद्यालयमा अध्ययनरत जम्मा ६० जना विद्यार्थीहरूको यान्त्रिक पक्ष, विषयगत ज्ञान, वर्णविन्यास र वाक्यगठनको आधारमा प्रश्नोत्तर लेखन क्षमताको अध्ययन गरिएको छ । उक्त क्षेत्रहरूका आधारमा प्रश्नावली निर्माण गरी प्रश्नावली परीक्षणबाट प्राप्त प्राप्ताङ्कलाई विभिन्न उत्तम, मध्य र सामान्य श्रेणी निर्धारण गरी विश्लेषणका आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ :

**प्रश्नोत्तर लेखनको अवस्था सम्बन्धी निष्कर्ष**

१. यस अध्ययनमा समावेश गरिएका जम्मा २ वटा सामुदायिक र २ वटा संस्थागत गरी जम्मा चार वटा विद्यालयका जम्मा ६० जना विद्यार्थीहरुको प्रश्नोत्तर लेखन क्षमता पहिचानका लागि नमुना छनोट गरिएका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुलाई ३० पूर्णाङ्कको प्रश्नावली निर्माण गरिएको छ । कक्षा आठमा अध्ययनर विद्यार्थीहरुको प्रश्नोत्तर लेखनका लागि छुट्टाछुट्टै परीक्षा लिई सोधिएको प्रश्नावलीका आधारमा उत्तरपुस्तिका परीक्षण गरिएको छ । विद्यालयमा गई विद्यार्थीको प्रश्नावलीमा प्रश्नोत्तर लेखनका क्षेत्रहरु यान्त्रिक पक्ष ५, विषयगत ज्ञान १०, वर्णविन्यासमा ५ र

वाक्य विन्यासमा १० पूर्णाङ्क निर्धारण गरी मूल्याङ्कन गरिएको छ । उक्त मूल्याङ्कनका आधारमा प्राप्ताङ्क दिई विद्यार्थीको स्तर निर्धारण गरिएको छ ।

२. यान्त्रिक पक्षका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या नभएको र सामान्य स्तरको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीको स्तर कमजोर रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीको उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने ५ जनाले ४ अङ्क अर्थात ८० प्रतिशत ल्याएको देखिन्छ र सामान्य श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले यस यान्त्रिक पक्षका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता कमजोर रहेको छ ।

३. विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने ३ जनाले ७ अङ्क अर्थात ७० प्रतिशत ल्याएको देखिन्छ भने मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले विषयगत ज्ञानका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम स्तरको रहेको छ । संस्थागत विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने ८ जनाले ७ अङ्क अर्थात ७० प्रतिशत ल्याएको देखिन्छ भने मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी धेरै रहेकाले विषयगत ज्ञानका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम रहेको छ ।

४. वर्णविन्यासमा सामुदायिक विद्यालयको उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कुनै पनि रहेका छैनन् भने मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी १६ जना रहेकाले यस वर्णविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता कमजोर रहेको छ । संस्थागत विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी कुनै पनि रहेका छैनन् भने मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी १३ जना रहेकाले प्रश्नोत्तर लेखनमा विद्यार्थीको वर्णविन्यास क्षमता मध्यम स्तरको रहेको छ ।

५. वाक्य विन्यासका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी बढी रहेका छन् भने मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेका छन् । वाक्यविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता राम्रो रहेको छ । संस्थागत विद्यालयका उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी बढी रहेका छने भने

मध्यम श्रेणीको प्राप्ताङ्क ल्याउने विद्यार्थी कम रहेकाले वाक्यविन्यासका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता रामो रहेको छ ।

**प्रश्नोत्तर लेखनको तुलनात्मक अध्ययन सम्बन्धी निष्कर्ष**

१. यान्त्रिक पक्षका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीमा कुनै पनि विद्यार्थी रहेका छैनन भने संस्थागत विद्यालयका ७ जना अर्थात २३.३३ प्रतिशत रहेका छन् । मध्यम श्रेणीमा सामुदायिक विद्यालयका १४ जना अर्थात ४६.६६ प्रतिशत र संस्थागत विद्यालयका १६ जना अर्थात ५३.३३ प्रतिशत रहेका छन् । सामान्य श्रेणीमा सामुदायिक विद्यालय १६ जना अर्थात ५३.३४ प्रतिशत र संस्थागत विद्यालयका ७ जना अर्थात २३.३३ प्रतिशत विद्यार्थी रहेका छन् । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा यान्त्रिक पक्ष राम्रो रहेको छ ।

२. विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीमा ५ जना अर्थात १६.६६ प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयका ९ जना अर्थात ३० प्रतिशत रहेका छन् । मध्यम श्रेणीमा सामुदायिक विद्यालयका २० जना अर्थात ६६.६७ प्रतिशत र संस्थागत विद्यालयका १३ जना अर्थात ४३.३४ प्रतिशत रहेका छन् । सामान्य श्रेणीमा सामुदायिक विद्यालय ५ जना अर्थात १६.६७ प्रतिशत र संस्थागत विद्यालयका ८ जना अर्थात २६.६६ प्रतिशत विद्यार्थी रहेका छन् । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा विषयगत ज्ञान राम्रो रहेको छ ।

३. वर्णविन्यासका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीमा ५ जना अर्थात १६.६६ प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयका ४ जना अर्थात १३.३४ प्रतिशत रहेका छन् । मध्यम श्रेणीमा सामुदायिक विद्यालयका १४ जना अर्थात ४६.६७ प्रतिशत र संस्थागत विद्यालयका १५ जना अर्थात ५० प्रतिशत रहेका छन् । सामान्य श्रेणीमा सामुदायिक विद्यालय ११ जना अर्थात ३६.६७ प्रतिशत र संस्थागत विद्यालयका ११ जना अर्थात ३६.६६ प्रतिशत विद्यार्थी रहेका छन् । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वर्णविन्यास क्षमता राम्रो रहेको छ ।

४. वाक्यविन्यासका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीमा १५ जना अर्थात ५० प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयका १२ जना अर्थात ४० प्रतिशत रहेका छन् । मध्यम श्रेणीमा सामुदायिक विद्यालयका ११ जना अर्थात ३६.६७ प्रतिशत र संस्थागत विद्यालयका मध्यम श्रेणीमा ६ जना अर्थात २० प्रतिशत रहेका छन् । सामान्य श्रेणीमा सामुदायिक विद्यालय ४ जना अर्थात १३.३३ प्रतिशत र संस्थागत विद्यालयका १२ जना अर्थात ४० प्रतिशत विद्यार्थी रहेका छन् । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वाक्यविन्यास क्षमता कमजोर रहेको छ ।

५. समग्रमा तुलना गर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमा यान्त्रिक पक्षका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको जम्मा प्राप्ताङ्क ७० जना अर्थात १४.५२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीको जम्मा प्राप्ताङ्क ८५ अर्थात १७.५६ प्रतिशत रहेको छ । विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको जम्मा १५७ रहेको छ । जसको प्रतिशत ३२.५७ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीको १५३.५ रहेको छ जसको प्रतिशत ३१.७१ हुन आउँछ । यस क्षेत्रमा संस्थगत विद्यालयको अवस्था कमजोर रहेको छ । वर्णविन्यासका आधारमा हेर्दा सामुदायिक विद्यालयको जम्मा प्राप्ताङ्क ७८ रहेको छ जसको प्रतिशत १६.१८ रहेको छ र संस्थागत विद्यालयका विद्यार्थीको ७८.५ प्राप्ताङ्कमा १६.२२ प्रतिशत हुन आउँछ । वाक्य विन्यासका आधारमा जम्मा सामुदायिक विद्यालयको प्राप्ताङ्क १७७ छ भने त्यसको प्रतिशत ३६.७२ रहेको छ भने संथागत विद्यालयको १६७ प्राप्ताङ्कमा ३४.५० प्रतिशत रहेको छ ।

यसरी हेर्दा सामुदायिक विद्यालयको प्रश्नोत्तर लेखनमा यान्त्रिक पक्षमा संस्थागत विद्यालयको राम्रो रहेको छ भने विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयको राम्रो रहेको छ । वर्णविन्यासका आधारमा सामुदायिक भन्दा संस्थागत विद्यालयको खासै अन्तर रहेको देखिँदैन भने संस्थागत विद्यालय थारैले मात्र बढी रहेको छ । भने वाक्य विन्यासमा सामुदायिक विद्यालयको प्रश्नोत्तर लेखन राम्रो रहेको छ ।

प्रश्नोत्तर लेखनका त्रुटि निराकरण सम्बन्धी निष्कर्ष

१. यान्त्रिक पक्षका आधारमा विद्यार्थीले प्रश्नोत्तर लेखनका लागि प्राविधिक पक्षको बारेमा दिन अभ्यासात्मक कार्य गरी परीक्षा हुनुभन्दा अगाडि अभ्यास गरिनुपर्ने ।
२. विषयवस्तुको आधारमा विद्यार्थीहरूलाई शिक्षणका क्रममा स्पष्ट हुने गरी शिक्षण गरिनु पर्ने र कक्षा दोहोर्‍याएर शिक्षण गरिनु पर्ने ।
३. वर्णविन्यासगत त्रुटि निराकरण गर्नका लागि भाषिक त्रुटिका बारेमा स्पष्ट रुपमा ज्ञान र सो अध्ययन गर्न लगाउनु पर्ने ।
४. भाषिक ज्ञान लेखनमा गर्ने त्रुटि निराकरणका लागि विद्यार्थीको भाषिक क्षेत्रलाई वृद्धि हुने गरी सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमता वृद्धि हुने गरी शिक्षण गरिनु पर्ने ।
५. वाक्यविन्यासमा गरिएका कमजोरी हटाउन विद्यार्थीलाई वाक्य लेखनमा अभ्यासात्मक कार्यक्रम र शिक्षण गरिनुका साथै वाक्यमा पद पदावली र संगती मिलाएर लेख्ने कार्यमा निरन्तरता दिनुपर्ने ।

## ५.२ सुझाव

यस अध्ययनमा समावेश गरिएका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमताका क्रममा देखिएका कमजोरी र भावी शोधकर्ताका लागि निम्नानुसार नीतिगत, कार्यगत, र भावी अनुसन्धानमूलक सुझाव निम्नानुसार दिइएको छ :

### ५.२.१ नीतिगत तह

१. भाषाका चार सीपमध्ये लेखाइ सीप महत्त्वपूर्ण भएकाले यसलाई जोड दिई पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्ने नीति बनाइनु पर्ने ।

२. नेपाली भाषालाई शुद्ध, सरल र व्यावहारिक रूपमा प्रयोग गर्न गराउनको लागि तालिम र प्रशिक्षण दिने नीति बनाइनु पर्ने ।

३. शिक्षकलाई विभिन्न प्रश्नोत्तर लेखन सम्बन्धी तालिम प्रदान गरी त्यसको सही सदुपयोग गर्न गराउनको लागि नीति बनाई कार्यान्वयन गरिनु पर्ने ।

४. विषयगत शिक्षकको अभावमा भाषा शिक्षण जस्तो महत्वपूर्ण विषयलाई सामान्य ठानी जुनसुकै व्यक्तिले पढाउन सक्छन् भन्ने गलत धारणाले गर्दा विद्यार्थीहरूको लेखन क्षमता स्तर अनुसार विकास हुन नसकेको हुँदा प्रश्नोत्तर लेखनको अभ्यासलाई पाठ्यपुस्तकमा राख्ने नीतिगत व्यवस्था गरिनुपर्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

प्रस्तुत शोध अध्ययनमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अन्तर्गत रहेका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमतामा केन्द्रित रहेर गरिएको अध्ययन पछि निम्नलिखित कार्यगत सुझाव प्रस्तुत गरिएको छ :

१. यान्त्रिक पक्षका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या नभएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरुमा प्रश्नोत्तर लेखन कार्यकलाप गराइनुपर्ने ।

२. विषयगत ज्ञानका आधारमा सामुदायिक विद्यालयको उत्तम श्रेणीको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या नरहेकाले पर्याप्त मात्रामा विषयगत ज्ञानका आधारमा प्रश्नोत्तर लेखनको अभ्यास गराइनुपर्ने ।

३. वर्णविन्यासमा सामुदायिक विद्यालयका विद्यार्थीको शैक्षिक स्थिति कमजोर रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरुमा वर्णविन्यास शिक्षणमा बढी जोड दिनुपर्ने ।

४. पाठ्यक्रममा समावेश गरिएका अभ्यासहरूमा मात्र सीमित नरही अध्ययनबाट लेखन सीपका भाषिक शुद्धताप्रति सचेत गर्दै अभ्यासात्मक कार्यकलापमा थप अभ्यास गराइनु पर्ने ।

५. सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुमा प्रश्नोत्तर लेखनको ढाँचा, तौरतरिका सम्बन्धी कमजोर रहेकाले प्रश्नोत्तर लेखनको तौरतरिका र ढाँचा अनुकूल अभ्यास गराइ लेखन कार्य गराइनु पर्ने ।

६. तालिमप्राप्त, दक्ष र विषयशिक्षकद्वारा शिक्षक निर्देशिका र भाषा शिक्षणका विधिको प्रयोग गरी विद्यार्थीहरूलाई सक्रिय बनाई प्रशस्त मात्रामा प्रश्नोत्तर लेखनका कार्यकलाप गराउनु पर्ने ।

७. सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरु प्रश्नोत्तर लेखनमा तार्किक, मौलिक, रचनात्मक, सङ्क्षिप्ता र सिर्जनात्मक क्षमतामा कमजोर रहेकाले भाषिक सीपका आधारमा प्रश्नोर लेखन कार्यको विकास गर्न कार्यकलाप गरिनु पर्ने ।

८. प्रश्नोत्तर लेखनको महत्त्व, विधि, प्रक्रिया आदिबारे स्पष्ट जानकारी गराएर परीक्षा अगाडि नै प्रश्नोत्तर लेखन अभ्यास गराइनु पर्ने ।

९. लैंगिक आधारमा छात्रछात्राहरूको स्तर पहिचान गरी समानता मूलक स्तर वृद्धि गर्न प्रश्नोत्तर लेखन कार्यमा जोड दिनुपर्ने ।

१०. प्रश्नोत्तर लेखनको माध्यमबाट विद्यार्थीहरूमा बोध र अभिव्यक्ति क्षमताको वृद्धि हुने भएकाले सम्बन्धित क्षेत्रका शिक्षक, विद्यार्थी एवम् सबै विज्ञहरूलाई लेखन सम्बन्धी जानकारी र अभ्यासका लागि प्रोत्साहित गरिनुपर्ने ।

### ५.२.३ अनुसन्धानात्मक तह

१. कक्षा आठका विद्यार्थीहरुको प्रश्नोत्तर लेखन को यान्त्रिक र सफाइसँग सम्बन्धित शोध गर्नुपर्ने ।

२. माध्यमिक तहका विद्यार्थीहरुको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन गर्नुपर्ने ।

३. आधारभूत तहका विद्यार्थीहरुको हस्तलेखन, अनुलेखन सम्बन्धी अध्ययन गर्नुपर्ने ।

४. आधारभूत तहका विद्यार्थीहरुको प्रश्नोत्तर लेखन क्षमता सम्बन्धी थप अध्ययन हुनुपर्ने ।

## ५.३ भावी अनुसन्धानका शोध शीर्षक

अनुसन्धान निरन्तर भइरहने प्रक्रिया हो । व्यक्तिले अनुसन्धानको क्रममा निश्चित विषयवस्तुलाई आधार बनाई अध्ययन गरी समस्या समाधान गर्ने प्रयास गरेको हुन्छ । जुन विषयसँग सम्बन्धित सबै पक्षको अध्ययन गर्न सकेको पनि हुँदैन भने त्यससँग सम्बन्धित अन्य

पक्ष र सत्यतथ्य खोजी गर्न सम्बन्धित अन्य शीर्षक रहेका हुन्छन् । प्रस्तुत अध्ययनसँग सम्बन्धित केही भावी अनुसन्धानात्मक शीर्षक निम्नानुसार रहेका छन् :

१. कक्षा ९ मा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता ।

२. कक्षा १२ मा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखनमा गर्ने त्रुटिको अध्ययन ।

३. सुर्खेत जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता ।

४. आधारभूत तहमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता ।

# सन्दर्भ ग्रन्थसूची

(क) पुस्तक सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण तथा केही परीप्रेक्ष्य तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र अधिकारी, बालकृष्ण (२०७४), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

खनाल, पेशल र अन्य (२०७४),*शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

जबरा, स्वयम्प्रकाश र अन्य (२०६८), *पाठ्यक्रम तथा मूल्याङ्कन (दोस्रो संस्क.),* काठमाडौं : पिनाकल पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गा प्रसाद (२०७२),*नेपाली भाषा शिक्षण,* काठमाडौं : एम.के.पब्सिर्स एण्ड डिस्ट्रिव्युटर्स ।

निउरे, ध्रुवप्रसाद (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७२), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषिक मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७३),*प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* भोटाहिटी, काठमाडौं : हेरिटेज पब्लिसर्स ।

भुसाल, केशव र भट्ट, महेशप्रसाद (२०७४), *निम्न माध्यमिक शिक्षक मार्गदर्शिका,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७४), *नेपाली वर्णविन्यास नियम, समस्या र समाधान,* काठमाडौं : आठराई पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), भाषिक मूल्याङ्कन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

..., ... (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सिंह, नागेश्वर (२०६९), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : पैरवी प्रकाशन ।

(ख) **शोधपत्र सूची**

अधिकारी, दिपक (२०७५), *कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषामा गर्ने भाषिक त्रुटिको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेत ।

कार्की, लालबहादुर (२०६९), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषा लेखनमा गर्ने वर्णविन्यास सम्बन्धी त्रुटिको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

खड्का, जीवन (२०७३), *कक्षा ९ मा अध्ययनरत विद्यार्थीको व्याकरणिक क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, म.प.वि., सुर्खेत ।

दौल्याल, दीलेन्द्र (२०६४), कञ्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत निबन्ध लेखन क्षमताको अध्ययन, स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

बोहरा, जयबहादुर (२०७२), *लिम्सा स्रोतकेन्द्र अन्तर्गत कक्षा सातमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षण समिति, म.प.वि.,सुर्खेत ।

वली, हिराबहादुर (२०६६), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले लेखनमा गर्ने त्रुटिको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।